# 'योगमाया' उपन्यासमा नारीवाद

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधार्थी
तारा कुमारी पौडेल
शैक्षिक सत्र : २०७२-२०७४
त्रि.वि. दर्ता नं. : ९-२-४३-४४१-२००९
परीक्षा क्रमाङ्क : १९००२१



त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन

वि.सं. २०७८/सन् २०२१

# प्रतिबद्धतापत्र

स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयअर्न्तगत दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका निम्ति तयार गरिएको प्रस्तुत ‘योगमाया उपन्यासमा नारीवाद’ शीर्षकको शोधपत्रमा मैले सन्दर्भ स्रोत खुलाई विभिन्न सामग्रीहरूको प्रयोग गरेको छु । यसमा समाविष्ट गरिएका अन्य प्रयोजनका लागि कुनै पनि लिखित वा विद्युतीय माध्यमहरूमा प्रकाशन वा प्रशारण गर्ने काम गरेको छैन । यस शोधपत्रमा प्रयोग भएका कुनै पनि सामग्रीहरूलाई मैले अनैतिक रूपबाट लिएको छैन भनी प्रतिबद्धता व्यक्त गर्दछु ।

..................................

तारा कुमारी पौडेल

मिति : २०७८/०४/०५

२० जुलाइ, २०२१

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
नेपाली विभाग

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी तारा कुमारी पौडेलले नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्र (५४०) को प्रयोजनका निम्ति प्रस्तुत गर्नुभएको 'योगमाया उपन्यासमा नारीवाद' शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

सह-प्रा. भवनाथ सडौला ____________
विभागीय प्रमुख हस्ताक्षर

उप-प्रा. रमेशकुमार श्रेष्ठ ____________
शोधनिर्देशक हस्ताक्षर

सह-प्रा.डा. एकनारायण पौड्याल ____________
बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७८/०४/१२
२७ जुलाइ, २०२१

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षमा अध्यनरत छात्रा तारा कुमारी पौडेलले स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्र (५४०) को प्रयोजनका लागि प्रस्तुत गर्नुभएको 'योगमाया उपन्यासमा नारीवाद' शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै मिहनेतपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यप्रति म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

................................

रमेशकुमार श्रेष्ठ

उपप्राध्यापक एवम् शोधनिर्देशक

नेपाली विभाग

वीरेन्द्र वहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०७८/०४/०५

२० जुलाइ, २०२१

# कृतज्ञताज्ञापन

'योगमाया उपन्यासमा नारीवाद' शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार गरिएको हो ।

यो शोधकार्य मैले आदरणीय गुरु उपप्राध्यापक श्री रमेशकुमार श्रेष्ठज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । शोधप्रस्ताव लेखन, परिमार्जनदेखि शोधकार्यलाई अन्तिम रूप प्रदान गर्ने कामसम्म उहाँले गर्नुभएको प्राज्ञिक निर्देशन मेरा लागि मूल्यवान् भएकाले उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । मलाई यो शोधकार्य गर्दा आवश्यक सैद्धान्तिक समस्या समाधान गर्न महत्त्वपूर्ण सुझाउ र परामर्श दिनुहुने आदरणीय गुरुहरू विभागीय प्रमुख सह-प्रा. भवनाथ सडौला, पूर्व विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटा, सह-प्रा. दामोदर रिजाल, प्रा.डा. ताराकान्त पाण्डेय, प्रा.डा. रमेशप्रसाद भट्टराईलगायत सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै यो सामग्री तयार हुँदासम्म विभिन्न स्रोत जुटाउन सहयोग गरिदिनुहुने सम्पूर्ण मित्रहरू, आफन्तजनहरूप्रति विषेश आभार व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयारीका क्रममा जजसका कृतिहरूलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ती तमाम विद्वान्हरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । मेरा श्रद्धेय आदरणीय बुबा टीकाराम पौडेल, आमा राधिका पौडेल, श्रद्धेय ससुराबुबा खिमराज त्रिपाठी, सासुआमा पार्वती देवी त्रिपाठी, श्रीमान् गजेन्द्र त्रिपाठी र आज्ञाकारी छोरा रौनक त्रिपाठीलाई शोधकार्य गर्नका लागि समय उपलब्ध गराईदिनु भएकोमा कृतज्ञ छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

..................................

तारा कुमारी पौडेल

मिति : २०७८/०४/०५

२० जुलाइ, २०२१

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| आवरण पृष्ठ | | |
| प्रतिबद्धतापत्र | | क |
| स्वीकृतिपत्र | | ख |
| शोधनिर्देशकको सिफारिस | | ग |
| कृतज्ञताज्ञापन | | घ |
| विषयसूची | | ङ |
| चिन्हप्रयोग तथा सङ्केताक्षरसूची | | छ |
| सङ्क्षेपीकृत शब्दसूची | | ज |
| **परिच्छेद एक : शोध परिचय** | | **१-१२** |
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ४ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | शोधको औचित्य, महत्त्व र उपयोगिता | १० |
| १.६ | सीमाङ्कन | १० |
| १.७ | शोधविधि | ११ |
| | १.७.१ सामग्री सङ्कलन विधि | ११ |
| | १.७.२ सामग्री सङ्कलनका साधन | ११ |
| १.८ | शोधपत्रको रूपरेखा | १२ |
| **परिच्छेद दुई : *योगमाया* उपन्यासमा नारीशक्तिसम्बन्ध** | | **१३-२८** |
| २.१ | विषयप्रवेश | १३ |
| २.२ | लैङ्गिक आधारमा समाजमा नारीशक्तिसम्बन्धको सैद्धान्तिक स्वरूप | १३ |

२.३ *योगमाया* उपन्यासमा नारीशक्तिसम्बन्धका आधारमा विश्लेषण १५
२.४ निष्कर्ष २८

**परिच्छेद तीन : *योगमाया* उपन्यासमा नारीपहिचान** **२९-४८**
३.१ विषयप्रवेश २९
३.२ नारीपहिचानको सैद्धान्तिक स्वरूप २९
३.३ *योगमाया* उपन्यासमा नारीपहिचानको विश्लेषण ३४
३.४ निष्कर्ष ४७

**परिच्छेद चार: *योगमाया* उपन्यासमा नारी उत्पीडनको सैद्धान्तिक स्वरूप** **४९-६६**
४.१ विषयप्रवेश ४९
४.२ नारी उत्पीडनको स्वरूप ४९
४.३ लैङ्गिक उत्पीडनका आधारमा विश्लेषण ५२
४.४ निष्कर्ष ६५

**परिच्छेद पाँच : साराशं र निर्ष्कष** **६७-७१**
५.१ विषयप्रवेश ६७
५.२ सारांश ६७
५.३ निर्ष्कष ६८
सन्दर्भ ग्रन्थसूची

# चिन्हप्रयोग तथा सङ्केताक्षरसूची

प्रस्तुत शोधपत्रमा अधोलिखित चिन्हप्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

## चिन्हप्रयोग

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा (उद्धरण चिन्ह) |
| ... | केही अंश छोडिएको (अपूर्णता चिन्ह) |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ! | विस्मयसूचक |
| ‘ ’ | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष (निर्देशक चिन्ह) |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा (कोष्ठक) |

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको सूची यसप्रकार छ :

| | | |
|---|---|---|
| इ.सं. | - | इस्वी संवत् |
| उप.प्रा. | - | उपप्राध्यापक |
| एम.ए. | - | मास्टर्स अफ आर्टस् |
| चौ.सं. | - | चौथो संस्करण |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| नं. | - | नम्बर |
| प्रा. | - | प्राध्यापक |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| पृ. | - | पृष्ठ |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| वि.सं. | - | विक्रम संवत् |
| सम्पा. | - | सम्पादक |
| संस्क. | - | संस्करण |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नीलम कार्की निहारिका (२०३१) नेपाली साहित्यका कविता, कथा र उपन्यासजस्ता विभिन्न विधामा कलम चलाउने नारी स्रष्टा हुन् । उनी २०५० सालमा *मौन जीवन* शीर्षकको उपन्यास लेखेर नेपाली साहित्यको क्षेत्रमा देखापरेकी हुन् । उनी साहित्यिक लेख-रचना तथा पुस्तकाकार कृतिहरूमा प्रेम र प्रणय एवम् भावुक विद्रोह, महिलाहरूले जीवनको कालखण्डमा सामाजिक, आर्थिक र राजनैतिक चौघेराभित्र कसरी आफूहरू पिल्सिनु परेको छ भन्ने कुरालाई सशक्त ढङ्गले उजागर गर्नसक्ने क्षमता भएकी एक नारी स्रष्टा हुन् । यसैले उनी महिला मुक्तिवादी साहित्य सृजना गर्ने साहित्यकारका रूपमा नेपाली साहित्यिक फाँटमा आफूलाई स्थापित गर्न सफल बनेकी छिन् । उनका औपन्यासिक कृतिहरूमा *नियतिको खेल* (सन् १९७७), *अर्की आइमाई* (सन् २०१४), *चिरहरण* (सन् २०१६), *योगमाया* (सन् २०१८) रहेका छन् । उपन्यासका साथै साहित्यका विभिन्न विधामा उत्तिकै सशक्त रूपमा कलम चलाउने निहारिकाका अन्य महत्त्वपूर्ण सिर्जना क्षेत्रअन्तर्गत कथा तथा कवितालेखन पनि पर्दछ । उनका *हवन* (सन् २००६, कथासङ्ग्रह), *नीलम कार्की निहारिकाका कविता-कथासङ्ग्रह* (सन् २००६), *कागजमा दस्तखत* (सन् २००७, कथासङ्ग्रह), *बेली* (सन् २०१२, कथासङ्ग्रह), त्रिचालिस कथा (सन् २०१९, कथासङ्ग्रह) र *मस्तिष्क ज्वरो* (सन् २००६, कवितासङ्ग्रह) रहेका छन् । उनका विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा समय-समयमा विभिन्न लेख-रचनाहरू प्रकाशित भइरहन्छन् ।

आजभन्दा एक सय बाउन्न वर्षअगाडि (वि.सं. १९२४) पूर्वी नेपालको भोजपुरमा जन्मिएकी योगमाया न्यौपाने सामाजिक आन्दोलनकर्ता हुन् । तत्कालीन अस्वथामा समाजको कठोर शासनप्रति विद्रोहको चरम स्वर उराल्ने क्रममा उनले संवत् १९९८ असार २२ गते शनिवार आफ्ना अनन्य भक्तहरूसमेतलाई समेटेर जलसमाधि लिएकी थिइन् । नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यास राणाकालमा समाजसुधारका लागि विद्रोह गरेकी भोजपुरकी तिनै महिला योगमायाका जीवनीमा आधारित भएर लेखिएको एक ऐतिहासिक उपन्यास हो । *योगमाया* उपन्यास फगत् एक उपन्यासमात्रै नभई इतिहासको पुनर्लेखन पनि

हो । राणाकालीन अवस्थ्यामा नारी मुक्तिका कुरा, सतीप्रथा, बालविवाह, उच-निच, जातजाति उन्मूलन, विधवाले पुनः बिहे गर्न पाउनु पर्छ भन्ने र राणा शासनको विरुद्धमा आवाज उठाउने वीरङ्गनाबारे लेखिएको उनको जीवनी हो (काजी, २०७६) । यस उपन्यासले २०७४ सालको मदन पुरस्कार प्राप्त गर्न सफल भएको छ । नेपाली साहित्यमा प्रतिष्ठित मानिने मदन पुरस्कार पाउने स्रष्टा कार्की चौथी महिला हुन् । निहारिकाको यो उपन्यास लैङ्गिक चेतनाका दृष्टिले समेत महत्त्वपूर्ण रहेको छ । उनको *योगमाया* उपन्यासमा नारी स्वतन्त्रता र नारी अधिकारका बारेमा आवाज उठाएको पाइन्छ । उनको यस उपन्यासको विभिन्न कोणबाट अध्ययन गर्न सकिने भए तापनि यस शोधमा नारीवादलाई केन्द्रमा राखी अध्ययन-विश्लेषण गरिएको छ । यसैले यस शोधको शीर्षक 'योगमाया उपन्यासमा नारीवाद" राखी लैङ्गिकताका दृष्टिकोणले अध्ययन गरिएको छ ।

*योगमाया* उपन्यासमा राणाकालिन ब्राह्मणवादी एवम् समाजको यथार्थ चित्रण गरिएको छ । जहानियाँ राणाशासनको समयमा नारीले समाजका के-कस्ता अन्याय र अत्याचारका श्रृङ्खलाहरू पार गर्नुपर्दथ्यो भन्ने कुरा यो उपन्यास पढेपछि छर्लङ्ग हुन्छ । महिलाहरूले छोराको जस्तो क्रियाकलाप गर्नु हुँदैन । महिलाहरू अर्काको घर जाने भएकाले उनीहरू दोस्रो दर्जाको नागरिक हुन् र समान दर्जा खोज्नु हुँदैन । उनीहरूले पुरुष सरह इज्जत, मान र मर्यादा खोज्नु हुँदैन भन्ने आजभन्दा एक सय बाउन्न वर्ष पहिलेको अवस्थाको चित्रण यस उपन्यासमा गरेकी छन् । तत्कालीन समयमा योगमायाले समाजमा चलाएका विभिन्न खाले सामाजिक सशक्तीकरणका अभियानहरू तत्कालीन राणाशासन एवम् ब्राह्मणवादी समाजले चलाएका महिला विरोधी सामाजिक व्यवस्थाको बारेमा रहेका छन् । महिलाहरूको मुक्तिको लागि योगमायाले अग्निकुण्डमा आत्मदाह गर्ने कुरा होस् वा सोवापत राणा सरकारले तोकेको जेल सजाय होस् यी सबै सामाजिक कुरीति, अन्याय र अत्याचारका विरुद्ध रहेका छन् । योगमायाले यी र यस्तै सामाजिक कुरीतिहरूलाई उखेलेर नफालेसम्म सारा नारी जगत्को भलो नहुने कुराको शङ्खघोष गर्नु यस उपन्यासको मूलमर्म र आशय रहेको छ, तसर्थ निहारिकाले उपन्यासकी मुख्य पात्र योगमायाका क्रियाकलापहरूलाई देखाउँदै समाजमा लैङ्गिक समानता नआएसम्म नारीहरूको मुक्ति नहुने कुरा नै यस उपन्यासको मुख्य विषयवस्तु रहेको छ ।

अङ्ग्रेजीको 'सेक्स' र 'जेन्डर' दुवै शब्दलाई नेपालीको 'लिङ्ग' शब्दद्वारा व्यक्त गरिन्छ । 'सेक्स' शब्दले प्राणी भाले वा पोथी वा के भनेर जैविक वर्गीकरण गर्दछ । यही

जैविक विभाजनको आधारमा जुन 'भालेपन' वा 'पोथीपन' को मूल्य र मान्यता समाजमा विकास भएको हुन्छ, त्यो 'जेन्डर' हो । यस अर्थमा जेन्डर सामाजिक अवधारणा हो । यसकारण 'जेन्डर' लाई 'सामाजिक लिङ्ग' भनेर परिभाषित गर्ने प्रयास पनि गरिएको छ । जसरी सेक्स भनेर भाले, पोथी र नपुंसक (तटस्थ अर्थात् तेस्रो) वर्गमा प्राणीहरूलाई बाँडिन्छ, त्यसै गरी जेन्डर पनि पुरुष, स्त्री र नपुंसक तीनै प्रकारका ठहरिन्छन् (लोहनी, २०७३) । परिवार, समुदाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा व्यक्तिले निर्वाह गर्ने विभिन्न भूमिका तथा जिम्मेवारीहरूमा हुने विभेद र भिन्नता लैङ्गिकताभित्र पर्दछन् । घरभित्रका कार्यहरू शिक्षा, रोजगारी, आर्थिक स्वामित्व, आत्म सुरक्षा, सामाजिक सुरक्षा, पारिवारिक जिम्मेवारी, नेतृत्व, जाति तथा थर परिवर्तन आदि सामाजिक सम्बन्धहरू नारीवादसँग सम्बन्धित छन् । यसैले नारीवाद भन्नाले नारीको सामाजिक, राजनीतिक, आर्थिक, व्यक्तिगत वा अन्य कुनै महत्त्वपूर्ण विषयमा पहुँच हुनुपर्छ भन्ने समूहगत विचार हो । विशेषतः नारीलाई शिक्षा र रोजगारमा अवसर प्रदान गर्नैपर्छ भन्ने नारीवादको मुख्य विषय हो । नारीवादी सिद्धान्तको उद्देश्य लैङ्गिक असमानताको प्रकृति र कारणहरूलाई सम्झिने र यसको फलस्वरूप जन्म लिने लैङ्गिक भेदभावको राजनीति र शक्ति सन्तुलनको सिद्धान्तहरू माथि यसको असरलाई व्याख्या गर्नु हो । यसर्थ नारीसँग सम्बन्धित सम्पूर्ण राजनीतिक मुद्दा, प्रजनन्सम्बन्धी हक र अधिकार, घरेलु हिंसा, मातृत्व अवकाश, भेदभाव र यौन हिंसामाथि यसको अस्तित्व रहेको हुन्छ । पाश्चात्य साहित्यमा सन् १९६० को दशकमा विकसित सांस्कृतिक अध्ययनमा नारीवादलाई महत्त्वका साथ उपयोग गर्ने गरिएको देखिन्छ । नारीवादका यिनै सन्दर्भलाई आधार बनाएर निहारिकाको उपन्यास योगमायाको अध्ययन गरिने छ । नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद र उत्पीडनका साथै पितृसत्तात्मक वर्चस्वले नारी र पुरुषको सम्बन्धमा पारेको प्रभाव उनको योगमाया उपन्यासमा विशिष्ट रूपले देखिन्छ । यसै कुरालाई दृष्टिगत गरी नीलम कार्कीद्वारा लिखित *योगमाया* उपन्यासमा नारीवादको अध्ययन गर्ने जमर्को अध्येताको रहेको छ ।

## १.२. समस्याकथन

प्रस्तुत शोधकार्य *योगमाया* उपन्यासमा नारीवादी अध्ययन र विश्लेषण गर्नु रहेको छ । यस उपन्यासमा लैङ्गिकताको विश्लेषणका लागि नारीशक्तिसम्बन्ध, नारीपहिचान र नारी उत्पीडनको अवस्थाको विश्लेषण गर्नु नै यस अध्ययनको मूल समस्या रहेको छ । यही आधारभूत समस्यालाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) *योगमाया* उपन्यासमा नारीशक्तिसम्बन्ध के-कस्तो रहेको छ ?

(ख) *योगमाया* उपन्यासमा नारीपहिचान कस्तो रहेको छ ?

(ग) *योगमाया* उपन्यासमा नारी उत्पीडनको स्वरूप कस्तो रहेको छ ?

यिनै समस्याहरूमा आधारित भएर प्रस्तुत शोधकार्यलाई अघि बढाइएको छ ।

## १.३ अध्ययनको उद्देश्य

समस्याकथनमा उल्लिखित समस्याहरूको समाधानमा केन्द्रित प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) *योगमाया* उपन्यासमा नारीशक्तिसम्बन्धको विश्लेषण गर्नु,

(ख) *योगमाया* उपन्यासमा नारीपहिचानको विश्लेषण गर्नु,

(ग) *योगमाया* उपन्यासमा नारी उत्पीडनको स्वरूप पत्ता लगाउनु ।

यिनै आधारभूत उद्देश्य प्राप्त गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यास २०७४ सालमा प्रकाशित उपन्यास हो । जसको विषयवस्तु आजभन्दा करिव एक सय पचास वर्ष पहिले भोजपुरको दिङ्लामा जन्मिएकी योगमाया न्यौपानेको जीवनमा आधारित रहेको छ । जहानियाँ राणा शासनको समयमा पनि उनले सामाजिक समस्याहरूलाई उजागर गर्ने गरेको, सबै जनतालाई समान हक र अधिकारको लागि लडेको साहसिक सङ्घर्ष नै यस उपन्यासको मुख्य विषयवस्तु रहेको छ । उक्त उपन्यास चर्चाको शिखरमा रहे तापनि यसका बारेमा पर्याप्त अध्ययन र अनुसन्धान हुन बाँकी नै देखिन्छ । *योगमाया* उपन्यासका बारेमा हालसम्म भएका त्यस्ता अध्ययन तथा विवेचनालाई कालक्रमिक रूपमा राखेर अध्ययन गरिएको छ :

जहानियाँ राणा शासन र ब्राह्मणवादी उक्त समाजमा नारीले भोग्नु परेका अन्याय, अत्याचार, शोषण, उत्पीडन र विभेदलाई योगमायाले आफ्नो जीवनभर जीवन्त राख्दै सारा नारीजातिको मुक्तिको लागि अरुण नदीको उर्लंदो भेलमा आफूसहित अठसट्ठी जनाले जलसमाधि लिएको कुरा उपन्यासकी स्रष्टा नीलम कार्की निहारिकाले २०७३ कार्तिक १६

गतेको *कान्तिपुर*को 'सुमनसँग' भन्ने कार्यक्रममा दिएको अन्तरवार्तामा भनेकी छन् https://www.enepalese.com ।

अगस्त २८, २०१८ को *काठमाडौँ पोष्ट*ले नीलम कार्कीको सफलताको बारेमा चर्चा गरेको छ । मदन पुरस्कारको लागि विभिन्न विधाबाट छनोट गरिएका उपन्यासहरूमा नीलम कार्कीको उपन्यास सर्वोत्कृष्ठ ठानिएकोले यसलाई मदन पुरस्कार मिलेको भन्ने व्यहोरा छापेको छ । उक्त लेखमा अगाडि भनिएको छ - यो एउटा महिला नायक योगमाया न्यौपानेको जीवनमा आधारित रहेको र भोजपुरमा जन्मिएका धार्मिक नेता तथा महिला अधिकारकर्मी जसले निरङ्कुश राणा शासनको विरुद्धमा लडेको कुरा उल्लेख गरेको छ ।

शाह (२०७६) ले *योगमाया* उपन्यासले सामाजिक विकृतिका विरुद्ध भण्डाफोर गर्दै नारी समानताको पक्षषोषण गरेको कुरा लेखेका छन् । २०७४ सालमा प्रकाशित भई त्यसै वर्ष मदन पुरस्कार प्राप्त गर्न सफल यस उपन्यासलाई उपन्यासकार नीलम कार्की निहारिकाले वास्तविक थलोमा गएर फेला पारेका सत्यतथ्य प्रमाणका आधारमा लेख्ने काम गरेकी हुन् । योगमायाको योगदानको बारेमा प्रकाशित कृति र अनुसन्धानहरूको समेत सहयोग लिएर यो उपन्यास तयार गरिएको छ । ओखलढुङ्गा, भोजपुर, सङ्खुवासभा, खोटाङतिरका मानिसहरूले त्यतिबेला बोल्ने क्रममा प्रयोग गरिएका चौक, पैँचो, जस्केलो, भुटुन, विजालजस्ता स्थानीय शब्दको प्रयोग गरिएको छ । भाषाको स्थानीय शैली र भाषिकाको प्रयोग गरी लेखिएको यो उपन्यासकी लेखिकाका *अर्की आइमाई* र *चिरहरण* उपन्यासको तुलनामा अझै उत्कृष्ठ लाग्छ भनेका छन् । शाहले योगमायालाई सामाजिक विकृति र विसङ्गतिको बारेमा समाजलाई सुसूचित गराउँदै हिँड्ने क्रममा पूर्वतिरका जिल्लाहरूमा महिला मुक्तिको आवाज उठाउन सक्षम एक साहसिक नारीको रूपमा प्रस्तुत गर्दै लेखिकाले तत्कालीन समयको स्थानीय भाषा र भाषिकाहरूको प्रयोग गर्दै उपन्यासलाई मिठास भरेको कुरा इङ्गित गरेका छन् ।

कक्षपति (२०७६) ले *योगमाया* उपन्यास नेपालको पूर्वी भागमा जहानियाँ राणाशासनको विरुद्धमा अहोरात्र खटिएर लड्ने योगमाया न्यौपानेको जीवनसँग सम्बन्धित रहेको छ । योगमायाको जीवनमा आधारित उपन्यास केही समय अघि प्रकाशित भयो । अहिले सोही पुस्तकमा आधारित नाटक 'योगमाया' रङ्गमञ्चमा मञ्चन भइरहेको छ । नाटकको कथ्य प्रवाहले पाठक वा दर्शकमा कौतुहलता सिर्जना गरिदिन्छ । घटना प्रवाहसँगसँगै कथ्य अगाडि बढेकोले यो उपन्यास दर्शनको वास्तविक स्वरूप हो । जहानियाँ

शासनको चरमोत्कर्ष, चार सहिदलाई हत्या गरिएको बेला नेपालको इतिहासमा सामाजिक जागरणको मुद्दालाई गाउँको धरातलमै ओर्लिएर निडरता र दृढताका साथ आन्दोलनका रूप दिएर अगाडि बढेको जीवन्त पात्र योगमायाबारे वाङ्गमयको इतिहास, संस्कृतिजस्ता विषयको अभिलेखीकरण गरेका छन् । नेपाली साहित्यको आख्यान विधामा योगमायाको सामाजिक जागरणको इतिहासलाई पहिल्याउने र स्थापित गर्ने काम उपन्यासकार नीलन कार्की निहारिकाले गरेकी छन् । कक्षपतिका अनुसार *योगमाया* उपन्यास एक ऐतिहासिक दस्तावेज हो जसले जहानियाँ राणाशासनका बेलामा पनि जनताको हक र अधिकार जनतालाई देऊ भनेर धरातलमै उत्रिएर विरोध गरिन् । यो उपन्यास एक ऐतिहासिक दस्तावेज हुन पुगेको छ, जसले नेपालको पूर्वी भागमा रहेकी एक निडर क्रान्तिकारी महिलाको जीवनलाई छर्लङ्ग बनाउन सफल भएको छ ।

मिश्र र पोखेल (२०६७) ले समाजमा पित्तृसत्ताका कारणले गर्दा पुरुषहरूको स्थान महिलाहरूको भन्दा उच्च रहेको, महिलाभन्दा पुरुषहरू शक्तिशाली, इज्जतदार र साधन-स्रोतले सम्पन्न भएका हुन्छन् भन्ने कुरालाई उल्लेख गर्दै  नेपालको पारिवारिक प्रणाली, पित्तृसत्ता र लैङ्गिकता, बहुपति-बहुपत्नी प्रथा, लिङ्ग र लैङ्गिकताको परिभाषा, लैङ्गिकताको सामाजिक प्रयोग, लैङ्गिक सम्बन्ध, समता र समानता, लैङ्गिकतामा आधारित हिंसा तथा महिला विरूद्धको हिंसाको बारेमा चर्चा गरेकी छन् । उनले महिला र पुरुषको भिन्नाभिन्नै सामाजिक परिचय रहेको छ र त्यो नै समाजको लैङ्गिक पहिचान हो भनेकी छन् । जन्मदेखि नै परिवार घरभित्र वा घरबाहिरको काममा महिला र पुरुषको कामको बाँडफाँड गरिएको हुन्छ । जस्तै : पुरुषलाई बाहिरी संसारसित जोडेर कमाउने, परिवार पाल्ने र परिवारको रक्षा गर्ने व्यक्तिको रूपमा परिभाषित गरेको हुन्छ भने महिलालाई घरभित्रको व्यक्तिको रूपमा हेरेको हुन्छ । जसको प्रमुख जिम्मेवारी भनेको बच्चा जन्माउने, स्याहार्ने, घरको कामको जिम्मेदारी लिने, बुढाबुढी र बिरामीको स्याहार गर्ने र लोग्नेतर्फको नातेदारहरूसँगको सम्बन्धलाई बलियो बनाउनुपर्ने हुन्छ । पितृसत्ताले महिलाको शरीर, श्रम, प्रजनन, यौनिकता, हिँडडुल र विचारधारामा समेत नियन्त्रण गर्दछ । शरीर तथा प्रजननमा नियन्त्रण भएको कारणले गर्दा छोरीहरूलाई सानै उमेरमा विवाह गरिदिएका हुन्छन् । यस्तो कुसंस्कार र कुसंस्कृतिलाई हामीले जरैदेखि हटाउनुपर्ने विचार लेखक द्वयले व्यक्त गरेका छन् भने हालको समाजका महिलाहरूले घरको कामका अतिरिक्त जागिर खाने, घरबाहिरका सबैसँगको सम्बन्धलाई बलियो बनाउन सक्षम भएका पनि उनीहरूलाई

पुरुषसरह अधिकार दिएको देखिँदैन र कुनै पनि क्षेत्रमा पुरुषभन्दा महिलाहरू पनि बढी शक्तिशाली हुन सक्ने कुरालाई समाजले नमान्ने कुरा बताएका छन् ।

श्रेष्ठ (२०६८) ले अङ्ग्रेजी शब्द 'सबाल्र्टन' ले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ भनी स्पष्ट पारेका छन् । उनले गैर शासकीय वर्ग वा समुदायलाई सबाल्टन भनेका छन् र यो वर्ग सधैँ अधीनस्त हुन्छ । सबाल्टर्न अध्ययनले शासक र शक्तिबिचको अध्ययन गर्छ भन्ने कुरामा जोड दिएका छन् । जब शक्तिको हैकम शक्तिशाली देखिन्छ तब लेखकको स्वाधीनतासमेत कमजोर हुने हुनाले इतिहासलेखनमा विभिन्न झुटहरूले स्थान पाउँछन् भन्ने कुराको बारेमा चर्चा गरेका छन् । समाजमा हामी जीउनको लागि शक्ति आवश्यक पर्छ भनेका छन् ।

पाण्डे (२०६९) ले मान्छे प्रकृतिको सर्वश्रेष्ठ सिर्जना हो र सृष्टिको वरदान पनि मान्छे नै हो भनेकी छन् । मान्छेमा अस्त्विका दुई प्रथम स्वरूप हुन्छन् - महिला र पुरुष । शारीरिक बनावटका दृष्टिले यी दुई परम्परा भिन्न छन् तापनि हैसियत र सम्मानका दृष्टिले समान रहेको कुरा उनले व्यक्त गरेकी छन् । प्रकृतिशास्त्रको मर्म र महत्त्वलाई बेवास्ता गरी यदि महिला वा पुरुष कुनै एकले आफूलाई अर्कोभन्दा बढी शक्तिशाली ठान्छ वा कमजोर मान्छे ठान्छ भने त्यो केवल उसको परिवेशजन्य दृष्टिदोष मात्र हो । हामीले यी दुईबिचमा भिन्नता गरिनु हुँदैन भन्ने धारणा व्यक्त गरेकी छन् । उनले आफ्नो पुस्तकमा बाह्रओटा उपन्यासमा देखिएका सामाजिक, आर्थिक, सांस्कृतिक, पारिवारिक र राजनैतिक कारणले गर्दा उपन्यासमा देखापरेका पात्रहरूलाई लैङ्गिक कोणबाट व्याख्या र विश्लेषण गरेकी छन् । त्यसैले यो कार्य सैद्धान्तिक तथा व्यावहारिक दुवै तवरले उपयोगी रहेको छ ।

ढकाल (२०७०) ले लिङ्ग र लैङ्गिकता फरक कुरा हुन् । महिला र पुरुषलाई समाजले तोकेको भूमिकालाई लैङ्गिकता भनिन्छ । उनले सामाजिक संस्कार, मान्यता र जीवनशैलीका कारणले विश्वका भिन्नभिन्न समाजमा महिला र पुरुषको लैङ्गिक भूमिका फरक भएका छन् । पुरुष र महिला भएकै कारणबाट व्यक्तिलाई समाजले निश्चित भूमिकामा बाँधिदिने र त्यही व्यक्तिबाट समाजले तिनै भूमिका कायम गरिरहनु पर्ने भन्ने अपेक्षा राख्ने गरेको देखिन्छ । नेपाली समाज र संस्कृतिअनुसार छोरीले घरायसी काम जान्नुपर्ने, सहनशील हुनुपर्ने, लजालु स्वभावकी हुनुपर्ने, धेरै बोल्न नहुने तर छोराहरू बहादुर हुनुपर्ने, धन-सम्पत्ति कमाएर परिवार पाल्नुपर्नेजस्ता सामाजिक धारणाहरूको विकासले पनि महिला र पुरुषका बिचमा भेदभावको सिर्जना भएको कुरा उनीले व्यक्त गरेकी छिन् ।

जैविक भिन्नताका आधारमा हेर्दा पुरुष र महिला अलगअलग रूपमा देखिए तापनि समाजले उनीहरूले गर्ने काम र व्यवहारमा अनेक प्रकारका नियमहरूलाई लैङ्गिकताले नै निर्माण गरेको हुन्छ भन्ने धारणा व्यक्त गरेकी छिन् ।

क्षितिज (२०७१) ले विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा' कथालाई नारीवादी चिन्तनका आधारमा देशीय, अमेरीकी, फ्रान्सेली र बेलायती नारीवाद तथा नारीवादलाई राजनीतिसँग पनि गाँसेर अध्ययन र विश्लेषण गरेका छन् । नारीको स्वरूप, शैली, विचार र चिन्तनका आधारमा नारीवादलाई उदार नारीवाद, मार्क्सवादी नारीवाद, उग्रनारीवाद र सामाजिक नारीवाद गरी चारओटा मूलधारमा रहेर अध्ययन गरेका छन् । नारीको सामाजिक सन्दर्भ, सांस्कृतिक स्वरूप र कृतिगत मूल्यको निरूपण गरेका छन् । यसका अतिरिक्त 'पवित्रा' कथाको शीर्षकद्वारा कसरी प्रतिध्वनित नारीवादको सिर्जना भएको छ । पितृसत्तात्मक समाजमा देखिएका पुरुषहरूको नारीप्रतिको दृष्टिकोण केकस्तो रूपमा रहेको छ ? उनीहरूप्रतिको लेखकीय विचारधारा कसरी अगाडि बढेको छ भन्ने कुराको बारेमा समेत व्याख्या र विश्लेषण गरेका छन् ।

पोखरेल (२०७१) ले "रूपमती उपन्यासको लैङ्गिक अध्ययन" (२०७१) शीर्षकको अप्रकाशित दर्शनाचार्य तहको शोधकार्य गरेका छन् । उनले उक्त शोधकार्यलाई छओटा परिच्छेदमा विभाजन गरी लैङ्गिक अध्ययनको सैद्धान्तिक आधार, परिभाषामा केन्द्रित रहेर लैङ्गिक अध्ययनको विकास के-कसरी भएको छ त ? भन्ने बारेमा उल्लेख गरेका छन् । उनले लैङ्गिक अध्ययनका मान्यताका रूपमा पुरुषवादी लैङ्गिक अध्ययन र सांस्कृतिक अध्ययनको सम्बन्धका बारेमा पनि स्पष्ट विचार व्यक्त गरेका छन् । उनले *रूपमती* उपन्यासको लैङ्गिक विश्लेषण गर्ने क्रममा उपन्यासमा देखापरेका पात्रहरूको शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन, प्रभुत्वशाली वर्ग, प्रतिनिधित्व र पहिचानका आधारमा विश्लेषण गरेका छन् । उनले यस शोधकार्यमा फ्रान्सेली चिन्तक मिसेल फुकोको शक्तिसम्बन्धी मान्यतालाई लैङ्गिकताका आधारमा विश्लेषण गरेको देखिन्छ तर जातीय र राजनैतिक शक्तिका कारणले गर्दा पनि समाजलाई प्रभाव पार्न सक्ने कुरालाई भने व्यक्त गरेका छैनन् । हाम्रो समाजका महिलामात्र लैङ्गिक उत्पीडनमा नपरेर पुरुषहरू पनि कहिकतै नारीको उत्पीडनमा परेका छन् भन्ने कुरालाई भने प्रष्टाएका छैनन् । त्यसै कारणले गर्दा उक्त कार्य सैद्धान्तिक तथा व्यावहारिक दृष्टिले यो शोधकार्यसँग अर्न्तसम्बन्धित रहेको छ ।

अधिकारी (२०७१) ले आफ्नो शोधकार्यमा सबाल्टर्न अध्ययन गर्नु किन आवश्यक छ त ? भन्ने कुरालाई प्रष्टाएका छन् । उनले नेपाली साहित्यमा पनि सबाल्टर्नको अध्ययन गर्न सकिने कुरा व्यक्त गरेका छन् । सबाल्टर्नलाई परिभाषित गर्ने क्रममा ग्राम्चीको प्रभुत्वशाली अवधारणालाई अवलम्बन गर्दै वर्ग, जाति, लिङ्गका आधारमा सबाल्टर्नका कोणबाट विश्लेषण गरेका छन् । कुनै पनि वर्गमा सत्ता, शक्ति र उसमा हुने वर्चस्वका कारणले न्यून वर्गमाथि शोषण, दमन र अत्याचार गर्ने गरेको छन् । शक्ति र प्रभुत्वका दुष्टिले उच्च वर्गमा परेको जातिले अर्को कमजोर जातिलाई उसका अवसरहरूबाट वञ्चित राख्दा वा उसका अवसरहरू खोसेर लिँदा कमजोर जातिका व्यक्तिहरू जातीय आधारमा सबाल्टर्न बन्न पुगेका छन् भन्ने कुरालाई व्यक्त गरेका छन् । नारीकै कारणले नारीहरू नै शोषणमा पर्ने गरेको अवस्थाको चित्रण उनले आफ्नो शोघकार्यमा स्पष्ट रूपमा देखाएका छन् । खासगरी पितृसत्तात्मक सोचका कारणले नारीमाथि हुने शोषणको मूल कारण नारी भएकाले यसलाई जरैदेखि परिवर्तन गर्नुपर्दछ भन्ने विचार व्यक्त गरेका छन् तर राजनैतिक सोच र शक्तिका कारणले गर्दा पनि महिलाहरूले अनेक दु:ख र कष्ट भ्mेल्नुपर्ने अवस्था सिर्जना हुने गर्दछ भन्ने कुराको भने उनले आफ्नो शोधप्रबन्धमा उल्लेख गरेको पाइँदैन तर लैङ्गिकताका दृष्टिले भने यो शोधकार्य पूर्ण नरहेको देखिन्छ । यसभित्र पर्ने वर्गीय र लैङ्गिक चिन्तनलाई भने उठान गरिएको छैन ।

लुइटेल र शर्मा (२०७२) ले नारीको हक, हित र समानताको पक्षधरलाई नारीवाद भनिन्छ भनी विश्लेषण गरेका छन् । उनले नारीवादी समालोचनाको विकास सन् १९६० को दशकपछि भएको र त्यतिखेरसम्म समाजमा नारीको अवस्थिति एकदमै प्रतिकूल रहेको थियो भन्ने कुरालाई व्यक्त गरेका छन् । नारीवादी सुप्रसिद्ध चिन्तक एरिस्टोटलले नारीमा पुरुषकोभन्दा केही गुण कमी भएको कारणले उनीहरू समाजमा नारीको दर्जामा परेका हुन भन्ने कुरा व्यक्त गरेका छन् । प्राय: पुरुषको तुलनामा नारीहरू दार्शनिक, नेता, भविष्यवक्ता र वैज्ञानिक नभएकाले नारीलाई हीनत्तर रूपमा लिइएको हो । यसरी नारीलाई सामाजिक संरचनाका कारणले तल्लो दर्जाको रूपमा लिइएको हो । कुनै पनि प्राकृतिक कारणले होइन भन्ने कुरालाई व्याख्या र विश्लेषण गरेका छन् । यसमा नारी मुक्ति आन्दोलनको सुरुवात कहिलेदेखि भयो ? नारीवादी साहित्यको विकास कहिलेदेखि भयो ? राजनैतिक र गाइनो समालोचनासम्बन्धी मान्यताको विकास कसरी भयो ? नारीवादी मान्यताहरू के कस्ता रूपमा रहेका छन् त ? भन्ने कुराको बारेमा व्याख्या र विश्लेषण गरेका छन् ।

यसरी *योगमाया* उपन्यास र यसका लेखक नीलम कार्की निहारिकाका बारेमा विभिन्न साहित्यकार, बुद्धिजीवी, सम्पादकले सामान्य चर्चा गरेको पाइन्छ भने यस उपन्यासको नारीवादी कोणबाट अध्ययन नगरिएका हुनाले यस शोधपत्रमा *योगमाया* उपन्यासको नारीवादी कोणबाट अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका साहित्यकार नीलम कार्की निहारिकाको सिर्जनात्मक व्यक्तित्व अध्ययनको एउटा महत्त्वपूर्ण विषय बन्न पुगेको छ । २०७४ सालमा प्रकाशित *योगमाया* उपन्यासमा केन्द्रित रहेर पत्रपत्रिका, जर्नलहरूमा विभिन्न समीक्षा, टीका-टिप्पणीहरू भएका छन् । तर यस उपन्यासको नारीवादी प्रवृत्तिको कृतिपरक अध्ययनमा केन्द्रित भई अध्ययन नभएकाले प्रस्तुत शोधको औचित्य रहेको छ । यसका साथै विश्वविद्यालयको प्राज्ञिक तह पूरा गर्नका निम्ति यस विषयको अध्ययन महत्त्वपूर्ण हुने ठानिएको छ । यस उपन्यासको लैङ्गिक (नारीवादी) अध्ययन गर्नु आफैँमा एउटा गहन अनुसन्धेय विषय हो । निहारिका नारी उपन्यासकार भएको कारणले गर्दा पनि उनले महिला वर्गले भोगेका दमन शोषण अन्याय र अत्याचारहरूलाई यो उपन्यासमा प्रस्तुत गरेकी छन् भन्ने दृष्टिकोण पाठक वर्गको रहेको छ । यस दृष्टिले उनको उपन्यासका नारीवादी दृष्टिकोणबाट अध्ययन भएको देखिदैँन तसर्थ पनि यहाँ शोधको आवश्यकता र औचित्य रहेको कुरा पूर्वकार्यको समीक्षाबाट थाहा हुन आएको छ । योगमाया उपन्यासलाई नारीवादी दृष्टिले अध्ययन र विश्लेषण गरिने हुनाले अध्ययन आफैँमा मौलिक, प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण पनि रहने छ भन्ने यस अध्येताको ठम्याइ रहेको छ । शोधका प्रश्नहरू स्पष्ट भएकाले नारीशक्तिसम्बन्ध, नारी विभेद र नारी उत्पीडनले पारेको प्रभाव, पितृसत्तात्मक वर्चस्वको कारणले महिला र पुरुषमा पारेको प्रभाव र समाजले नारीहरूलाई कुन दर्जाको रूपमा लिएको छ, त ? भनी उत्तर पत्ता लगाउन सकिने भएकाले यो शोध आफैँमा औचित्यपूर्ण रहेको छ ।

## १.६ सीमाङ्कन

'योगमाया उपन्यासमा नारीवाद' शीर्षकको शोधमा यस उपन्यासलाई लैङ्गिक दृष्टिले मात्र अध्ययन गरिएको छ । यस उपन्यासमा लैङ्गिकताको विश्लेषणका लागि नारीशक्तिसम्बन्ध, नारीपहिचान र नारी उत्पीडनका कोणबाट मात्र अध्ययन गरिएको छ भने

उपन्यासकार निहारिकाको जीवनी, व्यक्तित्व र उनका अन्य कृतिको चर्चा नगर्नु पनि यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

यस शीर्षकअन्तर्गत सामग्री सङ्कलन कार्यलाई सामग्री सङ्कलन विधि र शोधविधि गरी दुई छुट्टाछुट्टै शीर्षकमा राखेर अध्ययन गरिएको छ । अध्ययनका क्रममा यस अनुसन्धानका लागि आवश्यक मुख्य र सहायक सामग्रीहरू पुस्तकालयीय सामग्री सङ्लन विधिको प्रयोग निम्नानुसार गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन 'योगमाया उपन्यासमा नारीवाद' अध्ययनमा केन्द्रित रहेर यो शोधकार्य पूरा गरिने छ । यस शोधकार्यलाई सरल रूपमा सम्पन्न गर्नको लागि प्राथमिक स्रोत सामग्रीका रूपमा नीलम कार्की निहारिकाद्वारा लेखिएको *योगमाया* उपन्यासलाई छनोट गरी नारीशक्ति, नारीपहिचान र नारी उत्पीडनको कोणबाट व्याख्या एवम् विश्लेषण गरिएको छ । द्वितीयक स्रोत सामग्रीका रूपमा *योगमाया* उपन्यासको समीक्षा, समालोचना, नारी उत्पीडनको अध्ययनसँग सम्बन्धित सैद्धान्तिक तथा व्यावहारिक पूर्वअध्ययनका सामग्रीहरूलाई यस शोधपत्रको सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सामग्री सङ्कलनका साधन

यस शोधमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि नारीवादी अध्ययन पद्धतिलाई मुख्य आधार बनाइने छ । सङ्कलित सामग्रीलाई नारीशक्ति, नारीपहिचान र नारी उत्पीडनका उपकरणहरूको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । आवश्यकताअनुसार लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध, लैङ्गिक, वर्गीय र जातीय पहिचान र वर्गीय शोषण र लैङ्गिक उत्पीडनका उपकरणहरूको उपयोग गरिएको छ । यस शोधमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि नारीवादी अध्ययन पद्धतिलाई मुख्य आधार बनाइएको छ । सङ्कलित सामग्रीलाई नारीवादी अध्ययनका नारीशक्तिसम्बन्ध, नारीपहिचान, नारी उत्पीडनका उपकरणहरूको आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि सामान्यतया निम्नलिखित परिच्छेदमा र आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षक, सन्दर्भ ग्रन्थसूची आदिमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : *योगमाया* उपन्यासमा नारीशक्तिसम्बन्ध

तेस्रो परिच्छेद : *योगमाया* उपन्यासमा नारीपहिचान

चौथो परिच्छेद : *योगमाया* उपन्यासमा नारी उत्पीडनको स्वरूप

पाँचौ परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भसामग्री सूची

# दोस्रो परिच्छेद

# *योगमाया* उपन्यासमा नारीशक्तिसम्बन्ध

## २.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको यो परिच्छेद नीलम कार्की निहारिकाको उपन्यास *योगमाया*का नारीपात्रहरूको शक्तिसम्बन्धको निरूपण तथा विश्लेषणमा केन्द्रित छ । यहाँ लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक परिचय दिनुका साथै उक्त उपन्यासमा प्रयुक्त पात्रहरूको लैङ्गिक, आधारमा विश्लेषण गरिएको छ ।

## २.२ लैङ्गिक आधारमा समाजमा नारीशक्तिसम्बन्धको सैद्धान्तिक स्वरूप

कुनै पनि समाजको सामाजिक संरचनाअनुसार पितृसत्तात्मक समाजले स्त्रीलाई सांस्कृतिक परम्पराको संरक्षकका रूपमा र पुरुषलाई आधुनिकताको सक्रिय कर्ताका रूपमा लिने गर्दछ साथै नारीलाई घरभित्रको आन्तरिक स्थानसँग र पुरुषलाई घरबाहिरको संसारसँग जोडेर हेर्दछ । यस किसिमको चिन्तन नेपाली समाजको पनि हो (गड्तौला, सन् २०१९ : पृ. १७४) । मानव जीवन र यसका सामाजिक सम्बन्धहरूको व्याख्या गर्ने विभिन्न चिन्तन र दर्शनहरूमध्ये नारीवाद (फेमिनिज्म) एक सशक्त चिन्तन हो जसले नारी वर्गमाथि निरङ्कुश पितृसत्तात्मक सामाजिक व्यवस्थाद्वारा गरिएका शारीरिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक शैक्षिक, मनोवैज्ञानिकलगायत सबै प्रकारका शोषणहरूको विरोध गर्दै नारी हक र अधिकारको पक्षमा आवाज उठाउँछ । नारीवाद मूलतः अन्तर्वस्तुप्रधान साहित्यिक आन्दोलन हो । कतिपय साझा तत्त्व भए तापनि नारीवादभित्र विभिन्न धाराहरू रहेका छन् । नारीवादलाई उदार, मार्क्सवादी, आमूल, अस्तित्ववादी, मनोविश्लेषणात्मक, उत्तर संरचनावादी, उत्तर आधुनिकतावादी, पर्यावरणवादीलगायतका धारामा विभाजन गर्ने चलन छ । यी विभिन्न नामका नारीवादी स्कुलहरूले नारीका समस्यालाई अनेक कोणबाट उठाएका छन् (अधिकारी, सन् २०१४ : पृ. ६२) ।

शताब्दीयाँदेखि धर्म, संस्कार, परम्परा, आदर्श, मूल्य र मान्यताका नाममा नारी वर्गमाथि लादिएका कुसंस्कारका साङ्लाहरू चुँडालिनु पर्छ र नारीलाई पूर्ण मानवीय स्वतन्त्र अस्तित्व प्रदान गरिनु पर्छ भन्ने आवाजलाई नारीवादी चिन्तनले प्रमुख रूपमा उठाएको छ । नारी अस्मिताको अवमूल्यन गरी नारी वर्गमाथि बर्बर र निरङ्कुश शासन गर्दै आएको छ ।

नारीहरू प्राकृतिक रूपमा कमजोर नभई क्रूर र पाशविक सामाजिक व्यवस्थाले स्थापना गरेका कुसंस्कारका साङ्लामा जकडिएर पराश्रित तुल्याइएका हुन्, त्यसैले नारी शोषणको अभिप्रायले युगौंदेखि समाज, संस्कृति र विचारमा जड बनेर बसेका परम्परा र आदर्शका बन्धनहरूबाट नारी वर्ग मुक्त नभएसम्म समाजको धरोहर बनेर बसेको पितृसत्तात्मक व्यवस्थाको अन्त्य सम्भव छैन भन्ने चिन्तनलाई यसले मुख्य रूपमा प्रस्तुत गर्दछ । नारीलाई सामर्थ्यहीन र पराश्रित प्राणीको बिम्बबाट झिकेर स्वाभिमानी, स्वतन्त्र र अस्तित्वपूर्ण मानवीय बिम्बको रूपमा उपस्थापन गराउनु नारीवादी चिन्तनको अभिप्राय हो । पितृसत्तात्मक सामाजिक व्यवस्थाको अन्त्य र लैङ्गिक अधिकारको खोजीलाई केन्द्रमा राखेर १८औं शताब्दीको अन्त्य र विशेष गरी १९औं शताब्दीको मध्यदेखि पाश्चात्य जगत्बाट सुरु भएको लैङ्गिक मुक्तिको आन्दोलन र चिन्तनको समन्वित रूप नारीवादी चिन्तन हो ।

सामान्य अर्थमा मानव समाजमा रहेको व्यक्तिको अस्तित्व नै उसको शक्ति हो । फ्रान्सेली चिन्तक मिसेल फुको (सन् १९२६-१९८४) ले शक्तिसम्बन्धी मान्यताको उपयोग गरेका छन् । उनले जहाँ सत्य हुन्छ त्यहाँ शक्ति हुन्छ भन्ने मान्यता राखेका छन् । संसारमा शक्तिकै कारणले गर्दा नै अनेक प्रकारका घटनाहरू घटिरहेका छन् । एउटा शक्तिशाली व्यक्तिले कमजोर शक्ति भएका व्यक्तिलाई सिध्याउन अनेक किसिमका षड्यन्त्रहरू रच्छन् र विभिन्न प्रकारका घात-प्रतिघातहरू हुन्छन् । ज्ञान पनि शक्तिको एउटा स्वरूप हो । शक्तिले नै सत्यलाई निर्माण गर्दछ र ज्ञान नै शक्ति बन्दछ तसर्थ शक्तिको प्रभुत्व भन्दा पर कोही पनि टाढा रहन सक्दैन । शक्ति आवश्यक छ भने शक्ति कठोर र निष्ठुर पनि छ । शक्तिको प्रवाह र प्रभाव देखिने वा नदेखिने विभिन्न आयामबाट परिचालित हुन्छ, (श्रेष्ठ, २०६८ : पृ. ३८) भनेका छन् ।

लैङ्गिक अध्ययनको एउटा विषयका रूपमा रहेको नारीवाद महिलासम्बन्धी विचार, दर्शन र राजनीति हो । नारीवादको महिलाको कोणबाट नारीहरूलाई हेर्दछ र संसारभरि नै महिलाहरूलाई पुरुषको तुलनामा कमजोर र पीडित बनाइएको छ भन्ने मान्यता राख्दछ । नारीवादको नारीलाई नै केन्द्र बनाएर नारीकै पक्षमा बोल्ने र लेख्ने कार्य गर्दछ । नारीवादी लेखनले चाहिँ नारी मूल्य र मान्यतालाई स्थापित गर्दछ (बराल, २०५२ : पृ. १४०) । त्यसैले लिङ्गका आधारमा निर्माण भएको शक्तिलाई लैङ्गिक शक्ति भन्न सकिन्छ । हाम्रो समाज पितृसत्तात्मक विचारधारामा अगाडि बढेको छ । पितृसत्ता भन्नाले पुरुषको अधिकार महिलाको भन्दा उच्च हुनु हो । समाजले नै दिएको भूमिकाका आधारमा पुरुष प्रभुत्वशाली र

नारी प्रभुत्वहीन वर्गका रूपमा स्थापित हुन पुगेका छन् । परम्परागत मूल्य मान्यताकै कारण पितृसत्तात्मकताले जरो गाडेको हाम्रो समाजमा महिलाको भन्दा पुरुषको शक्ति उच्च भएको पाइन्छ । लैङ्गिक दृष्टिले हेर्दा महिलाहरू सीमान्तकृत रहेका छन् । शक्ति हस्तान्तरणको क्रम पनि पुरुषबाट पुरुषमै रहेको पाइन्छ । यसरी नेपाली समाजको पारिवारिक संरचना पितृसत्तात्मक रहेका कारण महिलामाथि पुरुष लैङ्गिक वर्चस्व र उत्पीडन कायम रहँदै आएको छ ।

वर्गीय हिसाबले हेर्दा निम्न वर्गका तुलनामा उच्च वर्ग शक्तिशाली हुन्छ । शक्तिको खेल हरेक क्षेत्रमा हुन्छ । समाजमा सामान्यतया उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्ग गरी तीनओटा वर्गहरू रहेका हुन्छन् । समाजमा उच्च वर्गको तुलनामा मध्यम वर्गको शक्ति कम हुन्छ भने मध्यमवर्गको तुलनामा निम्न वर्गको शक्ति अझ कम हुने गर्छ । आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा उच्च वर्गको स्थान उच्च नै रहेको पाइन्छ । यही उच्च वर्गको शक्तिका कारणले गर्दा निम्न वर्गीय श्रमजीवीहरू सधैँ गरिबीको चपेटामा परिरहेका हुन्छन् । त्यही उच्च शक्ति भएकै कारणले गर्दा श्रमजीवी वर्गमाथि उच्च वर्गले आर्थिक, सामाजिकलगायत विभिन्न किसिमले शोषण गर्नुका साथै शक्तिको प्रयोग गर्दछ ।

लैङ्गिकताका कारण निम्न वर्गभित्रैका महिलाहरू पुरुषका तुलनामा अझ बढी उत्पीडित हुन्छन् । यसरी उनीहरू दोहोरो उत्पीडन तथा शक्ति प्रयोगका सिकार भइरहेका हुन्छन् । यही कारण नीलम कार्की निहारिकाका उपन्यासमा नारी वर्गमाथि पितृसत्तात्मक समाजको दमन, उत्पीडन र शक्ति प्रयोगका साथै महिलामाथि पुरुष उत्पीडन र शक्ति प्रयोगको चित्रण सघन रूपले गरिएको पाइन्छ ।

## २.३ *योगमाया* उपन्यासको नारीशक्तिसम्बन्धका आधारमा विश्लेषण

नीलम कार्की निहारिकाको उपन्यास *योगमाया*को नारीशक्तिसम्बन्धका आधारमा सिर्जना भएका नारीपात्रहरूको नारीशक्तिका सम्बन्धका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

*योगमाया* उपन्यासमा नारीपात्रहरूको अवस्था, अर्थहीनता र न्यूनताको चित्रण गरिएको छ । उनीहरूको पहिचान आफ्नो पहिचान छुट्टै हुन नसकेको तीतो यथार्थ उनीहरू आफ्नो नामले भन्दा श्रीमान्को वा परिवारको नामले चिनिनु यसको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । उपन्यासकी नारीपात्र जसलाई बिहे भनेको नै के हो ? भन्ने थाहा

छैन, उसलाई बिहे गरेर आफ्नो गाउँभन्दा धेरै टाढा पठाउनु, उक्त समयमा नारीहरूलाई सामाजिक रूपमा एकदमै कमजोर रहेको मान्न सकिन्छ । यस उपन्यासको नारीपात्र 'मायादेवी' को बिहे उनको बाल्यावस्थामा नै भएको कुरा तलको साक्ष्यबाट थाहा पाउन सकिन्छ :

> *भान्जीका बिहेमा गोडा धुन म पनि सिम्ले गाकोथेँ । भान्जीलाई त सानै, के सम्झना होस् ? के गर्नु भाग्यको खेला । घर त हुने खाने नै हुन् । सय जन्ती लेर बाजा बजाएरै आका थे उताबाट । थुप्रो तोला सुन भाँचेका पनि भन्थे । तर, के गर्नु के ? अप्ठारामा पर्‍यौँ । केही नपाइलाभैँ उति टाढा छोरी नदिनु थ्यो भिनाजुले । छोरी टाढा पर्ने भै भनेर दिदी कति रोकी थिन् । भिनाजुलाई सम्झाउन पनि कोसिस गरेकै हो तर भिनाजुले कसैको सुनेको होइन । मुख दिएपछि कुरा फेरिँदैन भन्नुभो रे । तर छोरी उति टाढा नदिनु थ्यो* (पृ. ९२) ।

उल्लिखित भनाइबाट उपन्यासकारले नारीको शक्तिसम्बन्ध स्पष्ट पारेकी छन् । पहिलो कुरा एउटी नारीलाई उसको विवाह बाल्यवस्था मै गरिदिनु न्यायसँगत कुरा होइन, जुन नेपाली समाजमा प्रचुर मात्रामा घटेको देखिन्छ । बिहे भनेको त्यस्तो सम्झौता हो जुन फेर्न र फर्काउन सकिँदैन । त्यस्तो कुराको निर्णय गर्दा पनि श्रीलालपाध्य नेउपानेले आफ्नी अर्धाङ्गिनीको एक कुरो नसुन्नु समाजमा नारीहरूको शक्तिसम्बन्ध कस्तो रहेको छ भन्ने कुराको छर्लङ्ग तस्बिर देखाउँछ । राम्रो गरी बोल्न नसक्ने उमेरमा छोरीलाई विवाह गरी अर्काको घरमा, त्यो पनि निकै टाढा पठाउनुले त्यो समाजमा नारीलाई वस्तुहरू सरह व्यवहार गरेको बुझिन्छ । नारीहरूको पनि मन हुन्छ, उनीहरूलाई पनि घाउ लाग्दा दुख्छ र काट्यो भने रातो रगत नै आउँछ भन्ने तीतो यथार्थलाई चटक्कै बिर्सेर श्रीलालपाध्य नेउपानेले आफ्नी श्रीमतीको हजार अनुनय-विनयलाई कुल्चँदै छोरीलाई नौडाँडा पारिको बिरानो ठाउँमा पठाउनु, उनले भनेका कुनै पनि कुरा नसुन्नुले पनि नारीहरूको शक्तिसम्बन्ध एकदमै कमजोर रहेको देखिन्छ ।

*नेपाली बृहत् शब्दकोशले* नारी अस्मिता र नारी स्वतन्त्रताप्रति प्रतिबद्ध मान्यता, सिद्धान्त वा आन्दोलन (पोखरेल, २०६० : पृ. ६८१) भनी नारीवादलाई चिनाएको छ । विकिपेडियाले नारीवाद नारीहरूका ती आन्दोलनहरू र आदर्शहरूको संयोजन हो, जसको

उद्देश्य लैङ्गिक अस्तित्वको खोजी र नारीहरूका लागि समान आर्थिक, सामाजिक अधिकारको प्राप्तिमा केन्द्रित छ भनी नारीवादलाई अर्थ्याएको छ ।

यसरी *नेपाली बृहत् शब्दकोश* र विकिपेडियाले नारीवादलाई उनीहरूको हक र अधिकारप्राप्तिको एउटा लडाइको रूपमा लिए पनि *योगमाया* उपन्यासमा नेपाली समाजमा महिलाहरूले आफ्नो अधिकारको लागि गर्ने विभिन्न खाले विद्रोहलाई यही समाजले कुनै न कुनै रूपमा गलत सावित गरी दुःख दिने कार्य गरेको पाइन्छ । मायादेवी सानै उमेरमा विवाह गरी श्रीमान्को घरमा जान्छिन्, जहाँ उनले मानवताको व्यवहार पाउनु त कता हो कता, उनको अस्तित्व उपयोगितामा मात्र सीमित हुन्छ । न त कसैको माया, न त कसैको दया, न त कुनै दिन माइतीपक्षबाट भेटघाट । सबै कुराबाट वञ्चित भइसकेकी मायादेवी एक दिन रातको समयमा घरबाट भागेर माइती जान्छिन् । त्यसरी घर छोडेर हिँड्नुको कारण उनलाई त्यो घरमा गरिएको व्यवहार हो । जसलाई तलको साक्ष्यका आधारमा बुभ्रन सकिन्छ :

> *न न्यानो लाउन, न भर पेट खान, न कसैको माया न मीठो बोली । बस्नै नसक्ने भएपछि कसरी बस्नु ? कि भ्रुन्डिएर मर्नुपऱ्यो । तै बेलाबेलामा माइतीले भेट्न आइदेका भए पनि केही आधार भैदिन्थ्यो । न्यास्रो मर्थ्यो । ढाडस हुँदो हो । हेप्न पनि कम हुँदो हो । बा-आमाले छोरी आँगन पोलेर दिए सकियो । म छोरी जाबीको मर्दो-बाँच्दोसमेत के चासो भो र ?*
>
> (पृ. ९३) ।

उल्लिखित उपन्यासको अंशबाट के बुझिन्छ भने समाजमा नारीमाथि हुने विभेद अन्याय असहनीय रहेको छ । पुरुषप्रधान समाज महिलाहरूलाई आफ्नो उपयोगको साधन मात्र ठान्ने गरेको छ । उनीहरूले पाएका पीर, मर्का, दुःख, दर्द कसैसँग भन्न सक्ने र मलाई यस्तो भयो, अन्याय भयो, अत्याचार भयो भनेर उजुरी गर्ने ठाउँ कहिँकतै पनि छैन । जन्मदिने बाबु पनि छोरीको लागि उदासिन रहेको छ । बाबुले छोरीलाई जन्मेर समाधिस्थ हुँदासम्म पनि उसलाई बोझको रूपमा लिने गरेको छ । त्यसै कारणले गर्दा मायादेवीको बुबाले राम्ररी बोली पनि नफुटेकी छोरीलाई नौडाँडा पारि विवाह गरेर दिएका छन् । छोरीको विवाह गरेर पठाइसकेपछि छोरीलाई सन्चो-बिसन्चो के-कस्तो छ, कसरी घर गरेर खाकी छ

वा उसलाई ससुराली पक्षबाट केही समस्या पो छ कि भनेर कहिल्यै बुझ्ने, समय-समयमा छोरीको घरमा जाने काम पटक्कै गरेको देखिँदैन ।

एक त माइती पक्षबाट कोही पनि भेटघाटको लागि नआउनु, दोस्रो घरमा पनि कसैको दया, माया र सद्भाव नपाउनाले आफ्नो मनको पिर र वेदना पोख्ने कुनै ठाउँ नपाएपछि कि त मर्नु पऱ्यो कि त घर छोडेर हिँडनु पऱ्यो भन्ने मनसाय देखिन्छ । मायादेवीको मध्यरातमा घर छोडेर माइतीतर्फ भागेर जानु समाजमा भएको नारीमाथि हुने गरेको दमन र अत्याचार नै प्रमुख कारण रहेको छ । समाजमा नारीहरूको शक्ति सून्य बराबर हुँदा सदियौँदेखि महिलाहरूले पुरुषप्रधान समाजको मूल्य र मान्यतामा पिल्सनु परेको छ । उनीहरूका दुःख दर्द र पीडाको प्रमुख कारण नारीलाई समाजमा दोस्रो दर्जाको नागरिक ठानिनु हो ।

पूर्वीय सभ्यताको आधारस्तम्भ *मनुस्मृति*मा मनुले “पिता रक्षति कौमारे भर्ता रक्षति यौवने । रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्र्यं अर्हति” (पृ. २३६) भन्दै नारी पिता, श्रीमान् र पुत्रको नियन्त्रणमा रहनु पर्ने र उनीहरूलाई कहिल्यै स्वतन्त्रता प्रदान गर्न नहुने धारणा राखेको छ । *तुलसीकृत रामायण*मा “ढोल, गवार, शुद्र, पशु, नारी, ये सब ताडनके अधिकारी” भन्दै नारीलाई प्रताडनाको अधिकारी वर्गको रूपमा अवमूल्यन गरिएको छ । इस्लाम धर्मको प्रमुख ग्रन्थ *कुरआन*मा अल्लाहले “पुरुषहरूलाई उपदेश दिँदै पुरुषहरू महिलाहरूका अभिभावक हुन्,  सत्कर्मी महिलाहरू आज्ञापालन गर्छन् । जुन स्त्रीहरूको बारेमा तिमीहरूलाई अवज्ञाको शङ्का छ उनीहरूलाई पहिले सम्झाऊ, त्यसपछि उनीहरूलाई ओच्छ्यानमा एक्लो छोडिदेऊ, अझै नमानेमा सास्ती देऊ र उनीहरू आज्ञापालन गर्न थाल्छन्” (फलाही : पृ. १३३) भनिएको छ ।

उपर्लिखित धार्मिक एवम् पौराणिक ग्रन्थहरूमा महिलाहरूलाई कहिल्यै पनि स्वतन्त्रता दिन नहुने कुराको तर्क गर्दै मानव सभ्यताको सुरुवातदेखि नारीजातिमाथि विभिन्न खाले सामाजिक एवम् धार्मिक शोषण र दमनको सिलसिला सुरु भएको कुरा *मनुस्मृति, रामायण, कुरआन*हरूमा उल्लेख भएबाट अनुमान गर्न सकिन्छ । मायादेवी पनि यही र यस्तै दुःख र दर्दबाट प्रताडित भएर आफ्नो कर्मघर छोडी माइतीमा जानु कुनै नौलो कुरा होइन । तत्कालीन पितृसत्तात्मक समाजमा नारीलाई घर छोडेर हिँड्दैमा उसको अस्मिता माथि नै प्रश्न चिन्ह खडा गर्दछ । यसरी नारीले आफू र आफ्नो अस्मितामा रहँदा-

रहँदै पनि समाज एवम् परिवारबाट तिरस्कृत र बेघर बनेको कुरा समाजमा नारीहरू शक्ति र सत्तामा नहुनु नै प्रमुख कारणको रूपमा लिन सकिन्छ ।

मायादेवीले श्रीमान्लाई हजार बिन्ती गर्दा पनि माइती नपुऱ्याइदिनु, श्रीमान्, सासु, ससुरा, नन्द, देवर सबैबाट तिरस्कार सहेर बस्न नसक्ने अवस्था आउनु सामाजिक शक्ति सन्तुलनको कारणले नै हो । घरबाट भागेर माइती आउँदा पनि सिधै माइतीमा जान नसक्नु, माइतीमा पनि महिलाहरूलाई सधैँ दोस्रो दर्जाको रूपमा हेरिनु र नारीलाई कहिल्यै उनीहरूको दृष्टिबाट बुझ्न नखोज्नु पनि मानवीय व्यवहारबाट वञ्चित गरिनु नै हो । घरको दया र मायाबाट वञ्चित भए पनि मायादेवी आफ्नो माइतीघरमा जाँदा बा-आमाको डरले उनीहरूको अगाडि पर्न हिम्मत नगर्नु नारीशक्ति सन्तुलनको कारण रहेको छ जुन तलको कुराकानीमा यसरी प्रस्तुत गरिएको छ :

> *त्यसैदिन माइती गाउँ त टेकेँ तर उज्यालोमा बा-आमा अघिल्तिर पर्ने भन्ने हिम्मत आएन । साँझ भएपछि माइती पस्ने विचार गरेर तल पुछारघरे बडाबाहरूको परालको कुनिउँमा छेलिएर बसेँ । रात पर्खिएँ भनुम् । हेर मान्छेको जात कहिले रात लामो होस् भन्ने हुने कहिले दिन मात्र होस् रात नपरे जाती भन्ने लाग्ने* (पृ. ९४) ।

पितृ सत्तात्मक समाजले हाम्रो समाजमा पुरुषहरूलाई जस्तोसुकै काम गर्न पनि छुट दिएको छ । मायादेवीलाई उनको घरपरिवारबाट जतिसुकै दुःख र दर्द दिए पनि उनीहरूलाई तत्कालीन समाजले छुट दिएको छ किनेभने उनीहरूको सामाजिक शक्तिसम्बन्ध राम्रो रहेको छ । त्यो अवला नारी जो कर्मघरमा उचित दया, माया, ममता, स्नेन र पेटभरि खाना पनि नपाउनाले माइती घरमा भागेर हिँडेकी हुन्छे । ऊ माइती घरमा आउन नपाउँदै उसको घरतर्फबाट अरू कोही मान्छेसँग भागेको कुरालाई प्रचार गरिन्छ । त्यही दुस्प्रचारलाई सत्य ठान्दै मायादेवीका बुबाआमा पनि होमा हो मिलाउँदै उसप्रति सारै रिसाएको कुरा तल्लाघरे बडीआमैसँगको निम्न कुराकानीबाट प्रस्ट हुन्छ :

> *तेरो कत्रो खोजी भाछ रे । हल्लीखल्ली छ । मर्दो, बाँच्दो केही थाहा छैन भन्दै तेरा घरबाट त हराको खबर लेर आथे रे तेरा घरतिरका । तेरा बाहरू सखारै तेरो खोजी गर्न जान ठीक पऱ्याछन् रे ! कोसँग पोइल भागी कि, भिरमा*

*गएर मरी भन्छन् रे घरवाला । हन कहिले हिँडेकी होस् र ? किन हिँडेकी त्यसरी ?*

*... दुईरात एक्लै जङ्गलाँ बसे बडीआमा । मैले कुनिउँबाट निस्किएर भनेँ जङ्गलाँ बसे ? डर लागेन ?*

*के भनुम् ? बाँचेर आएँ* (पृ. ९४) ।

माथिको कुराकानीबाट मायादेवी भागेको कुरा उसको माइतीमा ऊ आइपुग्नु अगावै आइसकेको रहेछ । घरको खटन सहन नसकेर माइतीमा आउँदा पनि बा-आमको डरले सिधै आउन नसकी तलाघरे बडाबाहरूको परालको कुनिउँमा छेलिएर बसेको र रातपरेपछि माइतीमा जाने सोच मायादेवीको देखिन्छ । उनका बा-आमाले छोरीको अवस्था कस्तो छ भन्नेभन्दा पनि भागेर हिँडी, इज्जत फाली भन्नेतर्फ नै बढी गएको देखिन्छ । समाजमा नारीहरूले दोस्रो दर्जाको नागरिकको अवस्था बाँच्नु पर्ने अवस्थाले नै मायादेवीमाथिको यो अवस्था सिर्जना भएको हो । पूर्वी नेपालको उच्च घरानियाँ ब्राह्मण समुदायमा घटित यो घटना तत्कालीन समयको नेपाली समाजमा महिलाहरूको अवस्था कस्तो थियो भन्ने कुरा बुझाउन सफल तथ्य हो ।

मायादेवीको कसैसँग नसोधी कर्मघर छाडेर माइतीमा आउनु तत्कालीन सामाजिक शक्तिलाई विरोध गर्नु पनि रहेको देखिन्छ । त्रिपाठी (२०६९) ले "सदियौँदेखि नारी वर्गमाथि अमानवीय र असहिष्णु शोषण गर्दै आएको पितृसत्तात्मक सामाजिक व्यवस्थामा उत्पीडनको लामो कालखण्डपछि मात्र नारी वर्गले आफ्नो अस्मिता र अस्तित्वको लागि आवाजहरू उठाउन सुरु गरेका छन् । समाजले विभिन्न परिवर्तनका चरणहरू पार गर्दै जाँदा सामन्तवादको गर्भमा पूँजीवादको भ्रूण विकसित हुँदै जाने क्रममा महिलाहरू पनि सामाजिक उत्पादनमा सहभागी हुन थाले र त्यसपछि मात्र उनीहरूले आफूमाथिको शोषणको स्थिति बुझ्न थाले" (पृ. १६) भनेकी छिन् । उत्पादनका क्षेत्रमा आफ्नो पहुँच नहुनाले अर्थात् आर्थिक रूपमा पराश्रित हुनुले नै नारी वर्ग पुरुषको दास र सेवक बनेर बस्नु परेको यथार्थबोधपछि आर्थिक, सामाजिक अधिकार र लैङ्गिक उत्पीडनबाट मुक्तिको माग गर्दै पश्चिमेली नारीहरू सङ्घर्षमा उत्रिएका छन् र नारीवादी आन्दोलनको प्रारम्भ भएको छ । नारीवादी चिन्तकहरूले भनेजस्तै गरी मायादेवी पनि कर्मघरमा आफ्नो कुनै भविष्य नदेखेपछि विनासूचना घर छाडेर हिँडेको देखिन्छ । जसलाई उनको पितृसत्ताप्रतिको रिस र

आवेग भन्न सकिन्छ । यसरी घर छाडेर हिँड्दा मलाई पक्कै पनि समस्या पर्छ भन्ने कुरा उनलाई थाहा थियो, तर थाहा हुँदाहुँदै पनि उनले घर छाडेर हिँड्नुको पछाडि यस्तो कहर सहेर बसियो भने सधैँभरि पितृसत्ताले महिलाहरूलाई मुक्तिको स्वास लिन नदिने कुराको बोध भएपछि उनले यो कदम उठाएको बुझ्न सकिन्छ ।

मायादेवीको जीवन विकृति र विसङ्गतिले भरिएको छ । पुरुषप्रधान समाजले दिएको पीडैपीडा र विसङ्गतिले गर्दा घर छोड्न बाध्य भएकी उनी आफू जन्मेको घरमा जाँदा र बाआमालाई भेट्न पाउँदा खुसी हुनुपर्ने हो तर सामाजिक शक्ति सन्तुलनमा पछाडि पारिएका नारीहरू यो समाजमा जन्मिएपछि पहिला बाबुको अधीनमा रहनुपर्ने, त्यसपछि श्रीमान्‌को अधीनमा बस्नुपर्ने र पछि छोराको अधीनमा बस्नुपर्ने बाध्यता उनीहरूको सामाजिक शक्ति सन्तुलनको कमजोरी नै हो । नारीहरू समाजमा कति कमजोर छन् भन्ने कुरा "हामी आइमाइमान्छे आफ्ना डोली भित्रिएको घरबाट बिदा नपाई निस्कनु भनेको कात्रोमा बेरिँदा मात्रै हो । नत्र जे परे पनि सहेरै बस्नुपर्छ देका घराँ" (पृ. ९६) बाट थाहा हुन्छ । यस उपन्यासको अंशबाट महिलाहरू भनेका पुरुषका दासदासीहरू हुन् भन्ने सोच त्यस समयमा रहेको बुझिन्छ ।

नारीहरू पुरुषलाई सहयोग गर्ने सहयात्री मात्र हुन्, उनीहरूको वंश जोगाउनको लागि पीडाको जाँतोमा पिसिएर छोरा जन्माइदिने, उनीहरूको पालन-पोषण गरिदिने मेसिन मात्र हुन्, उनीहरूले विवाहपूर्व बा तथा दाजुभाइको अनुमतिविना घरबाहिर पाइलो टेक्नु हुँदैन, विवाहपश्चात् श्रीमान् वा ससुराको आज्ञाविना बाहिर पाइला टेक्नु हुँदैन । यदि त्यसो गरियो भने उसलाई कुलको कलङ्क, अलच्छिनी, वाइफाले, पातरनी, रण्डी, वेश्या, कुलङ्घारजस्ता अपशब्दहरूले सिङ्गार्ने नेपाली समाजको चित्रण यस उपन्यासमा गरिएको छ । जुन कुरा तलको हरफहरूमा मायादेवीका बाबाको मुखबाट सुन्न सकिन्छ :

> *बा पिँढिमा बसेर हुक्का तान्दै हुनुहुन्थ्यो । अरू चार-पाँच अरू मर्दाना पनि थे । आफ्ना आँखोले देखेपछि भने ती धोद्लेका नभै सिम्लेकै हुन् भन्ने ठम्याए र पो ज्यानमा एक मुठी घाम लागो । मलाई त्यसरी एक्कासी देख्ने बित्तिकै खुसी हुनुको बदलामा बाले कड्किएर भन्नुभो, काँ मरेकी थिइस् यतिका दिन ? हाम्रो नाक काटिछस् होइन । तँलाई जन्माएर आज यही दिन देख्नुथ्यो ? बाको ठूलो आवाज सुनेर होला आमा भित्रबाट हुत्तिँदै निस्कनुभो ।*

*मलाई देखेर आमा भने निकै नै खुसी हुनुभाको मबाट छिपेन । त्यसले बल्ल प्राण आयो यो ज्यानमा* (पृ. ९७) ।

माथिको उपन्यासको अंशबाट के थाहा पाउन सकिन्छ भने महिलाहरू समाजमा एकदमै तल्लो स्तरको नागरिकको जीवन भोग्न बाध्य छन् । महिलालाई आफ्नो घरको चौघेरोभित्र नै सीमित गर्न खोज्ने पुरुषप्रधान समाजले कहिले पनि आफ्नो गल्ती नदेख्ने तर नारीहरूलाई नै दमन र शोषण गरिरहने कारणले गर्दा उनीहरूको भविष्य नै अन्धकार भएको छ । छोरीलाई अर्काको घरमा बिहे गरेर पठाइसकेपछि माइतीले फर्केर नहेर्ने, चाहे जस्तोसुकै अप्ठेरो परे पनि उनीहरूले भोग्नु नै पर्दछ भन्ने सोचाइबाट ग्रसित तत्कालीन नेपाली समाजको कारणले गर्दा मायादेवीले विवाह गरेर गएको घर छोडी माइतीको शरणमा हिँडेको कुरा तलका वाक्यबाट थाहा हुन्छ :

*बुहार्तन सहन नसकेपछि के गर्थी छोरीले ? बिसर्नु भो के भनेको थ्यो घर्ती माइलाले ? खबर ल्याको थ्यो त । भनेकै थ्यो छोरी जिउँदो देख्न मन छ भने त्यहाँ नछोड्नु बाजे भनी । हो कि होइन यही भनेको ? उसका कुरा सुन्नु भो ? धन्न भिर रोजिन छ । पासो लाइन छ । मेरा माइती जिउँदै छन् भनेर आई साससँगै भन्नुस् । सुखी मन गर्नुस् । आमाले तातो मायालु हातले अझ नजिक तानेर भन्नुभो । आमाका कुरामा ती फुपू पर्ने पनि अटुट साथ दिँदै थिइन्* (पृ. ९८) ।

उल्लिखित उपन्यासको अंशबाट के कुरा स्पष्ट हुन्छ भने हाम्रो समाजमा महिलाहरूलाई खाना बनाउने, घर सफा गर्ने, कपडा धुने, घाँस काट्ने, बस्तुभाउ हेर्नेजस्ता काम लगाएर दासीको रूपमा व्यवहार गरिन्छ । उसलाई पेटभरि खाना, दया, माया त परै जाओस् राम्रो बोलीसम्म नदिँदा, भोकभोकै बिहानदेखि बेलुकासम्म काममा लगाउँदा उसको जिउँ जिर्ण हुने, त्यसैमाथि भए-नभएका निहुँ निकाली कुटपिट गर्ने, धम्याउने, शारीरिक एवम् मानसिक तनाव दिने कारणले गर्दा मायादेवीको ज्यान नै जोखिममा परेको कुरा घर्तीले मायादेवीका बाबाआमालाई नसुनाएको पनि होइन, तर पुरुषप्रधान समाज यतिसम्म निर्दयी देखिन्छ कि आफ्नी छोरीको जिउज्यान जोखिममा छ भन्दा पनि कुनै वास्ता नगर्ने श्रीलालपाध्ये नेउपाने आफ्नो कुल र खानदानको खोक्रो अहङ्कारमा लिप्त देखिन्छन् । भोकभोकै दुई रात जङ्गलमा बिताएर माइतीमा तातो सास लिएर आउँदा पनि कोसँग लसपस गरी आकि होस् भन्नेजस्ता अपशब्दहरू पुरुषप्रधान समाजकै कारण आएका हुन् ।

यी सबै कुरा तत्कालीन समाजमा वर्गविभेदको उपजका रूपमा देखिन्छ । यसलाई नै पितृसत्तात्मक समाजको परिणीति हो भन्न सकिन्छ । यसरी हाम्रो समाजमा पुरुषहरूको शक्ति महिलाहरूको तुलनामा बढी देखिनु तत्कालीन समाज व्यवस्थाको उपज हो । त्यस समयमा पुरुष जहाँ जाँदा पनि, ढिला घरमा आउँदा पनि कोही नबोली चुपचाप रहेर बस्ने तर त्यही परिवेशमा महिला घरको बुहार्तन सहन नसकेर भागी माइतीमा जाँदा उसको सतित्वमाथि नै प्रश्न गर्ने तत्कालीन समाजले महिलाहरूलाई अधीनस्थ प्राणीका रूपमा लिने गरेको कुरा छर्लङ्ग देख्न सकिन्छ । यसै कारणल पुरुषप्रधान हाम्रो समाजले महिलाहरूलाई अधीनस्थ गराउन बाध्य पारेको प्रसङ्गलाई माथिको उपन्यासको अंशले पुष्टि गरेको छ ।

प्राकृतिक रूपमा समान अस्तित्व, हैसियत र अधिकारसहित जन्मिएका नारी र पुरुष वर्गमध्ये नारी वर्ग चरम शोषण र उत्पीडनमा पर्नुको कारण सामाजिक, आर्थिक, सांस्कृतिक संरचनामा उनीहरूको भूमिका र स्वामित्वको अस्वीकृति नै हो । समाज विकासको प्रारम्भिक चरणमा नारीहरूको पनि समान सामाजिक हैसियत भएको कुरा समाज विकासका अध्येताहरू, समाजशास्त्रीहरू र दार्शनिकहरूले उल्लेख गरेका छन् । समाज विकासको इतिहासको वस्तुपरक विश्लेषण गर्ने दार्शनिक एङ्गेल्सले सबै जङ्गली युगका मानिसहरूमा एवम् निम्न तथा मध्यम अवस्थाका बर्बर मानिसहरूमा पनि नारीहरूलाई स्वतन्त्रता मात्रै होइन सम्मानजनक स्थान प्राप्त थियो (एङ्गेल्स, २०६४ : पृ. १४२) भन्ने मान्यता राख्छन् । पूर्वीय सभ्यताको प्राचीन अवस्थालाई प्रतिबिम्बित गर्ने आदिम ग्रन्थ *वेद*हरूमा प्रस्तुत वैदिक समाजमा *ऋग्वेद*लगायतका संहितायुगमा नै पनि बीसभन्दा बढी वैदिक ऋचा र मन्त्रसमूह वा सुक्तहरूका स्रष्टा स्त्री ऋषि र ऋषिकाहरू रहेको र तीमध्ये वृगम्भृणी ऋषि (स्त्री ऋषि) को जगती छन्दका दश ऋचाको स्थान अत्यन्त महत्त्वपूर्ण रहेको (त्रिपाठी, २०६९ : पृ. ५) ले पनि नारीहरूको प्रारम्भिककालीन सामाजिक स्थान सम्मानजनक थियो भन्ने पुष्टि हुन्छ तर पूर्वीय जगत्मा परवर्ती युगमा मातृसत्ता विस्थापित भई सामन्ती सन्दर्भमा पितृसत्तावाद प्रबल भयो र नारीको उपनयन र व्रतबन्धलगायत शैक्षिक गुरुकुलीय अधिकारको अपहरणका साथै वैदिक यज्ञाधिकारको अनि गृहस्थाधिकारको पनि लिङ्गगत विभेदीकरण र नारीस्वत्वको उत्पीडन सुरु (त्रिपाठी, २०५९ : पृ. ५) भएको यथार्थ धार्मिक ग्रन्थहरूबाट पनि प्रष्ट हुन्छ । समाज विकासको गतिको वस्तुपरक र ऐतिहासिक विश्लेषण गर्ने हो भन्ने सभ्यताको सुरुआतसँगै सुरु भएको निजी सम्पत्ति, परिवार, विवाहजस्ता संस्थाको उत्पत्तिसँगै समाज र पारिवारिक सङ्गठन दुवैमा नयाँ सामाजिक शक्तिको रूपमा पुरुष वर्गको उदय भयो र

नारीजातिका मूलभूत अधिकारलाई ध्वस्त गऱ्यो (मार्क्स, एङ्गेल्स, २०६४: पृ. १४३) भनेका छन् । पारिवारिक संरचनामा आबद्ध भएपछि नारीहरू बच्चा स्याहार गर्ने र घरायसी अनुत्पादनमूलक कार्यमा सीमित पारिए र घर बाहिरको उत्पादनमूलक क्षेत्रमा पुरुषले आफ्नो पहुँच पुऱ्यायो । मूलतः त्यही आधारमा शोषणको प्रारम्भ गऱ्यो, जुन कुरा *योगमाया* उपन्यासमा पनि लागू हुन्छ । उपन्यासमा प्रयोग भएका सबै नारीहरू पुरुषको अधीनस्थ भएको कुरा तत्कालीन पुरुषप्रधान समाजले अस्वीकार गर्नु नै हो ।

महिलावादी विचारधाराका प्रवर्तक एङ्गेल्सका अनुसार इतिहासमा देखिएको पहिलो वर्गशत्रुता विवाहमा स्त्री तथा पुरुषबिच विकास भएको शत्रुताको रूपमा देखापरेको थियो र सबभन्दा पहिलो वर्गीय उत्पीडन पुरुषले नारीमाथि लादेको उत्पीडन थियो (एङ्गेल्स, २०६४ : पृ. १५७) । यसरी दासप्रथाको सुरु हुनुभन्दा पहिला दासताको स्वाद चाख्ने पहिलो वर्ग नारी वर्ग नै थियो । आर्थिक शोषणको आधारमा सुरु भएको नारी शोषणको स्वरूप सभ्यताक्रममा सुरु भएका शिक्षा, राजनीति, नीति, नियम, मूल्य, मान्यता, दर्शन, साहित्य, आदिजस्ता समग्र सामाजिक, सांस्कृतिक संरचनाहरूमा विकसित भए जसको कारण विश्वको कुनै पनि सभ्यता, दर्शन, धर्म, इतिहास आदिले नारीलाई पुरुष वर्ग समान शक्तिको मान्यता प्रदान गरेन । समाज र संस्कृतिका व्याख्याताहरूले, दार्शनिक चिन्तकहरूले, इतिहासकारहरूले पौरुषेय दृष्टिले मात्र समाज र संस्कृतिको व्याख्या गरे साथै पुरुष केन्द्रित इतिहासको मात्र खोजी गरे । पूर्वीय चिन्तक मनुदेखि पश्चिमी आदिचिन्तक प्लेटोसम्म, हिन्दु धर्मदेखि क्रिश्चियन धर्मसम्म, प्रसिद्ध साहित्यकार बाल्जाकदेखि मानवतावादी रूसोसम्मका विचारमा महिलामाथि न्यायपूर्ण दृष्टिकोण रहेको पाइँदैन (त्रिपाठी, २०६९ : पृ. १५) । भोक र तिर्खाले व्याकुल हुँदै माइतीको शरणमा आएकी अवला नारी मायादेवीलाई उनका आफ्नै बाबाले बर्साएका वचनबाणहरूले कति छिया छिया पारे होलान भन्ने कुरा तलको अंशहरूमा प्रष्टसँग देख्न सकिन्छ :

> *अनि के गर्ने त मैले ? मर्ने ? अड्की-अड्की त्यति भनेर भित्र पस्न दैलोमा पुगेकी थेँ बाको झनै चर्को आवाज आयो, सँघारबाट भित्र खुट्टा नहाल् । जसरी आको उसै गरी जाने । घर खान नसकी नाक काटेर भागी आउनेलाई ठाम छैन यहाँ । यहँ आइपुगी हाली भनी ठाडै खुट्टा फिर्ता लिई आउँछु भनी वचन देर पठाको छु । रिसले बाको अनुहार रगत चुहुलाजस्तो भाथ्यो* (पृ. ९८) ।

माथिको उपन्यासको अंशहरूबाट समाजमा नारीवर्गलाई एकदमै तल्लो र सामाजिक हैसियत बिनाको निरीह प्राणीको रूपमा बुझ्न सकिन्छ । जुन घरमा जन्मी हुर्केर विवाह गरेर गएपछि माइती आउन पनि डराउनु पर्ने कुरा माथिको वाक्यांशमा देखिन्छ । बाल्यवस्थामै छोरीको इच्छाविपरीत उसलाई विवाह रूपी सामाजिक धोक्रोमा पोको पारेर पठाएपछि बल्ल शान्तिको स्वास लिने तत्कालीन पितृसत्तात्मक समाज मायादेवीको इच्छा र आकाङ्क्षालाई गोलमटोल गरेर सिध्याउने प्रपञ्चमा लागेको देखिन्छ । ससुरालको अमानवीय यातना र वचनबाणबाट वाक्क-दिक्क भई चार रात, चार दिन भोकै-प्यासै, जङ्गलमा जे भेटियो त्यही खाँदै, रुखमा बास बसेर, आफ्नो जन्मघरमा आएकी छोरीलाई "किन आयौ, घरमा केही दुःख पऱ्यो कि, केही दुःख दिएकी, हामीले तिम्रो खुसीको लागि के गर्नुपऱ्यो ?" भन्नु त कता हो कता उल्टै आफ्नो जन्मदिने बाबाले घरभित्र "छिर्न पाउँदिनस् । जेजस्तो यातना र पीडा दिए पनि तैँले सहनै पर्दछ र घर गरेर खानु पर्दछ" भन्ने कठोर वचन सुन्नु पऱ्यो । यस्तो अवस्थाको सिर्जना हुनु महिलाहरूको सामाजिक शक्तिसन्तुलन कमजोर नै हो । यदि महिलाहरूको अधीनमा सम्पत्ति हुने हो भने अर्काको हेपाइ र भनाइ खानुपर्ने थिएन । समाजमा महिलाहरूको शक्ति कमजोर हुनुको पछाडि उनीहरूको अधीनमा धन-सम्पत्ति नहुनु नै रहेको देखिन्छ । त्यसैले पूँजी, धनसम्पत्ति पनि समाजमा प्रभुत्व कायम राख्न सहयोगी साधन हुन् । जसलाई कार्लमार्क्सले महिलाहरूको शोषणको मुख्य कारण उनीहरूको आर्थिक अवस्था नै हो भनेका छन् ।

पूँजीवादी अर्थव्यवस्थामा उत्पादनका साधनले बडो महत्त्वपूर्ण भूमिका खेल्दछ । *योगमाया* उपन्यासमा प्रयोग भएको समाज सामन्ती पूँजीवादी प्रणालीलाई स्वचालित राख्ने खालको रहेको छ । माइतीमा श्रीलाल पाध्ये नेपाउने र कर्मघरमा ससुरा एवम् श्रीमान्को अधीनमा रही मेसिनले जस्तै काम गर्नुपर्ने तर त्यति काम गर्दा पर्न भरपेट खान नदिने तत्कालीन समाज मार्क्सले विश्लेषण गरेको पूँजीपतिहरूले औद्यागिक उत्पादनमा श्रमिकहरूलाई काम कजाएर अधिशेष (सरप्लस) मूल्य खानुसरह रहेको छ । काम भने बिहानदेखि साँझसम्म सारा नारीजगत्ले गर्ने तर त्यसको फाइदा जति पुरुषहरूले लिने र सोही धन र सम्पत्तिको आधारमा महिलामाथि राज गर्ने पुरुषप्रधान समाज मायादेवीको जिन्दगीमा अभिशाप बन्न पुगेको छ ।

महिलाहरू पुरुषको आधिपत्य, शोषण र दमनबाट चिरपरिचित नभएका भने पक्कै पनि होइनन् तर उनीहरूको हातमा उत्पादनका साधनहरू तत्कालीन सामन्ती पितृसत्ताले

पर्न नदिएकै कारण उनीहरू पितृसत्तात्मक समाजको जाँतोमा पिसिन बाध्य भएका हुन् । मायादेवी घरबाट भागेर बडाबाकोमा आउनु, परालको कुन्युमा लुक्नु, उनकी बडीआमाले पराल निकाल्दा देख्नु, उसलाई घरमा लैजानु, एकरात भए पनि वास दिनु, वास दिँदा यहाँ बसेका थाहा पाए भने मलाई नै गाह्रो हुन्छ भन्नु तत्कालीन समाजमा मायादेवी मात्र होइन, उनीकी बडीआमा पनि सामन्ती संस्कारको जाँतोमा पिल्सिन बाध्य भएको कुरा तलका हरफहरूमा देख्न सकिन्छ ।

> *राँको बनाउन सिठा मुठ्याउँदै थिन् बडीआमा । मैले भनें, 'भोलि सबेरै जान्छु । यो रात यहीँ सुत्छु हुन्न ?' धोद्लेबाट खबर लिई आका मान्छेहरू फर्केका छैनन् भने साथै लिई जालान् भन्ने डर चर्को थ्यो । बडीआमालाई पनि तिनरु फर्के-नफर्केको यकिन रैनछ । 'अपगाल आइपर्छ कि ?' बडी आमाले असिसिजो मान्दै भनिन् । साँझको पाहुना देवता भन्छन् । हुन्न कसरी भनूँ ? मुठीको सिठा अँगेनामा हालिन् बडीआमाले* (पृ. ९६) ।

उल्लिखित हरफहरूबाट पुरुषप्रधान हाम्रो समाजमा महिलाहरू निरिह र कमजोर अवस्थामा रहेको स्पष्ट देखिन्छ । घरबाट भागेर आएकी छोरीलाई वास दिँदा पनि अपगाल पर्छ की भनेर डराइ-डराइ वास दिने बडीआमाको सामाजिक अवस्था दोस्रो दर्जाको नागरिकको नै छ, किनभने भोलि उनका श्रीमान् आएर यसलाई किन घरमा वास दिएको भनेर बडीआमालाई नै घरबाटै निकाल्ने, दुःख दिने काम नहोला भन्न सकिन्न । तत्कालीन सामाजिक मूल्य र मान्यतामा महिलाहरू पुरुषहरूको सहायक पात्र मात्र रहेका छन् । उनीहरूलाई घरका कुनै पनि कार्यमा निर्णय लिने हैसियतमा रहेको देख्न सकिन्न । जुन कुरा बडीआमाले वास त दिन्छु तर यहाँ बसेको भनेर कसैसँग नभन्नु भन्ने शर्तमा उसलाई वास दिएकी छन् । यसलाई "हाम्लाई गाल पर्छ कि ? तेरा वचन हार्न नसकेर बस भनें । तर यहाँ रात बसेको कुरा कसैलाई नभन्नु है माया" (पृ. ९६) भनेर आफ्नो विवशता प्रकट गरेकी छिन् ।

प्राकृतिक रूपमा समान अस्तित्व, हैसियत र अधिकारसहित जन्मिएका नारी र पुरुष वर्गमध्ये नारी वर्ग चरम शोषण र उत्पीडनमा पर्नुको कारण सामाजिक, आर्थिक, सांस्कृतिक संरचनामा उनीहरूको भूमिका र स्वामित्वको अस्वीकृति रहेको कुरा माथिको उपन्यासको अंशमा देख्न सकिन्छ । बडीआमा, जसले आफ्ना छोराछोरी जन्माएर विवाह बन्धनमा बाँधिई घर खाने भइसकेका छन् तर उनी आफ्नै घरमा पराधीन भएर बसेकी छन् । सदियौँदेखि

त्यही घरको सेवा गरिरहँदा पनि त्यो समाजमा उनले गरेका कुनै पनि निर्णय सही वा गलत हो भनी कुनै निर्णय नै नगरी उनलाई विगतमा दुःख दिएकै कारणले उनले अहिले आएर मायादेवीलाई साँझको वास दिन पनि अनकन गरेको देखिन्छ । वास दिएकै कारणले कतै बडाबा आएर गाली पो गर्ने हुन् कि, श्रीलाल पाध्ये नेउपानेले नै कतै मेरी छोरीको घरवार बिगार गर्नका सहयोग गरेको भनेर सामामा पञ्च-भलादमी बोलाई कारवाही पो गर्ने हुन् कि भनेर उनको मनमा दचकच परिरहेको छ । उनको मनमा यस्तो हुनुमा उनी सामाजिक अवस्थामा दोस्रो दर्जाको नागरिकसरह जीवन जिउनुकै कारणले भएको हो ।

यो पितृसत्तात्मक समाजले जति दबाए पनि उनीहरूको मनमा भने एक किसिमको विद्रोह भने खुल्ला रूपमा देख्न सकिन्छ, जुन उनीहरूमा पलाएको नारीवादी चिन्तन हो भन्न सकिन्छ । नारीवादी चिन्तन त्यस्तो किसिमको राजनीतिक विचार हो जसले महिलामाथि हुने गरेका सबै खालका असमान व्यवहार र व्यवस्थाको जरैदेखि उन्मूलनको परिकल्पना गर्दछ । नारीवादी महिलाहरूले परिकल्पना गरेझैँ मायादेवी विवाह गरेर दिएको घरलाई चटक्कै छाडेर माइती भाग्नु तत्कालीन पितृसत्तात्मक सामाजिक मूल्य र मान्यतालाई ठाडो चुनौती पनि रहेको छ । 'मैले घर छोडेर गएँ भने पक्कै पनि मलाई यो पुरुषप्रधान समाजले सजिलो गरी बाँच्न दिन्न' भन्ने कुरा उनलाई थाहा थियो तर त्यसो हुँदाहुँदै पनि भविष्यमा आइपर्ने समस्यालाई नजरअन्दाज गर्दै घरबाट भाग्नु उनमा पलाएको नारीवादी चिन्तन नै हो भन्न सकिन्छ ।

तत्कालीन समाजमा मायादेवीमा मात्रै होइन, त्यहाँ भएका अन्य नारीहरू पनि नारीको समस्यामा साथ दिन अगाडि बढेको देखिन्छ । बडीआमा जसलाई यो समाजले सदियौँदेखि सतायो उनले मायादेवीलाई वास दिँदा भविष्यमा मलाई पक्कै पनि यो समाजले औला ठड्याउँछ भन्ने उनलाई थाहा थियो । यति हुँदाहुँदै पनि उनले मायादेवीलाई वास तथा खाना दिएर साथ दिनु उसको दुःख र दर्दमा साथ दिएको हो भने अर्कोतर्फबाट हेर्दा उनीमा आएको नारी चेतना नै हो भन्न सकिन्छ । यो समाज पुरुषप्रधान समाज हो जहाँ विभिन्न प्रपञ्चमा नारीमाथि हुने गरेका विभिन्न दमन र शोषणको प्रत्यक्षदर्शी ती बडीआमा छोरीको दुःखमा साथ दिनु भनेको तत्कालीन पुरुषप्रधान समाजलाई थोरै भए पनि चुनौती दिनु नै रहेको छ ।

## २.४ निष्कर्ष

यो परिच्छेद नीलम कार्की निहारिकाको उपन्यास *योगमाया*का नारीपात्रहरूको शक्तिसम्बन्धको निरूपण तथा विश्लेषणमा केन्द्रित छ । यहाँ लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक परिचय दिनुका साथै उक्त उपन्यासमा प्रयुक्त पात्रहरूको लैङ्गिक, आधारमा विश्लेषण गरिएको छ । नारीशक्तिसम्बन्धको सैद्धान्तिक स्वरूपअन्तर्गत विभिन्न विद्वान्-विदुषीहरूको भनाइलाई आधार मानेर नारीशक्तिको बारेमा अध्ययन गरिएको छ । यसअन्तर्गत  मानव जीवन र यसका सामाजिक सम्बन्धहरूको व्याख्या गर्ने विभिन्न चिन्तन र दर्शनहरूमध्ये नारीवाद (फेमिनिजम) एक सशक्त चिन्तन हो जसले नारी वर्गमाथि निरङ्कुश पितृसत्तात्मक सामाजिक व्यवस्थाद्वारा गरिएका शारीरिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक शैक्षिक, मनोवैज्ञानिकलगायत सबै प्रकारका शोषणहरूको विरोध गर्दै नारी हक र अधिकारको पक्षमा आवाज उठाउँछ भनिएको छ । यसमा नारीवादलाई उदार, मार्क्सवादी, आमूल, अस्तित्ववादी, मनोविश्लेषणात्मक, उत्तर-संरचनावादी, उत्तर-आधुनिकतावादी, पर्यावरणवादीलगायतका धारामा विभाजन गर्ने चलन रहेको बारेमा व्याख्या गर्दै शताब्दीयौँदेखि धर्म, संस्कार, परम्परा, आदर्श, मूल्य र मान्यताका नाममा नारी वर्गमाथि लादिएका कुसंस्कारका साङ्लाहरू चुँडालिनु पर्छ र नारीलाई पूर्ण मानवीय स्वतन्त्र अस्तित्व प्रदान गरिनु पर्छ भन्ने आवाजलाई नारीवादी चिन्तनले प्रमुख रूपमा उठाएको छ । सामान्य अर्थमा मानव समाजमा रहेको व्यक्तिको अस्तित्व नै उसको शक्ति हो भन्ने फ्रान्सेली चिन्तक मिसेल फुकोको शक्तिसम्बन्धी मान्यता जहाँ सत्य हुन्छ, त्यहाँ शक्ति हुन्छ भन्दै एउटा शक्तिशाली व्यक्तिले कमजोर शक्ति भएका व्यक्तिलाई सिध्याउन अनेक किसिमका षड्यन्त्रहरू रच्छन् र विभिन्न प्रकारका घात-प्रतिघातहरू हुन्छन् भनिएको छ ।

वर्गीय हिसाबले हेर्दा निम्न वर्गका तुलनामा उच्च वर्ग शक्तिशाली हुन्छ । शक्तिको खेल हरेक क्षेत्रमा हुन्छ । समाजमा सामान्यतया उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्ग गरी तीनओटा वर्गहरू रहेका हुन्छन् । लैङ्गिकताका कारण निम्न वर्गभित्रैका महिलाहरू पुरुषका तुलनामा अझ बढी उत्पीडित हुन्छन् । यसरी उनीहरू दोहोरो उत्पीडन तथा शक्ति प्रयोगका सिकार भइरहेका हुन्छन् । यसर्थ नीलम कार्की निहारिकाका उपन्यासमा नारी वर्गमाथि पितृसत्तात्मक समाजको दमन, उत्पीडन र शक्ति प्रयोगका साथै महिलामाथि पुरुष उत्पीडन र शक्ति प्रयोगको चित्रण सघन रूपले गरिएको पाइन्छ ।

# तेस्रो परिच्छेद

# *योगमाया* उपन्यासमा नारीपहिचान

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेद *योगमाया* उपन्यासका पात्रहरूको पहिचानको निरूपण र विश्लेषणमा केन्द्रित रहेको छ । यसै परिच्छेदमा नारी र पुरुषपात्रहरूको नारीपहिचानको परिचय दिएपछि यस उपन्यासमा प्रयुक्त नारीपात्रहरूको वर्गीय र लैङ्गिक पहिचानलाई आधार मानेर व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२ नारीपहिचानको सैद्धान्तिक स्वरूप

सामान्य अर्थमा 'पहिचान' भन्नाले कुनै पनि पात्रको सामाजिक हैसियत, वैयक्तिक क्षमता, गुण, दोष र स्वभाव सम्बद्ध समष्टि विशेषता भन्ने बुझिन्छ । पहिचानलाई व्यक्ति तथा समुदायको परिचयका रूपमा पनि प्रस्तुत गरिएको पाइन्छ । लैङ्गिक अध्ययनमा पनि पहिचानको महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

नारी पहिचानले विशेषगरी महिलाका बारेमा उनीहरूको आर्थिक, सामाजिक तथा राजनैतिक अवस्था के कस्तो छ ? महिलाको किन यस्तो अवस्था छ ? महिलाहरूबिचमा के-कस्ता फरकहरू छन् ? भन्ने प्रश्नहरूको उत्तर प्राप्त गर्ने गरी अध्ययन अनुसन्धानलाई अघि बढाएको पाईन्छ । यस सिद्धान्तको बारेमा आफ्नो धारणा प्रष्ट पार्ने क्रममा "महिलाको अवस्था कमजोर र असमान रहेको र यसको प्रकृति समाजअनुसार फरक-फरक हुने र यस्तो लैङ्गिक असमानतालाई बुझ्न महिला र पुरुषबिचको शक्ति सम्बन्धलाई बुझ्न आवश्यक हुन्छ । यसका लागि लैङ्गिक फरक स्थिति, असमानता, दमन र लैङ्गिक सम्बन्धलाई बुझ्नु पर्दछ" (आचार्य, २०६७ : पृ. २५) भनेका छन् । यस भनाइले कुनै पनि व्यक्ति तथा समुदायको पहिचानलाई लैङ्गिक, राजनीतिक, आर्थिक, सांस्कृतिक लगायत विभिन्न पक्षहरूको दृष्टिकोणबाट हेर्न सकिन्छ । पहिचानमा भाषा, धर्म, संस्कृति, लिङ्ग, भूगोल, जात, राष्ट्र आदि पक्षले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्यले निर्माण गरेको हुन्छ । व्यक्तिले बोल्ने भाषा, उसले अँगालेको धर्म र संस्कृति, उसको जात र राष्ट्रियता, उसले अँगालेको व्यवसाय आदि विविध पक्षले निर्धारण गरेको हुन्छ । लैङ्गिक अध्ययनमा पहिचानका पक्षहरू अत्यन्त उल्लेखनीय

हुन्छन् । लैङ्गिक अध्ययन सांस्कृतिक र राजनीतिक दुवै किसिमका हैकमवादका विरुद्धमा रहेको छ । लैङ्गिक अध्ययनले पहिचानका यिनै पक्षहरूको अध्ययन तथा विश्लेषण गर्दछ । समग्रमा भन्नुपर्दा राजनीतिक एवम् सांस्कृतिक अध्ययनका संरचनाभित्र पहिचान कसरी बन्दछ र एकपटक निर्मित पहिचान कसरी परिवर्तित हुन्छ भन्ने कुराको अनुशीलन लैङ्गिक अध्ययनमा गरिन्छ । यस क्रममा पहिचानलाई कुनकुन तत्त्वले प्रभाव पार्दछन् र पहिचानका निम्ति व्यक्ति र समुदायले के-कस्ता प्रयत्नहरू गर्दछन् भन्ने कुराको खोजी र विश्लेषण पनि यस अध्ययनमा गरिन्छ ।

लैङ्गिक सन्दर्भमा लिङ्गका आधारमा छुट्याइएको र निर्माण गरिएको भूमिकालाई नै पहिचानका रूपमा लिन सकिन्छ । समाजमा कार्य, भूमिका र शारीरिक बनावटका आधारमा उनीहरूको पहिचान पनि फरक-फरक रहेको देखिन्छ । हाम्रो समाजमा पुरुषहरू बहादुर र शक्तिशाली मानिन्छन् भने महिलाहरू कमजोर हुन्छन् भनी पहिचान दिइएको पाइन्छ । लैङ्गिक अध्ययनमा महिला र पुरुषबिच निर्माण गरिएको यस प्रकारको पहिचान र त्यसले पारेको प्रभावको अध्ययन गरिन्छ ।

समाजमा विभिन्न किसिमका वर्गहरू रहेका हुन्छन् । पहिचानका सन्दर्भमा एउटा वर्गको पहिचान उच्च, सम्भ्रान्त, सभ्य र शक्तिशाली समुदायका रूपमा स्थापित भएको पाइन्छ भने त्यसका व्यतिरेकमा अर्को वर्गको पहिचान निम्न, असभ्य, कमजोर, निर्धन, शक्तिहीन समुदायका रूपमा स्थापित हुन्छ । यो वर्ग समाजको सीमान्तीकृत वर्ग वा समुदायका रूपमा रहन्छ र यो सधैँ उच्च वर्गको सत्ता र शक्तिको प्रयोगको वस्तु बनिरहेको हुन्छ । यसरी समाजमा वर्गीय दृष्टिले पनि पहिचानको प्रश्न महत्त्वपूर्ण बनेको हुन्छ । निहारिकाको उपन्यास *योगमाया*मा पनि वर्गीय दृष्टिले देखिने पात्रहरूका भिन्न-भिन्न पहिचानको चित्रण गरिएको पाइन्छ ।

समाजमा विभिन्न किसिमका जातिहरू पनि रहेका हुन्छन् । जातीय संरचनामा निर्मित समाजमा जातिहरूको हैसियत अथवा स्थान समान किसिमको हुँदैन । कतिपय जाति आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि कारणले शक्तिशाली हुन्छन् र अन्य जातिमाथि तिनले आफ्नो वर्चस्व कायम गर्दछन् । नेपाली समाजका सन्दर्भमा अन्य जातिका तुलनामा ब्राह्मण र क्षत्री त्यस्तै वर्चस्वशाली जातिका रूपमा चिनिन्छन् । यसैगरी वर्णव्यवस्थामा आधारित समाज रहेकाले कानुनतः निषिद्ध भए पनि व्यवहारतः एकथरी जाति छुत र अर्कोथरी जाति अछुत बनाइने र यस आधारमा जातीय पहिचान नै अछुतका रूपमा

कायम हुने स्थिति रहन्छ र रहँदै आएको छ । यसै आधारमा समाजमा भिन्न जातीय पहिचानसँगै जातीय वर्चस्व र उत्पीडनको शृङ्खला कायम हुन्छ । *योगमाया* उपन्यासमा पनि भिन्न जातीय उपस्थिति, तिनको भिन्न पहिचान र वर्चस्व तथा सीमान्तीकरणको चित्रण गरिएको पाइन्छ ।

पूर्वीय जगत्भन्दा पश्चिममा सामाजिक विकासको गति तीव्र रूपमा भएकोले पश्चिमी नारीहरूले उत्पादनका क्षेत्रमा केही मात्रामा सहभागी हुने मौका पहिला प्राप्त गरेका छन् जसले उनीहरूलाई आफ्नो शोषण विरुद्धको चेतना जागृत गराउन महत्त्वपूर्ण आधार प्रदान गऱ्यो । उत्पादनका साधनहरूमाथिको पुरुष वर्गको एकाधिकार नै नारी वर्गमाथिको लैङ्गिक उत्पीडन वा पुरुष वर्गीय शोषणको प्रमुख आधार हो भन्ने चेतना जागृत भएपछि नारीहरू लैङ्गिक मुक्तिको पक्षमा आवाज उठाउन थालेका हुन् । पश्चिमी जगतमा मानवीय स्वतन्त्रता र समानताको लागि भएका ठूल्ठूला आन्दोलनहरूले नारी वर्गलाई पनि लैङ्गिक चेतना प्रदान गरेको छ । अमेरिकी स्वतन्त्रता सङ्ग्राम (सन् १७७५-८३) र फ्रान्सेली राज्यक्रान्ति (सन् १७७९) मा नारीहरूले आफ्नो लैङ्गिक मुक्तिको नारालाई पनि सशक्त रूपमा उठाएका थिए ।

अमेरिकी क्रान्तिमा नारी स्वतन्त्रताको अधिकार संविधानमै समेटिनु पर्छ भन्ने मागका साथ मर्सी बारेन र एविगेल एडम्सको नेतृत्वमा नारी आन्दोलन भएको थियो यद्यपि नारीलाई मानवीय अस्तित्व नै प्रदान नगरिएको तत्कालीन अवस्थामा त्यसको प्रतिरोधमा नै पुरुष वर्गले आन्दोलन गरेपछि त्यो सफल हुन सकेन । फ्रान्सेली क्रान्ति (सन् १७८९) मा 'ओमन रिवोल्युशनरी क्लब' मार्फत 'स्त्री नागरिकका अधिकारको घोषणा' तयार गरी सङ्गठित आन्दोलन गरिएको थियो, त्यहाँ पनि फ्रान्सेली क्रान्तिका नायकहरूले नारी समानतासम्बन्धी यी विचारहरूलाई खारेज गरिदिए (कात्यायनी, २०५८ : पृ. ३३) । फ्रान्सेली र अमेरिकी क्रान्तिमा नारी वर्गीय हित र अधिकरको पक्षमा उठाइएका विद्रोहका स्वरहरू नै नारीवादी चिन्तनका प्रारम्भिक आधारहरू हुन् जसले नारीहरूलाई अस्तित्ववान प्राणीको रूपमा नै मूल्याङ्कन नगरिने तत्कालीन परिस्थितिमा लैङ्गिक अस्मिताको प्रश्नलाई सामाजिक आन्दोलनको विशिष्ट पक्षको रूपमा उपस्थापन गराए ।

फ्रान्सेली नारीहरूको निरन्तर सङ्घर्षको फलस्वरूप सन् १७९२ मा नागरिकताको प्राप्ति, सन् १७९५ मा सम्बन्ध विच्छेदको अधिकार र शिक्षाको अधिकार प्राप्त गर्न नारीहरू सफल भए तर सन् १८०५ मा नेपोलियन कोड जारी भएपछि नारी वर्गका यी सीमित

अधिकारमा पनि प्रतिबन्ध लगाइयो । फ्रान्सेली नारी आन्दोलनसँगै जोडिएर आएको मेरी उलस्टोनोक्राफ्टको कृति *अ भिण्डिकेसन अफ राइट अफ ओमन* (सन् १७९२) ले नारी अस्मिता र अस्तित्वको पक्षमा सशक्त आवाज उठाएको छ । नारीका सम्बन्धमा व्यक्त गरिएका अमानवीय र तुच्छ बहसहरूको खण्डन गर्दै नारी, सामर्थ्य, शक्ति र अधिकारको पक्षमा आवाज उठाउने ऐतिहासिक कार्य उक्त कृतिले गरेको छ र यो नै नारीवादी चिन्तनसहितको प्रथम कृति हो ।

अठारौँ शताब्दीमा भएका आन्दोलनबाट कुनै प्राप्ति हासिल नभएपाछि उन्नाइसौँ शताब्दीको मध्यसम्म नारीवादी आन्दोलन सुसुप्त अवस्थामा रह्यो । त्यसै सन्दर्भमा नारीहरूको अधिकारको माग गर्दै र उन्नाइसौँ शताब्दीका नारीहरूको सामाजिक भूमिकाको माग गर्दै मार्गरेटले लेखेको कृति *ओमन इन द नाइन्टन्थ सेन्चुरी* (सन् १८४५) ले नारी वर्गीय आन्दोलनलाई एउटा दिशा प्रदान गऱ्यो । सन् १९४८ मा फ्रान्स र अमेरिकामा महिलाहरूको अधिकारको खोजीका लागि नारी सङ्गठनको निर्माण भयो र यी सङ्गठनहरूले उत्पादनका स्रोतहरूमाथिको पुरुष एकाधिकारको अन्त्य, समान ज्याला, समान सामाजिक राजनीतिक हैसियतको मागसहित आन्दोलनको सुरुआत गरे । त्यस्तै सन् १८७१ मा फ्रान्स, जर्मन, ब्रिटेनमा नारी ट्रेड युनियनको स्थापनाले श्रमिक नारीहरूको अधिकारको पक्षमा विद्रोहात्मक आवाज उठाएको छ । त्यसै क्रममा एङ्गेल्सद्वारा लिखित *परिवार, राज्यसत्ता र निजी सम्पत्तिको उत्पत्ति* (सन् १८७१) कृतिले नारी शोषणको ऐतिहासिक र वस्तुपरक आधार प्रदान गर्दै नारी मुक्तिको सबाललाई आर्थिक मुक्तिसँग जोडेर विश्लेषण गरेको छ, जुन नारी वर्गीय मुक्तिको सन्दर्भमा एउटा महत्त्वपूर्ण कोशेढुङ्गो सावित भएको छ ।

बिसौँ शताब्दीको सुरुआतसँगै स्थापित हुँदै गएका नवीन चिन्तन र दृष्टिकोणका साथ विकासको यात्रामा अगाडि बढेको समाज व्यवस्थामा लैङ्गिक शोषण विरुद्धको चेतनामा पनि वृद्धि भएको छ जसको कारण एकातिर सामाजिक रूपमा नारीवादी आन्दोलन थप सङ्गठित र विशिष्टीकृत रूपमा अगाडि बढ्यो भने अर्कोतिर नारीवादी चिन्तनयुक्त साहित्यलेखनले पनि तीव्रता प्राप्त गऱ्यो । सन् १९२० को दशकमा रिवेका वेस्ट तथा भर्जिनिया उल्फका कृतिहरूमा पितृसत्तात्मक समाजबाट नारीहरूले भोग्दै गरेको आर्थिक, शैक्षिक तथा प्राकृतिक प्रतिकूलता छर्लङ्ग पारिएको छ । यस सन्दर्भमा उल्फको *अ रूम अफ ओन्स ओन* (सन् १९२९) कृति नारीवादी आन्दोलनको महत्त्वपूर्ण दस्तावेज बन्न पुगेको

छ (शर्मा र लुईंटेल, २०६१ : पृ. ३७२) । त्यस्तै साइमन र बुभाको *द सेकेण्ड सेक्स* (सन् १९९४), बेट्टी फ्राइडनको *द फेमिनिन मिस्टिक* (सन् १९६८), केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (१९७०) कृतिहरू विशेष उल्लेखनीय छन् । यी कृतिहरूले नारीवादी चिन्तनलाई विशिष्ट दार्शनिक आधार प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (सन् १९७०) बाट नारीवादी चिन्तनले सूक्ष्म र गहनताका साथ नारी शोषणका आधारको खोजी एकातर्फ गरेको छ भने अर्कोतर्फ नारीवादी समालोचनाको आरम्भसमेत गरेको छ । यस अवधिमा एलेन सोवाल्टरले 'गाइनोक्रिटिक' शब्दमार्फत अगाडि सारेको नवीन समालोचनात्मक अवधारणाले पितृसत्ताले अवहेलना गरेको महिला इतिहासको खोजी, महिला लिखित साहित्यको समीक्षा तथा साहित्यमा रहेको महिला र पुरुषको उपस्थितिको नापजोख गर्ने काम प्रारम्भ गरेको छ (त्रिपाठी, २०६९ : पृ. ७२) । पुरुषकेन्द्री साहित्यको सट्टामा नारीकेन्द्री लेखन र विश्लेषण नारीवादी समालोचनाका मूल अभीष्ट हुन् । विश्व परिदृश्यमा नै एक जर्जर समस्याको रूपमा रहेको नारी शोषणको विरुद्धमा नारीवादी चिन्तनको आरम्भ भएपछि विश्वभरि नै यो तीव्रतर रूपमा प्रवाहित भएको छ जसको कारण विभिन्न चिन्तन र दृष्टिकोणहरूको विविधतामा सन् १९६० पछिको अवधिमा यो अझै विशिष्टीकृत र सूक्ष्म बन्दै गएको छ । विश्वका पृथक्-पृथक् सामाजिक र आर्थिक अवस्थाले सिर्जना गरेका नारी शोषणका पृथक् स्वरूपहरूले नारीवादी चिन्तनमा पनि विभिन्न दृष्टिकोणहरू स्थापित छन् । नारीवादका विभिन्न पक्षहरूमा जुन उदार नारीवाद, मार्क्सवादी नारीवाद, आमूल नारीवाद, समाजवादी नारीवाद, उत्तरआधुनिक नारीवाद, कालावादी नारीवाद, लेस्वियन नारीवाद, उत्तरउपनिवेशवादी नारीवाद, महिलावाद आदि छन् । नारी शोषणको आधार खोज्ने र मुक्तिको मार्ग पहिल्याउने पक्षमा यिनीहरूका आ-आफ्नै चिन्तन रहे तापनि सारमा नारी अधिकारको खोजी गर्नु नै सबै नारीवादी मान्यताको मुख्य लक्ष्य हो ।

नेपालमा विभिन्न धार्मिक संस्कार र परम्पराहरू नै महिला विरुद्धको हिंसाका प्रतिरूप हुन् । जस्तै : बोक्सीको आरोप लगाउने, बिरामी पर्दा डाक्टर नखोजेर धामी-झाँक्रीमाथि विश्वास गर्ने, महिलालाई दोषारोपण गर्ने र पिट्ने-कुट्ने गरेको पाइन्छ । अर्कोतिर महिलामाथि हुने मुख्य हिंसा भनेको भ्रूण हत्या पनि हो । आफ्ना आफन्तहरूबाट जबरजस्ती करणी र लैङ्गिक पहिचानका आधारमा छोरी भए भ्रूण हत्या गर्ने परिपाटी पनि दिनानुदिन मौलाउँदै गएको भेटिन्छ । यस आधारमा पनि महिलाहरू भ्रूण अवस्थादेखि नै

हिंसा व्यहोर्दै आएका छन् भन्न सकिन्छ (राकेश, २०५९ : पृ. १७) भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

## ३.३ *योगमाया* उपन्यासमा नारीपहिचानको विश्लेषण

नीलम कार्की निहारिकाको *योगमाया* उपन्यासमा लैङ्गिक कारणले सिर्जना भएका नारी र पुरुष पात्रहरूको पहिचानका आधारमा विश्लेषण गरिएको छ । भनिन्छ, नारी र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् तर उपन्यासमा नारीहरूलाई अलि बढी नै समाजमा सीमान्तकृत गरिएको छ । यस उपन्यासकी नारीपात्र मायादेवी आफ्नो सानो उमेरमा विवाह गरी श्रीमान्को घरमा जान्छिन् । जहाँ उनले आफ्नो पहिचान नै गुमाउनु परेको छ । श्रीमान्को घरमा जाँदा उनको माइतीबाट थर परिवर्तन गरेर उनलाई 'नेउपाने' बाट 'कोईराला' थरमा रूपान्तरण गरिन्छ । नेपाली पितृसत्तात्मक नेपाली समाजमा महिलाको स्थिति दयनीय रहेको छ । एउटै मान्छेको जन्मदा एउटा थर र गोत्र, विवाह गरेर अर्काको घरमा जाँदा अर्को थर र गोत्र । पुनः अर्को विवाह भएमा अर्को गोत्र र थर हुने जुन चलन नै समस्याको मूल हो भन्न सकिन्छ । यसरी हेर्ने हो भने महिलाहरूको आफ्नो पहिचान नै नभएको देखिन्छ । पहिचान यदि जन्मको जातको आधारमा खोज्ने हो भने त्यो अपरिवर्तनीय हुनुपर्ने हो तर यहाँ त्यस्तो देखिन्न । मायादेवीको विवाहपश्चात् परिवर्तन गरिएको जातको आधारमा उनलाई आफू जन्मिएको घरमा राख्न हुन्न भन्ने मान्यता पुरुषप्रधान समाजमा रहेको कुरा निम्न साक्ष्यबाट जान्न सकिन्छ :

> *छोरीलाई अर्घेलो देखेको होइन मायाकी आमा । गोत्र सारेर अर्कालाई दिएकी छोरी उनरुकै सम्पत्ति भै । उठाएर ल्याउन मिल्यो ? सबैले त खाएकै छन् घर । काम गरेर मरिन्थ्यो र ? फेरि के यता र उताको कुरा भो, सबैका माइती दुई पाइलोमा हुन्न र ? बाले ठूलो आवाज गरी तलबाट भन्नु भो ।*
>
> (पृ. १०४)

उल्लिखित कथनबाट के कुरा स्पष्ट हुन्छ भने एउटी अवला नारीको आफ्नो पहिचान पुरुषप्रधान समाजले छिन्न-भिन्न पारिदिएको छ । घरमा जाँदा घरमा गाली गर्ने, खान नदिने, मरिमेटेर काम गर्दा पनि कहिल्यै जस नदिने । घरको खटन सहन नसकी माइतीमा आउँदा पनि विवाह गरेर दिएकै आधारमा पुरुषप्रधान समाज र चालचलनको मूल्य, मान्यताको आधारमा छोरीको गोत्रसमेत सारेर अर्कैलाई दिइएको, अरूको नासो अथवा

सम्पत्ति हो, उसलाई माइतीमा राख्न मिल्दैन, दुःख सहेरै भए पनि त्यही घरमा बस्नु पर्छ भन्नु नारीहरूको पहिचान नै नभएको अवस्था हो ।

मान्छेलाई मान्छेको व्यवहार गर्नु त कता हो कता, माथिको कथनले उनीहरूलाई वस्तुको दर्जा दिइएको छ । यो समाजले नारीलाई हेर्ने दृष्टिकोण वस्तु वा सामान सरहको रहेको छ, जसलाई आफू खुसी मनलाग्दो तरिकाले साट्न, फेर्न, काममा लगाउन सकियोस् । यसरी मायादेवीलाई उनको घरमा होस् वा माइतीमा जहाँ पनि वस्तुसरह नै व्यवहार गरिएको छ । उनको मनको इच्छा, आकाङ्क्षा, खुसीको कुनै पनि कदर गरिएको छैन । यसरी उनलाई वस्तुसरह व्यवहार गर्नु उनको नारीपहिचानको अवमूल्यन नै रहेको छ ।

*योगमाया* उपन्यासमा वर्णित समाजको वस्तुपरक र ऐतिहासिक विश्लेषण गर्ने हो भन्ने सभ्यताको सुरुआतसँगै सुरु भएको निजी सम्पत्ति, परिवार, विवाहजस्ता संस्थाको उत्पत्तिसँगै नारी शोषणको पनि आरम्भ भएको कुरा यस उपन्यासमा देखिन्छ । मार्क्स र एङ्गेल्स (२०६४) का अनुसार निजी सम्पत्ति, परिवार, विवाहजस्ता संस्थाको उत्पत्तिसँगै समाज र पारिवारिक सङ्गठन दुवैमा नयाँ सामाजिक शक्तिको रूपमा पुरुष वर्गको उदय भयो र नारीजातिका मूलभूत अधिकारलाई ध्वस्त गऱ्यो । पारिवारिक संरचनामा आबद्ध भएपछि नारीहरू बच्चा स्याहार गर्ने र घरायसी अनुत्पादनमूलक कार्यमा सीमित पारिए र घर बाहिरको उत्पादनमूलक क्षेत्रमा पुरुषले आफ्नो पहुँच पुऱ्यायो र मूलतः त्यही आधारमा शोषणको प्रारम्भ गऱ्यो (पृ. ६७) । यो सबै हुनु पितृसत्तात्मक सामन्तवादी सत्ताले नारीलाई स्वतन्त्र देख्न नचाहनु र नारीका मनोभावनाहरू बुझ्नु नचाहनु नै नारीले उत्पीडन सहनुको मुख्य कारण हो । यस उपन्यासको मुख्य पात्र योगमाया तत्कालीन नेपाली समाजको एक प्रतिनिधि पात्रको रूपमा उपन्यासमा देखापरेकी छे । जसको माध्यमबाट नेपाली समाजमा नारीहरू स्वतन्त्र नभएको र यस अवस्थामा जिउन विवश छन् भन्ने तथ्यलाई पुष्टि गरेको छ ।

*योगमाया* उपन्यासमा सम्पूर्ण नारीपात्रहरू आफ्नो पहिचान गुमाउन बाध्य रहेका छन् । सन्तानको औधी मायाँ हुँदाहुँदै पनि मायादेवीकी आमाले श्रीमान्को सामुन्नेमा केही गर्न नसक्नु, मुख्य-मुख्य निर्णयहरू लिँदा आफूसँग कुनै सल्लाह नहुनु नै नारीहरूमाथिको दुःखको प्रारम्भ हो मायादेवीको विवाहको कुरा लमी देवीप्रसादले लिएर आउँदा छोरी सानी छ, त्यति टाढाको घर खान सक्दिन भनेर लाख बिन्ती गर्दा पनि मायादेवीकी आमाको कुरा नसुन्न पनि सिर्जित समस्याको मूल जरो बनेको छ । यसलाई "त्यति टाढा, त्यहाँ घर हुन्न

होला भनेर त भनेकै थैं । कसका कुरा सुनेको हो र त्यस बेलाँ ? वचन दिसकें, फेरिन्न मर्दका बोली” (पृ. १०४) भन्ने भनाइले पुष्टि गरेको छ ।

माथिका कथनमा छोरीको विवाहको कुरा छिन्ने बेलामा मायादेवीकी आमाले लाख विन्ति गर्दा पनि श्रीलाल पाध्ये नेउपानेले नमानेको कुरा स्पष्ट देखिन्छ । छोरी हो अर्काका घर जानै पर्छ र जति दुःख पाए पनि सहनु पर्दछ भन्ने सोचले ग्रसित उनको मन कति गर्दा पनि फेरिन्न र विवाह भएरै छाड्छ । मायादेवीकी आमाले भनेझैं मायादेवीको जीवनमा समस्या आउँछ । यसबाट पहिलेदेखि नै महिलाहरूलाई दबाएर राख्नु पर्दछ, उनीहरूलाई पशुवत व्यवहार गर्नुपर्दछ, नारीहरू भनेका पुरुषहरूले भनेको मान्ने जात हुन् र यिनीहरूले केही पनि गर्न सक्दैनन भनेर उनीहरूको पहिचान नै नष्ट गर्न खोजिएको छ । पितृसत्तात्मक समाजले छोरीलाई खुल्ला वातावरणमा हिँड्न बन्देज लगाएका कारण मायादेवीकी आमाले समेत आफ्नो परिवारमा श्रीमान्को समेत हप्की र दप्की खानु परेको छ ।

*योगमाया* उपन्यासमा महिलाहरूले पुरुषप्रधान समाजले बनाएको नीति र नियममा बस्नु पर्ने बाध्यता रहेको छ । यस्तो नियम र कानुनमा नबस्दा कुलकै इज्जत जान्छ भन्ने सोचका कारण धेरै महिलाहरूले आफ्नो पहिचान गुमाउनु परेको छ । घरबाट भागेर आएकी छोरीलाई तुरुन्तै त्यही घरमा लगेर हुलिदिनु पर्छ अन्यथा कुलको इज्जत जान्छ भन्ने कुरालाई निम्न साक्ष्यले प्रष्ट पारेको छ :

> *ताँ जे भन् मायाकी आमा, अरूका मात्र दोष देखेर हुन्न । यसका पनि त होलान् गल्ती । जे जसरी हुन्छ यसलाई एकबाजी फेरि घर हुलिदिनै पर्छ । त्यसपछि पनि भएन छ भने जे गरम्ला गरम्ला । पाल्नै परेपछि पालम्ला । घरकाले भित्रन दिएनन रे भन्दा हाम्रो इज्जत कहाँ पुग्ला विचार गर त ? बाले भन्नु भो* (पृ. १०४) ।

माथिको उपन्यासको अंशमा हाम्रो समाजमा नारीहरूको कुनै स्थान नै छैन । उनीहरूलाई पुरुष जातिले जे गऱ्यो, त्यही मान्नुपर्ने र जति भन्यो त्यति गर्नुपर्ने देखिन्छ । यसबाट उनीहरूको आफ्नो पहिचान नै हराएको देखिन्छ । मायादेवीका बाबुले छोरीले घर छोडेर किन आएको, के दुःख दिएर आएको भन्ने कुरा नसोची विवाह गरेर दिएकी छोरी माइत आउँदा उनको कुलको इज्जत जाने डरले उनलाई सताएको छ । छोरीले कर्मघरमा के-कस्ता पीडाको कारणले घर छोड्नुपऱ्यो भन्ने कुराले उनलाई कत्ति पनि पिरोलेको छैन ।

कर्मघरमा योगमायाले पाएको पीडा र त्यसबाट सिर्जित भयावह अवस्थाको बारेमा तलको भनाइले पुष्टि गरेको छ :

> *भोकका बेला खान दिन्नन्, काम मात्रै गराउँछन् । भाले नबास्दै उठाउँछन् । लिपपोत, पानी पँधेरो, घाँसदाउरा, मेलापात, गोठालो सबै गर्नुपर्छ । बिरामी भए पनि आज सन्चो छैन भन्न पाइन्न । गोरुझैँ जोतिने हो । उठ्दै अल्छिनी बस्दै अल्छिनी भन्छन् । भैँसीले दूध कम दिए मेरै आँखा लाको रे । गोरु मरे पनि मेरै दोष रे । याँ भित्राको दिनदेखि कहिले राम्रो भएन भन्दै जे भए पनि मेरै टाउकामा लाउँछन् । म त्यो घराँ जान्नँ आमा, बरू मर्छु* (पृ. १०१) ।

उल्लिखित भनाइबाट मायादेवीलाई उसको घरमा कुनै मानवीय व्यवहार भएको देखिँदैन । बिहान उठेदेखि साँझ ढिलासम्म पूरापूर काममा नै जोतिनु पर्ने, त्यसरी काममा जोतिँदा पनि उनलाई कहिल्यै भरपेट खान नदिने, घरमा केही काम बिग्रियो भने पनि उनलाई नै यसको कारकतत्त्व सम्झने र गाली-बेइज्जत गर्ने कार्यले उनलाई त्यो परिवारमा मानवताको दर्जा नै दिएको पाइँदैन । जसले गर्दा यस संसारमा नारी भएर जन्मिनु नै अपराध हो कि भन्ने भान उनमा परेको छ । मायादेवीले गाएको तलको गीतमा पनि नारीको अस्तित्व सङ्कटमा परेको कुरा झल्किन्छ :

> *यकता जन्मी पनि हुँ स्त्री जाति*
>
> *कुलमा पनी हिनछु बहूत भारी ।*
>
> *उस्मा पनि फेर् वय आज गैगो*
>
> *सम्झन्छु सन्ताप् अति जीर्ण भैगो ॥* (पृ. १०८)

माथिका हरफहरूमा नारीजाति जन्मसिद्ध तल्लो तहको, दोस्रो दर्जाको नागरिक भएको कारणले उनी आज आफ्नो कुल (परिवार) मा भारी भएकी छन् । घरमा मानवताको व्यवहार नगर्दा खप्न नसकी माइतीमा आउँदा विभिन्न खाले हुण्डरीहरू सहनु परेको तीतो यथार्थ यी वाक्यांशहरूमा देख्न सकिन्छ । उनका अनुसार महिलाहरू जन्मदै खोटो भाग्य लिएर आएको भएर होला जहाँ पनि, जहिले पनि समस्याको भूमरिमा पर्नु परेको । दोस्रो दर्जाको, हेपिएको, पछाडि पारिएको नारीजातिले आफ्नो अस्तित्व र पहिचान पाउन सकेका छैनन् । श्रेष्ठ (२०६८) ले “अङ्ग्रेजी शब्द सबाल्र्टनले सदियौँदेखि शासित, आवाजविहीन

तथा इतिहासविहीन वर्गलाई जनाउँछ" (पृ. ७०) भनी सबाल्टर्न शब्दको अर्थ स्पष्ट पारेका छन् । उनका अनुसार सदियौदेखि पितृसत्तात्मक परम्परा समाजमा हावी रहेको छ । पुरुषहरू शासक वर्गको रूपमा समाजमा स्थापित रहेका छन् भने महिलाहरू शासित वर्गको रूपमा समाजमा रहेका छन् । यसरी शासक वर्गले शासित वर्गलाई आफ्नो शक्तिको हैकम देखाएको छ । यही शक्ति र हैकमको बलमा सारा नारीजातिले आफ्नो पहिचान नै गुमाउन बाध्य भएका छन् ।

*योगमाया* उपन्यासमा पनि तारालाल श्रेष्ठले भनेझैं सारा नारीजातिले आफ्नो अस्तित्व पाउन सकेका छैनन् । बुहारी हुँदा दुःख पाउने र सासु हुँदा आफू बुहारी हुँदा पाएको दुःख र सास्तीलाई साँवा-ब्याज गरी बुहारीबाट उठाउने प्रचलनले महिलाजातिहरू थप कमजोर रहेको प्रष्ट देख्न सकिन्छ । शक्तिको प्रवाहमा महिलाले नै महिलामाथि गर्ने दुर्व्यवहार र शोषणको कारणले मायादेवीले कर्मघर छाड्न बाध्य भएकी छन् । आफ्नो बाल्यकालमा नै विवाह गरी आएको घर, जहाँ उनले आफ्नो सारा लगन र सीप लगाएर काम गरेकी थिईन् त्यो घर छाड्ने रहर त उनलाई पनि कहाँ थियो र । तर त्यो समाज र त्यो घर जहाँ आफ्नो अवमूल्यन भएको हेर्न नसकी उनी त्यहाँबाट भाग्न बाध्य बनाएको परिस्थिति सिर्जना भएको छ । उनी भाग्नुको पछाडिको कहर भनेकै पितृसत्तात्मक समाजमा महिलाहरूलाई गरिने पशुवत व्यवहार नै रहेको छ ।

पितृसत्तात्मक समाजले जति दुःख दिए पनि मायादेवी त्यत्तिकै हार मान्ने खालकी महिला भने होइनन्, किनभने उनी जतिफेर लड्थिन त्यति नै फेर फेरि उठ्ने क्रम जारी रह्यो । पुरुषप्रधान समाजको थिचोमिचोमा उनले आफूलाई सम्हाल्ने धेरै कोशिस गरिन् तर त्यो समाजले उनलाई राम्रोसँग स्वतन्त्र रूपमा स्वास पनि लिन दिएन । यसै अवस्थामा मायादेवीबाट भनिएको तलको भनाइले प्रष्ट पारेको छ :

> *के भनुम् दुलही । बाँच्न खोजें । खुसी पनि खोज्न त खोजें होला तर जहाँतहीँ दुःखकै सागर थ्यो । खुसी तगारो नेर आफैँ गर्थ्यो फेरि उतै फर्कन्थ्यो । छुन्दैनथ्यो मलाई । लडेको मान्छे उठेर हिँड्न खोजें । त्यसरी हिँड्न खोज्नु मेरो महागल्ती जस्तो भो । त्यसैले त झन् ठूला-ठूला खाल्टामा लड्दै गएँ । त्यही लडेको खाल्टामा हराउनु पर्ने, पुरिनुपर्ने थ्यो होला तर त्यहाँबाट निस्किने हिम्मत गरें । आफू बाँचेको अस्तित्व अनुभव*

*गर्न खोजेँ । सबका नजरमा म हाँस्न खोज्नु गल्ती । म बाँच्न खोज्नु महागल्ती* (पृ. १११) ।

नीलम कार्की निहारिकाले *योगमाया* उपन्यासमा नेपाली समाजको यथार्थ चित्रण उल्लेख गरेकी छन् । तत्कालीन पुरुषप्रधान उच्च ब्राह्मण समाज महिलाप्रति निकै नै उदासिन र बर्बर भएको दर्साइएको छ । विवाह गरेको घरमा निकै नै दुःख र कष्ट भएपछि सहन नसकेर माइतीमा आउनु पक्कै पनि उनको गल्ती थिएन, गल्ती थियो भने त्यो पुरुषप्रधान सोचको थियो । समाजमा मायादेवीले घर छोडेर आएको कारणले गर्दा उनको माइतीलाई निकै सामाजिक समस्या भोल्नु परेको कुरा छर्लङ्ग छ भने त्यसका प्रमुख कारक तत्त्व भनेकै उनका बाबा नै रहेका छन् । समाजमा भए-नभएका कुराहरू काटे भनेर छोरीको कारणले दिनरात श्रीमतीलाई गाली गर्ने, उनलाई बस्न नसक्ने बनाउने कारक तत्त्व नै पुरुषप्रधान समाज रहेको छ । महिलालाई सधैँभरि वस्तु ठान्ने यो पुरुषप्रधान समाजलाई चुनौती दिँदै मायादेवी आफ्नो माइतीमा आइन् । त्यहाँको समाजले पनि उनलाई मानवीय व्यवहार गरेन । उनको कुनै पनि गल्ती नहुँदा-नहुँदै पनि उनको चरित्र हत्या गरियो । यसलाई तलको कथ्यले प्रष्ट पारेको छ :

*मेरो चरित्रमाथि पो औँला उठाएछन् । कुरै त्यही रातलाई लिए रे । कोसँग कहाँ-कहाँ बसी तीन रात भन र'छन । कुरो सुनेर निकै नराम्रो लागे । त्यसरी नखाको लाग्दा औँधी चिन्तामा थेँ* (पृ. १०५) ।

पुरुषले कैयौँ दिन बाहिर बिताउन सक्ने तर महिलाले एक रात पनि कहीँ-कतै गएर बिताउँदा उसको चरित्रमाथि नै प्रश्न चिन्ह खडा गर्ने तत्कालीन पुरुषवादी मनोवृत्तिका कारण मायादेवीको चरित्रमाथि नै प्रश्न चिन्ह खडा भएको छ । घरबाट भागेर माइती आउँदा बाटोमा रात परेर उनी जङ्गलमा भोकभोकै वास बसेको हो भनेर बुझाउने हजार कोसिस गर्दा पनि नपत्याउने र उल्टै उनको चरित्रमाथि नै प्रश्न चिन्ह खडा गर्ने तत्कालीन पुरुषप्रधान समाजले नारीलाई कुनै पनि किसिमको सामाजिक अस्तित्व दिएको देखिँदैन । राजनैतिक, आर्थिक, सामाजिक रूपमा पछि पारिएका नारीहरूको नारी पहिचानलाई नै तत्कालीन समाजले स्थान दिएको देखिँदैन । बलजफ्ती उनको चरित्रमाथि प्रश्न चिन्ह खडा गरेर एकचोटि भागेर हिँडेको महिलालाई फेरि घरभित्र ल्याउनु हुन्न भन्ने सोचले ग्रसित तत्कालीन समाज महिलाप्रति अति कठोर देखिएको छ ।

तत्कालीन नेपाली समाज महिलाप्रति अति नै कठोर देखिन्छ । दुःख परेको बेलामा साथ दिनु त कता हो कता, जोरीपारिले पनि दिनुसम्म दुःख दिएको सम्झन्छिन् । उनको खाटा बस्न लागेको घाउ कोट्याउनेहरू त्यही सामाजिक संरचनाभित्र रहेका पुरुषप्रधान मानसिकताबाट ग्रसित महिला र पुरुषहरू नै थिए । यसलाई तलको साक्ष्यले स्पष्ट पारेको देखिन्छ :

> *मेरो घाउ कोट्याउँथे । भन्थे - कहिले जान्छेस् त माया पोइको घर ? कोही भन्थे, 'ती तीन रात जङ्गलमै बास हो त ? डर लाग्थ्यो होला हो ? धर्म भाकेर भन त कोही थिएन साथाँ ? कोहीका कुरा 'कत्रो हिम्मत गर्न सकेकी ? एक्लै नै हिँडेकी होस् त त्यत्रा बाटा ? कोही भन्थे 'जे भए पनि घरा जति इज्जत माइती बसेर कहाँ हुँदो हो ? आमा बा सधैँ रहने छैनन । पछिकाको हैकम चल्ने दिन न घरकी न घाटकी भइन्छ । विचार पुऱ्या मया* (पृ. १०६) ।

तत्कालीन सामाजिक संरचना नै त्यस्तो किसिमले पुरुषप्रधान समाजले बाँधेर राखेको छ कि जो-कोही यसका मूल्य र मान्यताहरू मान्न बाध्य भएका छन् । कसलाई कुन हिसाबले गिराउन सकिन्छ र समाजमा हाँसोको पात्र बनाउन सकिन्छ भन्ने तत्कालीन पितृसत्तात्मक समाजले मायालाई सामाजिक कलङ्कको टीका लगाउन पछि परेका छैनन् । कहीँकतै जाँदा महिलाले पुरुषलाई साथमै लिएर जानुपर्ने नत्र उसको चरित्रमाथि नै प्रश्न चिन्ह खडा गर्ने पुरुषप्रधान समाजको अधीनमा महिलाहरूको पहिचान रहेको कुरा *योगमाया* उपन्यासमार्फत नीलम कार्की निहारिकाले उजागर गरेकी छन्

महिलालाई खेल र मनोरञ्जनका बस्तु ठान्ने तत्कालीन पुरुषप्रधान समाजले महिलाले कुनै गल्ती नगर्दा पनि गल्ती देख्ने तर पुरुषले बहुविवाह गर्दा पनि मान्यता दिने जुन परम्परा उपन्यासमा देखाइएको छ त्यो पुरुषप्रधान सोचको उपज हो । मायादेवीले श्रीमान्को मन कहिले पग्लिन्छ र लिन आउँछन् भनेर पर्खी बस्ने तर उता श्रीमान्ले दोस्रो बिहे गरेको खबरले मर्माहत बनाएको कुरा तलको भनाइले पुष्टि गरेको छ :

> *यस्तैमा एकदिन ढकाल गाउँतिरबाट खबर आयो 'काशिराजका छोरा ईश्वर पाध्ये कोइरालाको दलगाउँकी सुवेदीकी छोरीसँग बिह भो रे !' अलिकति भको आशा पनि तुहियो । त्यसपछि त त्यो घर सधैंका लागि बन्द भएछन् भन्ने*

*लागो । मन पनि पुरै मऱ्यो । हेला, अपगाल जेजे भए नि माइतीमा शरण भने पाएँ । त्यस समयलाई त्यही ठूलो कुरा भो मेरा लागि* (पृ. १०६) ।

उपर्लिखित उपन्यासको अंशबाट तत्कालीन पुरुषप्रधान समाजमा पुरुषले जे गर्दा पनि हुने तर महिलाले केही गर्दा पनि नहुने । घरमा छँदा पनि मान्छेको व्यवहार नगर्ने, कुनै गल्ती नै नगरेको व्यक्तिलाई पनि उसको चरित्रहत्या गर्नसम्म पछि नपर्ने, महिलाहरूको लागि निकै नै कहर सावित भएको छ । नियम कानुन पनि महिलाहरूलाई मात्रै लाग्ने तर श्रीमान्ले अर्को विवाह गर्दा पनि महिला चुप लागेर नै बस्नु पर्ने तत्कालीन सामाजिक परिस्थितिले तत्कालीन समाज महिलाहरूको लागि निकै ने कठिन रहेको बुझिन्छ । मायादेवी आफ्नो स्वतन्त्र जीवन जिउन खोज्दा पनि तत्कालीन समाज उसको अगाडि पहाड नै बनेर उभिएको छ । गाउँलेहरूले भनेका कुरा सबै सत्य हुन् भन्ठान्ने पुरुष पात्र श्रीलाल पाध्ये नेउपाने आफ्नै छोरीको लागि समस्या बन्दै गएका छन् । उनको दिनदिनैको कचकच र झगडाले माया मात्रै होइन मायादेवीकी आमाको दैनिकी पनि समस्यामा परेको छ । ती आमा-छोरीको जीवन पुरुषप्रधान समाजको हातमा खोलौनामा सीमित भएको कुरा तलको साक्ष्यले प्रस्ट पारेको छ :

*जे भए पनि माइतीको आश्रय पाएर एउटा ज्यान पाली बसेकी थेँ । एकदिन भर्खर एक भारी दाउरा ल्याएर खलियोनिर बिसाउँदै थेँ । बा बाहिरैबाट मुरमुरिँदै आउनुभो । 'अब बचेखुचेको इज्जत पनि सकियो यो राँडले गर्दा ।' मतिर फर्केर धारेहात लाएर फेरि भन्नुभो, 'समाजाँ मुख देखाउन नुहने भो । कि त धनसाराँ लुकेर घरै बसेभो कि त भने यो ठाम नै छोडेर मुग्लान पसे भो । अर्को उपाय केही रहेन यी दुईबाहेक ।'*

*'के भो फेरि ? किन हो छोरीलाई फुटेका आँखा देख्न नसक्ने ?' त्यस बेला आमा दोजिया भएकाले उठी उठी कुचो लाउँदै हुनुहुन्थ्यो । आँगनाँ बढार्न छोडेर कम्मरमा हात लाएर भन्नुभो (पृ. ९७-९८) ।*

माथिको उपन्यासको अंशबाट ती आमा-छोरीको जीवनशैली दबिएको, दोस्रो दर्जाको र आफ्नै घरमा पनि पराधीन भएर बस्नु पर्ने अवस्था भएको प्रष्ट हुन्छ । रातदिन घाँस-दाउरा गर्दा पनि गाउँलेले खै के-के हो ? के-के हुने-नहुने, भए-नभएका कुराहरू पुरुषपात्र श्रीलाल पाध्ये नेउपानेलाई लगाउँदा उनले सही के हो र गलत के हो भनेर नछुट्याइकनै

छोरीमाथि अरिङ्गाल लागेजस्तो बर्सिने गरेका छन् । उनी त्यसरी बर्सिने क्रममा उनले सारा नारीजातिलाई पनि यसरी सरापेका छन् :

> *'सोध त्यसैलाई । टाउकोमा चढाएर राखेकी छस् । अब भोग आफैँ ।' बाले मलाई हेरी धारेहात लाएर जवाफ दिनुभो ।*
>
> *'भन्नु न आफ्नै मुखले के भो ? किन रेला गर्नुभाछ । के बिराम गरिछ, अब सुनुम् म पनि ।' आमाले बालाई भन्नु भो ।*
>
> *'तेरी छोरी तलको आसामे कँडेलसँग सल्किएकी छ अरे । वन जङ्गलाँ मात्रै कतिले भेटिसके रे । बाँधेर राख् तेरी छोरी होइन भने नाम्लो, डोरी दिएर पठा भिरतिर'* (पृ. ९८) ।

माथिका हरफहरूमा समाजमा नारीले भोग्नुपरेको अन्याय र अत्याचारको विचरण गरिएको छ । तत्कालीन पितृसत्तात्मक समाजलाई मायादेवी यसरी माइतीमा आएर बसेको कत्ति पनि चित्त बुझेको छैन । त्यसैले बेलाबेलामा विभिन्न कुप्रचार गरी मायादेवीलाई सताउने प्रयास गरिएको छ । यसरी सताउनुको पछाडि मायादेवीलाई बलिको बोका बनाएर अब आउने समयको लामो अन्तरालसम्ममा कुनै पनि नारीले पुरुषले जति दमन गरे पनि विद्रोह गरेर यसरी घरबाट बाहिर निस्कियोस् भन्नु नै रहेको छ । होइन भने किन श्रीलाल पाध्ये नेउपाने यसरी आफैले जन्मदिएकी छोरीलाई यति बिघ्न सराप्थे होलान् ।

दिनरात छोरीलाई सराप्नुको पछाडिको उद्देश्य भनेको नै मायादेवीले उठाएजस्तो आवाज उठाउनेलाई चुनौती दिनु रहेको छ । महिलाहरूले समाजमा दोस्रो दर्जाको रूपमा जीवन जीउनु नै उनीहरूको दैनिकी रहेको छ । माइतीमा बाबुको, विवाहपछि सासुससुरा र बुढेसकालमा छोराको अधीनमा रहनु पर्ने महिलाको नियति नै बनेको छ, जसले गर्दा उनीहरूले आफू स्वतन्त्र रूपमा बाँच्न नसक्ने भइसकेका छन् । मायादेवी र उनकी आमाको दैनिकीमा पनि उनका बाबुको सताइले अहम् भूमिका खेलेको छ ।

कर्मघरमा अति नै अमानवीय यातना भोग्नु परेपछि भागेर माइतीमा आएपछि केही कम हुन्छ कि भनेर भागेर आएकी मायादेवीलाई तत्कालीन समाज र उनकै बाबुबाट दैनिकजसो नै प्रताडित हुनु परेको छ । साथीसङ्गीहरूले साँच्चै नै जङ्गलमा एक्लै रात काट्यो वा कोही साथमा थियो भन्नु र बाबुले आफ्नो आँखाले नदेखी छोरी तलको आसामे कँडेलसँग लसपस गर्छे भन्ने बिना तुकका कुराहरू गर्दै प्रायः घरमा रडाको मच्चाउनु

तत्कालीन समाजले नारीजातिलाई दोस्रो दर्जाको मानिसको रूपमा हेर्नु रहेको छ । यसरी नै महिला गर्भवती हुँदा चाहिने मायाँ, ममता र स्नेहबाट वञ्चित हुनु भनेको अति नै पीडादायी अवस्था हो । उपन्यासमा श्रीलाल पाध्ये नेउपानेले आफ्नी श्रीमती गर्भवती हुँदा पनि छोरीको निहुँमा उनलाई प्रायः प्रताडित गर्ने गरेको कुरा तलको साक्ष्यबाट प्रष्ट भएको छ :

> *गाउँमा अर्को हल्ला रछ । म धोद्लेबाट कोही केटोसँग पो भागी हिँडेकी थिएँ रे । देख्ने ज्यूँदै रे । हात समाएर हिँडेकी थिएँ रे ओरालामा । उसैसँग रात बसेँ रे ।*
>
> *बाका कानाँ पनि ती सबै कुरा परेछन । त्यसैले त होला दिनदिन मलाई झन् बेसी आँखा तरेर हेर्न लाग्नुभो । त्यसै-त्यसै झोक्किने, चिच्याउने, आमालाई पनि ससानो कुरामा गाली मात्र गरिरहने* (पृ. १०६) ।

*योगमाया* उपन्यासमा नारीहरूको स्थान एकदमै तल्लो स्थानमा रहेको देखिन्छ । उनीहरूको बारेमा बोल्ने वा सुन्ने कोही पनि छैनन् । तत्कालीन पितृसत्तात्मक समाजले जे अवफाह फैलायो त्यही नै सत्य सावित हुन्छ भन्ने कुरा माथिको अंशमा पनि देख्न सकिन्छ । रातको दश-एघार बजे भागेकी मायादेवी, घरबाट सिधै माइतीको शरणमा जानको लागि हिँडेको देखिन्छ तर उनका घरपट्टिका मानिसहरूले उनलाई बेइज्जत गर्न र आफूले गरेका गल्ती ढाकछोप गर्नका लागि भए-नभएका कपोलकल्पित कुराहरूको प्रपञ्च गरेका छन् । दुर्भाग्यवश उनका बाबुले सो कुराको खण्डन गर्नुपर्ने ठाउँमा उल्टै होमा हो मिलाएर आफ्नै छोरीलाई प्रताडित गर्ने कार्य गरेको देखिन्छ । यसरी कुनै प्रतिक्रियाविना सामाजिक अफवाहरूको पछि लाग्नुको पछाडि तत्कालीन सामाजिक परिवेश नै जिम्मेवार रहेको देखिन्छ जुन परिवेश महिलाप्रति निकै नै क्रूर र पाशविक देखिन्छ । जहाँ महिलाहरूको स्वतन्त्रताको कुनै गुञ्जायस नै देखिँदैन ।

निहारिकाको *योगमाया* उपन्यासमा पुरुषप्रधान समाजको वर्चस्वका कारणले गर्दा महिलाहरू पुरुषको शासन, शोषण उत्पीडन र नियन्त्रणका कारण नारीपात्रको सामाजिक पहिचान कहालीलाग्दो रूपमा देखापरेको छ । उनको यो उपन्यासमा नारीपात्रहरू शैक्षिक चेतनाका दृष्टिले अनपढ, लैङ्गिक दृष्टिले उत्पीडित, वर्गीय दृष्टिले सीमान्तकृत निम्न र

भौगोलिक दृष्टिले ग्रामीण परिवेश रहेको देखिन्छ । त्यसैले गर्दा यो उपन्यास नारीपहिचानका दृष्टिले महत्त्वपूर्ण उपन्यासका रूपमा लिन सकिन्छ ।

उपन्यासकी मुख्य पात्र समाजमा हेलित र घृणाकी पात्र बनेकी छन् । उनलाई श्रीमान्बाट माया र प्रेम नमिलेकाले पुरुषसँग बिरक्त पनि लाग्न थाल्यो र उनले सम्पूर्ण पुरुषलाई उजाड, कर्कस र निर्दयी पात्रको रूपमा लिइन् । यसैले उनी तल्लाघरे आसामे कँडेलसँग सल्किनु पर्ने कुनै आवश्यकता देखिँदैन । उनलाई अहिले प्रायः बाबुको टोकसोले कहाँ जाऊँ र के गरौँ भन्ने बनाएको छ । जसले गर्दा उनीभित्रको हुट्हुटी, वनले आइज र घरले जा-जा भन्ने अवस्थामा उनले माइती पनि छाडेर आफ्नो खुट्टामा उभिने दृढ सोचका साथ स्वतन्त्र जीवनयापनको लागि माइतीघर पनि छोड्ने निधो गर्छिन् । उनको दृढताको बारेमा तलको साक्ष्यले स्पष्ट पारेको छ :

> *एक साँझपख मझुवाको खेत गएर कात्तिके पाखातिरबाट फर्कंदै थेँ । तलका कँडेलसँग भेट भो । उनका घरनिर आइपुगेपछि छुट्ने बेलाँ कँडेलले भने, 'म भोलि आसाम जाँदै छु ।'*
>
> *मैले भने, 'बाहिर कतै काम गरी ज्यान पाल्ने मन छ मेरो पनि । दिएकी छोरी बाआमाको लागि अझै ठूलो भारी भइने रछ । कति यसरी बसुँ ? काम पाइन्छ त्यता ?'*
>
> *'किन नपाइँदो हो, खेतीपातीको काम जत्ति पाइन्छ । सीप र जाँगर भए कामको के हर्जो ?' उनले भने ।*
>
> *'त्यसो हो भने म पनि जान्छु, मलाई पनि साथ लैजानु हुन्छ ?' मैले भनेँ*
>
> (पृ. १०९) ।

माथिको कुराकानीमा के कुरा देख्न सकिन्छ भने एकचोटि विवाह गरेर गइसकेपछि छोरीलाई माइतीमा बोझको रूपमा लिने गरिन्छ । आफूसँगै जन्मेको दाजुभाइले बाबाको अंश खाएर बस्ने तर छोरीले भने अर्काको घरका गएर अस्तित्वहीन जीवन जिउनु पर्ने नियति पितृसत्ताको कारणले ल्याएको छ । मायादेवीले बिहानदेखि बेलुकीसम्म काम गर्दा पनि एक छाक खान र मीठो बोलीको अभावमा आफ्ना र आफन्तहरूलाई चटक्कै छाडेर विदेसिने निधो गर्नु त्यो पनि परपुरुषसँग पक्कै पनि सजिलो काम थिएन तर उनले आफ्नो स्वतन्त्रता र खुसीको लागि पितृसत्तात्मक समाज विरुद्धमा गरेको यो निर्णय उनको जीवनका

उकाली-ओरालीहरूमा निन्दनीय र दयनीय बन्दै जान्छ । हजार आग्रह, अनुनय र विनय गर्दा पनि माइतीमा उनले शरण र सम्मानजनक स्थान नपाउनु, दिनदिनै बाबाआमाको झैझगडा सहनु तथा विभिन्न व्यक्तिहरूले उनीउपर गरेका विभिन्न लान्छना तथा अपहेलनाको क्षणलाई यसरी सम्झिन्छिन् :

> *मैले भनें, बरू ग्वाली बारेर बस्नु दिनू, काम गरी खान्छु । जे दिनुहोला त्यही काम गर्छु । रोप्न, गोड्न धेर खेताला लाउन पर्दैन । सबै गर्छु, पर्म लाउन सक्छु । केही छैन मैले गर्न नसक्ने । लोग्ने मान्छेसमेट चढ्न नसक्ने अप्ठ्यारा रुख चढेर घाँस झार्न सक्छु । तिनले भन्दा बडेबडे भारी बोक्न सक्छु । बन्चरोले बडेबडे मुढासमेत चिर्छु आमा म । सबै काम गर्छु, मैले यही ज्यान पाल्ने त हो, भोलि गएर भाइअंश खाने होइन । यही एक ज्यान न हो । किन पिर गर्नु हुन्छ तपैं ? किन सुर्ता गर्नु बाले पनि । अनि किन टाउको दुखाउने दुनियाँले ? मैले भनें ।*
>
> *खोइ किन अर्घेलो देखेको के जानुम् ? आमाले दुःखी मन गरेर भन्नु भो*
>
> (पृ. १०७) ।

माथिको उपन्यासको अंशहरूमा माइतीमा बाबाले छोरीलाई दिनदिनै दुःख दिएपछि गरेको बिलौनामा नारीको व्यथा र पीडा लुकेको देखिन्छ । जुन पीडा र व्यथा आजका नेपाली नारीहरूले पनि भोग्न बाध्य भएका छन् । तत्कालीन समयको नेपाली समाजमा महिलाहरूलाई पशुतुल्य तथा सामान र वस्तु बराबर व्यवहार गरेको देखिन्छ । 'छोरी मरी, गत परि' भन्ने नेपाली उखान यहाँ चरितार्थ भएको छ । पुरुषप्रधान नेपाली समाजमा छोरी जन्मेपछि राख्ने कोक्रोदेखि समाधिसम्मको यात्रासम्म नारीलाई बोझको रूपमा लिइन्छ । उनीहरूलाई नागरिकको दर्जा नदिनु नै उनीहरूको सामाजिक पहिचानमा समस्या आएको देखिन्छ ।

यसरी समाजमा सम्मानजनक ढङ्गले बाँच्न नपाएपछि अन्ततः मायादेवीले कर्मघर त छाडिन्-छाडिन् आफ्नो जन्मघर पनि चटक्कै बिर्सेर मुगलान भासिने निर्णय गर्छिन् । उनको यो मुग्लान भासिने निर्णय सामाजिक अन्याय र अत्याचारको पराकाष्टाको कारण सिर्जना भएको हो । काम गरेर खान्छु भन्दा पनि नपाउने, आफूले गल्ती नगर्दा पनि समाजले गर्ने तीतो दुर्व्यवहार त उनकै आफ्नै बाबुबाट समेत भएको छ । कहिले कोसँग

लसपस छ भन्ने, कहिले तीन दिन हराएर कोसँग रात काटेर आएकी हो भन्नेजस्तो तीता वचनवाणले नारी अस्मितामाथि नै प्रश्न चिन्ह खडा गरेको छ । अतः मायादेवी आफ्नो जन्मघर पनि चटक्कै छाडेर मुग्लान भासिन्छिन् ।

मुग्लानमा पुगेपछि उनको भेट नैनकलाका बाबासँग हुन्छ जोसँग उनले विवाह पनि गर्दछिन् र श्रीमान्को साथ पाएर समाजसँग जुध्ने सामर्थ्य राख्छिन् । आफ्नो जन्मघर र कर्मघर छाडेर स्वतन्त्रता र पहिचानको लागि हिँडेको उनको जीवनले सार्थकता पाउँछ । आसाममा रहँदा दिनैजसो आउने सन्त, साधु, महात्माहरूसँगको भेटघाट र छलफलले उनको दिमागमा एकदिन जन्मघरमा फर्केर यहाँको रूढीवादी र अन्धविश्वासी र पितृसत्तात्मक व्यवस्थाको विरुद्धमा आवाज उठाउने दृढ सङ्कल्प गर्छिन् ।

लामो समयपछि जन्मस्थान फर्किसकेपछि पुरोना रूढीवादी सत्ता चलाइरहेका पितृसत्तात्मक समाज र त्यसमा आबद्ध रहेका पुरुष र त्यस समयमा रहेको कुसंस्कारको विरुद्धमा जाइलाग्दा समाजमा हेपिएका, नारी अस्मिता र आफ्नो पहिचान गुमाउन बाध्य थुप्रै महिलाहरूले साथ दिन्छन् । यो उनीहरूको आफ्नो जीवनको पुरुषप्रधान समाजप्रतिको विरोधको पहिलो खुडकिलो हुन्छ । यसलाई तलको साक्ष्यले प्रमाणित गर्दछ :

> *विधवा वृद्धाहरू दिदीलाई भेट्न र उहाँका कुरा सुन्न आउन लागे । कतिले होमा हो मिलाउँथे । कति सधवा पनि आफ्ना पोइबाट लुकेर, मेरो छिटो सकाएर गफ सुन्न आउन लागे । घरमा बुहार्तन भोग्न परेकाहरूले त झन् मायादिदीका कुरामा आफ्नो मनलाई शान्ति भेट्छु भन्थे* (पृ. ११९) ।

माथिका अंशहरूमा महिलाहरूले आफ्नो पहिचानको लागि तत्कालीन समाजमा सहनुपरेका उत्पीडनहरूको सिलसिला कसरी सुरु भयो र आफ्नो पहिचान सकियो भनेर सुन्न आउने थाले । उनीहरूमध्ये सबैले भित्रभित्रै मायादेवीलाई साथ दिन लागे किनभने उनीहरूले समाजमा कसरी आफ्नो पहिचान गुमाउने परेको थियो र सोको सिलसिला कसरी चलेको छ भन्ने कुरा बुझ्नु नै आफ्नो पहिचानको लागि लड्ने अस्त्र थियो ।

यसरी *योगमाया* उपन्यासमार्फत नीलम कार्की निहारिकाले तत्कालीन समाजमा कसरी महिलाहरूले आफ्नो अस्तित्व गुमाउन पुगेका छन् भन्ने कुराको झझल्को आफ्नो कृतिमार्फत दिएकी छन् । महिलाहरूले पहिचान गुमाउनुको पछाडि पितृसत्ताको जालो नै रहेको र पितृसत्तात्मक समाजले राजनीतिक, आर्थिक, सामाजिक रूपमा सबै शक्ति आफ्नो

हातमा लिएको छ र सदियौँदेखि महिलाजगत्माथि अन्याय र अत्याचार गर्दै आएको छ । यसरी अन्याय र अत्याचार गर्ने क्रममा जो महिलाले आफ्नो न्याय र मुक्तिको लागि आवाज उठाउँछ उसलाई विभिन्न खाले प्रपञ्चहरू रची उसको सामाजिक अस्तित्व नै नष्ट गर्ने कार्य गर्दछ जसले गर्दा भविष्यमा आउने कुनै पनि पुस्ताले त्यस्तो साहस गर्न नसकोस् ।

*योगमाया* उपन्यासमा मायादेवीलाई सङ्घर्षशील सचेत नारीको पहिचानका रूपमा लिन सकिन्छ । उसमा प्रतिरोधीचेतना तीब्र रूपमा देखिएको छ र पितृसत्तात्मक सोचका विपरीत आक्रोश र विद्रोह व्यक्त गरेको देखिन्छ । आफू सामन्ती व्यवस्थाका मानिसहरूबाट शोषित भएकाले तिनका विरुद्ध उत्रिएकी छे । मायादेवीलाई आफूले जतिसुकै नारकीय जीवन भोग्नु परे पनि पिर परेको छैन । उनले आफूजस्तै शोषित नारीपात्रहरूलाई पनि हामीलाई सामन्तीवादी समाजले पिल्साएको छ भन्ने कुराको बोध गराएकी छे । मायादेवीले आफ्नो भाइले गाउँमा सदियौँदेखि चलिआएका चालचलनको विरुद्धमा नबोल्नु, गुरु-पुरोहितको विरुद्धमा नबोल्नु, हामीलाई गाउँमा बस्नै गाह्रो भयो भन्दा यी पुरेत खास अर्थमा पुरेत र पुरोहित नभई सामान्तीहरू हुन्, जसले धर्मको नाममा सोझासाझा गाउँले र विशेष गरी नारीजगत्माथि अक्षम्य गल्ती गरेका छन् भन्दै, “ब्राह्मणहरूले धर्मको नाममा निकै अन्धविश्वास फैलाएका छन् । खोक्रो बनाएका छन समाजलाई नै” (पृ. ११९) भनेकी छन् । तसर्थ मायादेवी समाजको एक सङ्घर्षशील नारीको रूपमा स्थापित भएकी छन् । सारा नारी वर्गको वर्गीय मुक्तिका लागि आवाज उठाएकी मायादेवी यस उपन्यासकी सशक्त नारीपात्रको रूपमा देखापरेकी छ । उनको सङ्घर्ष महिला मुक्ति र नारीपहिचानको लागि अगाडि बढेको छ ।

## ३.४ निष्कर्ष

नीलम कार्की निहारिकाको *योगमाया* उपन्यास नेपालको इतिहासमा एउटा छुट्टै पहिचान बोकेको उपन्यास हो । यस उपन्यासमा आजभन्दा लगभग एक सय पचास वर्षभन्दा पहिलेको समयको पुरुषप्रधान समाजले नारीमाथि दमन, शोषण गर्ने अवस्थाको चित्रण रहेको छ । यसैको विरुद्धमा महिला हक, हित, अधिकार र पहिचानको लागि त्यस समयमा विद्रोह गर्न सक्षम एक ऐतिहासिक पात्र योगमायाको बारेमा उपन्यासकारले हामीलाई सुसूचित गराउने एक सफल प्रयास गरेकी छिन् । यो उपन्यास फगत् एक उपन्यास मात्र नभई राणाकालीन अवस्थामा नारी मुक्तिका कुरा, सतीप्रथा, बालविवाह, उच-

निच तथा छुवाछुत, विधवाले पुनः बिहे गर्न पाउनु पर्छ, नारीले पनि पुरुष सरहको अधिकार पाउनुपर्छ भन्ने नारीको हक, हित र अधिकारका बारेमा तत्कालीन पुरुषप्रधान समाज, सांस्कृतिक कुरीति, विकृति तथा विसङ्गति तथा राणाहरूको विरुद्धमा आवाज उठाउने सक्षम एक नेपाली वीरङ्गनाबारेमा लेखिएको यो एकप्रकारको जीवनीपरक कृति हो । पूर्वी नेपालको भोजपुरमा जन्मिएकी योगमाया न्यौपाने सामाजिक आन्दोलनकर्ता हुन् । उनी नेपाली नारी मुक्ति आन्दोलनको अभियन्ता र साहसी महिला हुन् । तत्कालीन समयमा रजस्वला सुरु हुनुभन्दा पहिले नै छोरीको विवाह गर्ने प्रचलन थियो । त्यसैको फलस्वरूप उनको पनि रजस्वला हुनुअगावै जन्मघरदेखि धेरै टाढा विवाह भएको थियो । विवाहपछि उनको कर्मघरमा सबैको टोकसो, सासुको दिनरातको बुहार्तन र घरमा निकै कष्ट भोल्नु परेपछि उनी भागेर माइती आइन् । उनका बाबुले बिहेदान गरेर दिएकी छोरीलाई घरमा राख्न नमिल्ने भनेर दिनरात टोकसो गर्छन् । माइतीमा पनि सबैले हेलाँ गरेकाले उनी आसामतिर लाग्छिन् । आसाममा कँडेल थरका केटासँग बिहे गरी छोरी नैनाकलाको जन्म हुन्छ । केही वर्षपछि योगमाया, उनका पति र छोरी लिएर आफ्नो जन्मस्थान पुग्छन् । समाजमा उनका बारेमा अनेकौं कुराहरू चल्न थाल्छन् । पुरोना रूढीवादी सत्ता चलाइरहेका पितृसत्तात्मक समाज र त्यसमा आबद्ध रहेका पुरुष र त्यस समयमा रहेको कुसंस्कारको विरुद्धमा जाइलाग्दा समाजमा हेपिएका, नारी अस्मिता र आफ्नो पहिचान गुमाउन बाध्य थुप्रै महिलाहरूले उनलाई साथ दिन्छन् । यो उनीहरूको आफ्नो जीवनको पुरुषप्रधान समाजप्रतिको विरोधको पहिलो खुड्किलो थियो । उनले अन्याय, अत्याचार, शोषण विरुद्ध बोल्न थालिन् । समाज सुधारका लागि कुरीति र अन्धविश्वासको विरोध गर्दै गाउँमा जागरणको कदम चाल्दा जुद्धशमशेरबाट 'धर्म भिक्षा' को वचन पनि पाएको तर वचनअनुसार राणाहरूले कुनै काम नगरेकाले आफ्ना भक्तहरूका साथ अरुण नदीछेउ 'अग्निदाह गर्ने' घोषणा गरिन् । सरकारले योगमाया र उनका अनुयायीलाई बन्दी बनाए । अन्त्यमा योगमायासहित अठसट्ठी जनाले अरुण नदीमा जल समाधि लिए । सारा नारी वर्गको वर्गीय मुक्तिका लागि आवाज उठाएकी योगमाया यस उपन्यासकी सशक्त नारीपात्रको रूपमा देखापरेकी छिन् । उनको सङ्घर्ष महिला मुक्ति र नारीपहिचानको लागि अगाडि बढेको देखिन्छ ।

# चौथो परिच्छेद

# *योगमाया* उपन्यासमा नारी उत्पीडनको सैद्धान्तिक स्वरूप

## ४.१ विषयप्रवेश

प्रस्तुत शोधको यो परिच्छेद *योगमाया* उपन्यासका पात्रहरूको जीवनमा लैङ्गिक उत्पीडनको स्वरूप र विश्लेषणमा केन्द्रित रहेको छ । यसै परिच्छेदमा लिङ्गगत र वर्गीय उत्पीडनको सैद्धान्तिक विषयपरिचय दिएपछि कार्कीको उपन्यास *योगमाया*मा प्रयुक्त पात्रहरूको लैङ्गिक र वर्गीय उत्पीडनको विश्लेषण गरिएको छ ।

## ४.२ नारी उत्पीडनको स्वरूप

कुनै पनि व्यक्तिको इच्छा र चाहना विपरीत उसलाई शारीरिक, मानसिक, भाषिक, जातीय र वर्गीय रूपमा आघात पुग्ने गरी गरिएका जस्तासुकै हिंसालाई उत्पीडन भनिन्छ । हाम्रो देश पुरुषप्रधान देश भएकै कारणले गर्दा नारीहरू अत्यधिक मात्रामा लिङ्गकै आधारमा उत्पीडनको सिकार भएका छन् । हाम्रो समाजमा जतिसुकै महिलालाई अधिकार दिने कुरा गरिए पनि त्यो केवल नारामा मात्रै सीमित रहेको देखिन्छ । पुरुषहरूको वर्चस्व रहेको हाम्रो समाजमा महिलाहरूले चुलो चौको स्याहार्ने, बुढाबुढी स्याहार्ने काम दिनु र बाहिरी संसार चिनाउने प्रयास नगर्नु पनि उनीहरूलाई लैङ्गिक उत्पीडनमा पार्नु नै हो । परिवार, समाजदेखि लिएर राज्यका हरेक तह र तप्कामा पुरुषसरह महिलालाई समान व्यवहार गरिएको छैन । हाम्रो समाजका नारीलाई हेप्ने, अपमान र दुर्व्यवहार गर्नेजस्ता अभद्र र निन्दनीय कार्यहरू भइरहने गर्दछन् । *योगमाया* उपन्यासमा पनि मायादेवीलाई लिङ्गकै आधारमा तिरस्कार गरिएको छ ।

यु.एन. (सन् १९९५) का अनुसार परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रूपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन्, जस्तै : बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलीबेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्त्वहरू हुन् । सामाजिक लिङ्गभेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई शारीरिक, यौनिक तथा मनोवैज्ञानिक रूपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा

त्यसो गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो (बेइजिङ सम्मेलनको घोषणा-पत्र, सन् १९९५) ।

पुरुषप्रधान नेपाली समाजमा महिलाहरूलाई अरूसँग बोल्नसमेत वञ्चित गराइएको छ । महिलाहरूप्रति समाजले हेर्ने व्यवहारमा परिवर्तन गर्न सकिएको छैन । यसरी नै समाजका हरेक क्षेत्र जस्तै : घर, विद्यालय, समाज र राजनीतिक क्षेत्रहरूमा महिलाहरूलाई उत्पीडनमा पारिएको छ । निहारिकाको *योगमाया* उपन्यासमा नारी र पुरुषहरूमा हुने यस किसिमका लैङ्गिक विभेदको अभिव्यक्ति पाइन्छ । महिला भएर जन्मेकै आधारमा उनीहरू लैङ्गिक उत्पीडनमा परेका छन् भन्ने कुरामा केन्द्रित रहेर यो उपन्यास लेखिएको छ । उपन्यासमा चित्रित नारीहरू योगमाया, उनकी आमा, दुलही, नैनकला, बडीआमा, फुपू सबै पुरुषप्रधान समाजको अधीनस्थ आफ्नो परिचय गुमाउनु परेको तीतो यथार्थ र उनीहरूको उत्पीडन पुरुषप्रधान समाज र यसलाई निरन्तरता दिने तथाकथित ब्राह्मण, पुजारी र पुरोहितहरू रहेका छन् ।

नारी शोषणको प्रमुख कारण पितृसत्तात्मक समाज र पुरुषहरू नै नारी शोषणका प्रमुख कारक हुन् भन्ने दृष्टिकोण राख्ने चिन्तन नारीवाद हो । यसले नारीहरूको, नारीहरूद्वारा र नारीहरूको लागि स्थापित आन्दोलन हो । यसमा पुरुष वर्गको भूमिका स्वीकार्य छैन भन्ने दृष्टिकोण राख्दछ । नारी आन्दोलनका लागि नारीहरूका अनुभूतिहरू र दृष्टिकोणहरू प्रमुख छन् त्यसैले नारीवादी आन्दोलनले कुनै राजनीतिक दृष्टिकोण, दर्शन र मागसँग सम्झौता गर्नुपर्दैन (ब्रोइसन, सन् १९९२ : पृ. १८१) भन्ने मान्यता नारीवादी चिन्तनको रहेको छ । पुरुषद्वारा नारीहरूमाथि हुने शोषण नै आधारभूत र विश्वसनीय शोषण हो र पितृसत्ता नै यसको प्रमुख कारण हो, त्यसैले पितृसत्ताको अन्त्य र नारीसत्ताको स्थापना नै नारी मुक्तिको एक मात्र आधार हो भन्ने दर्शनलाई यसले केन्द्रमा राख्दछ ।

नारीवादी चिन्तनकी प्रमुख व्याख्याता केट मिलेट (सन् १९७०) ले हरेक सामाजिक सम्बन्धहरू साथै लैङ्गिक सम्बन्धहरू शक्तिमा आधारित हुन्छन् । यही शक्तिका आधारमा पुरुषहरूले महिलाको जीवनका सबै क्षेत्रमा शोषण गर्दछन्, त्यसैले लैङ्गिक शोषण जटिल छ (पृ. २५) भन्ने मान्यता राख्छिन् । यिनका अनुसार पितृसत्ताले नारीहरूमाथि गर्ने शोषण नै राज्यशक्तिको प्रमुख विशिष्टता हो । नारीवादीहरूले नारी शोषण वर्गीय समाजको उपज हो भन्ने कुरालाई आफ्नो हृदयमा राख्दै सम्पत्तिमाथि समान अधिकारको माग गर्दछन् । आर्थिक संरचमा परिवर्तन हुँदा वर्गको आधारमा हुने दमन र कुसंस्कारको अन्त्य हुन्छ भन्ने

नारीवादीहरूको दृष्टिकोण छ । पुरुष वर्ग नारी उत्पीडनको प्रमुख कारक हो त्यसैले पुरुष वर्गलाई सहयोगी र मित्र शक्तिको रूपमा लिएर गरिने आन्दोलनहरूले नारी शोषणको अन्त्य गर्न सक्दैनन् । अतः नारी मुक्तिको आन्दोलनमा पुरुष सहयोग र सहभागिता अस्वीकार्य छ भन्ने दृष्टिकोण नारीवादले राख्दछ ।

नारी वर्गमाथि पुरुष वर्गले चरम शोषण गर्ने आधार वैवाहिक सम्बन्ध नै हो जसका आधारमा जीवनभर नारी अस्तित्व र अस्मितामाथि प्रहार गरिरहन उनीहरू सामर्थ्यवान हुन्छन्, त्यसैले नारी शोषणबाट मुक्त हुन पुरुष वर्गसँगको वैवाहिक सम्बन्धलाई अस्वीकार गर्नुपर्छ भन्दै आवश्यक परे समलैङ्गिक सम्बन्धको लागि पनि तयार रहनु पर्दछ भन्ने कुरामा नारीवादीहरूले जोड दिन्छन् । अतः नारीवादी चिन्तनले पुरुष वर्गको निषेध र अस्वीकृतिमा मात्र नारी मुक्ति सम्भव देख्दछ । पितृसत्तालाई नारी शोषणको प्रमुख आधार मान्ने पुरुष वर्गको निषेध गरी नारी सत्ताको स्थापनामा नारी आन्दोलन केन्द्रित हुनुपर्छ ।

समग्रमा विश्वको आधाभन्दा बढी सङ्ख्या ओगटेको नारी वर्गमाथि धर्म, संस्कार, नीति, नियम, मूल्य, मान्यता र आदर्शका पर्खाल लगाएर समाज र संस्कृतिका विभिन्न तहहरूमा गरिएको अमानवीय र क्रुर उत्पीडनको विरुद्धमा केन्द्रित नारीवादी आन्दोलनको प्रभाव समग्र समाज व्यवस्थामा द्रुततर रूपमा परेकोले नीलम कार्की निहारिकाको यस उपन्यासले तत्कालीन समयमा नारीहरू कसरी प्रताडित हुन्थे र हालको एक्काइसौँ शताब्दीमा आइपुग्दा के नेपाली नारीहरू यस्तै प्रकारका विभेदको सिकार हुन बाध्य छन् भन्ने दृष्टान्त दिने यस उपन्यासको ध्येय रहेको छ । मानवको सृष्टि कालदेखि महाभारतकाल खण्ड हुँदै आजसम्म आइपुग्दा के नेपाली नारीहरूले सीताले दिएको जस्तो अग्निपरीक्षा दिनु परेको छ कि छैन ? रामायणकालीन समाजमा भएको धोबीहरू जसले आफ्नी श्रीमतीलाई परपुरुषसँग लागेको आरोपमा मात्रै शारीरिक र मानसिक तनाव दिए, अन्जानवश शारीरिक सम्पर्क गर्दा कुन्तीले जन्माएको छोरोलाई छातीमा गाँठो पारेर नदीमा बगाउन बाध्य पार्ने समाज आज नेपाली समाजमा कायम छ कि छैन ? भन्ने कुरा उपन्यासकारले *योगमाया* उपन्यासमार्फत दिन खोजेको देखिन्छ ।

समय र सामाजिक परिवर्तनको आलेखमा नेपाली समाजमा सदियौँदेखि नारीमाथि हुने उत्पीडनका कारक तत्त्वहरू के-के हुन् भन्ने कुरा नारीवादको विषय रहेको छ । नारीवादका सम्बन्धमा विविधतायुक्त दृष्टिकोणको विकास हुनु स्वाभाविक नै हो । आजको समाज भिन्न-भिन्न जातजाति, धर्म, भाषाहरूमा विभाजित भएको छ । भिन्न सामाजिक

व्यवस्था, भिन्न उत्पादन सम्बन्ध, भिन्न धार्मिक व्यवस्थाले युक्त सामाजिक संरचनामा नारी शोषणको मुख्य कारण भने पितृसत्तात्मक समाज व्यवस्था र आर्थिक, सांस्कृतिक स्वरूप नै रहेको छ । नारी मुक्तिको सन्दर्भमा जे-जस्ता फरक दृष्टिकोण र चिन्तनहरू देखिए पनि सारमा सबै नारीवादी चिन्तनको केन्द्र लैङ्गिक शोषणबाट मुक्तिका साथै नारी अस्मिता र सहअस्तित्वको स्थापना यसको मूलमर्म रहेको छ । यस अर्थमा सबै नारीवादी चिन्तनहरू समान छन् र यिनीहरूको केन्द्रीय लक्ष्य नारी उत्पीडनको मुक्ति नै रहेको छ ।

## ४.३ लैङ्गिक उत्पीडनका आधारमा विश्लेषण

नीलम कार्की निहारिकाको उपन्यास *योगमाया*मा नारी भएकै आधारमा, उनीहरूको अधीनमा कुनै पनि सम्पत्ति, आयआर्जन जनित स्रोत र साधनको अभावका कारण हुने पुरुष दमन र ज्यादति भएको कुरा छर्लङ्ग देखिएको छ । नेपालको पूर्वी भेगमा तत्कालीन समयमा नारीमाथि भएका उत्पीडनहरूलाई उपन्यासमा कलात्मक तरिकाले प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा चित्रित महिलाहरूमाथि हुने दमन र हिंसा नारी भएर जन्मेकै आधारमा भएको देखिन्छ । उपन्यासकी प्रमुख नारीपात्र मायादेवी एक उच्च पुरुषप्रधान ब्राह्मण परिवारमा जन्मेकी चेली हुन्, उनको विवाह उनले विवाह के हो भनेर ठम्याउन नसक्ने अवस्थामा नै भएको छ । कट्टर पुरुषप्रधान परिवारबाट अर्को अत्यन्तै साम्प्रदायिक ब्राह्मण कुलमा स्थानान्तरण हुँदादेखि नै उनीमाथि उत्पीडन सुरु भएको छ ।

सिद्धान्ततः महिलाहरूलाई उसको जीवनको उषाकालदेखि नै अधीनतामा बाँच्न सिकाइएको हुन्छ, जसले गर्दा महिलाहरूलाई उनीहरूको सुरुवाती जीवनदेखि नै महिलाहरू दोस्रो दर्जाका मानिस हुन् भन्ने छाप पर्न जान्छ । *योगमाया* उपन्यासमा पनि तुलसालाई अधीनतामा बाँच्न बानी पारिएको देखिन्छ । जुन उनीमाथि सृष्टिको उषाकालदेखि लादिएको पुरुषप्रधान समाजको विरासत देखिन्छ । यसलाई प्रष्ट पार्नका लागि उपन्यासमा रहेको निम्न साक्ष्य आएको देखिन्छ :

> *मुखमा राख्न लागेको गाँस रोकेर भनेँ मैले । गिरिसँगै तुलसा पनि पछि लागि ।*
>
> *यसो सघाउली भनेको, सानो भाइ जसोजसो गर्छ उसोउसै खोज्छे छोरी भएर । मेरा कुरा सुनेर तुलसा भऱ्याङमै ठिँग्ग उभिई घरी बातिर घरी मतिर हेर्न लागि । गिरीले पनि फर्की हेऱ्यो दिदीचाँहिलाई* (पृ. २४) ।

माथिका साक्ष्यमा बालिका तुलसामाथि पुरुषप्रधान समाजको शोषण, दमनको बाछिटा पर्न थालेको देखिन्छ । उसको जीवनको उषाकालदेखि नै उसलाई समाजमा कसरी जिउनु पर्दछ भन्ने मूल्य र मान्यताहरूसँग चिरपरिचित गराउने प्रयास गरिँदै छ । साँझको खाना खाएपछि पुरुषजातिहरू सुरुक्क आफ्नो बिस्तारामा जाने तर दिनभरि पुरुषभन्दा बढी काममा जोतिएका महिलाहरू भने उनीहरूको जुठो भाँडा नगरिकन बिस्तरामा जान नहुने जुन पुरुषवादी चिन्तन छ त्यही चिन्तनको आधारमा उनीहरू सदियौँदेखि आजसम्म प्रताडित हुँदै आएको देखिन्छ । साँझमा जुठो भाँडो राख्यो भने घरमा अलच्छिनी हुन्छ भन्ने सामाजिक मूल्य र मान्यताहरू हाम्रो पुरुषप्रधान समाजमा व्याप्त रहेका छ । तिनै मूल्य र मान्यताहरूलाई ध्रुवसत्य ठानी महिलाहरूले समाजमा ठिक्क पारिएका यस्तै र यस्ता चलनहरूभित्र आफूलाई समाहित गर्दै जानु नारी उत्पीडनको रूपमा रहेको छ ।

छोरी भएर छोरीको जस्तो व्यवहार गर्नुपर्छ, खाना खानेबित्तिकै भाइ र बाबाको साथमा सुत्न जानु हुँदैन भन्ने कुरा तुलसाको मनमस्तिष्कमा छिरिसकेको छ जसले गर्दा ऊ आफूलाई पुरुषप्रंधान समाजले दिएको जिम्मेवारी पुरा गर्न आमाको सहायताको लागि तल झर्ने गरेको कुरा तलको साक्ष्यले प्रष्ट पार्दछ :

> *खाइसकेर सबै जुठा भाँडा टिपी गग्रेटोनिरको डेक्चीमा जम्मा पारेँ । ग्वालीबाट गोबर ल्याएर जुठो लोटाएँ र अघिका भाँडा खोलेनी गरेँ अनि, चुलोबाट तातो खरानी निकालेँ र गग्रेटोनिरै भाँडा मस्काएँ । पखाल्नका लागि भेला पारेर बाहिर जुठेल्नोतिर लान खोज्दै थिएँ- ढ्यापढ्याप भऱ्याङ बज्यो । तुलसा पो ओर्लंदै रहिछ । तुलसाले अम्खोराबाट पानीको धारो बनाई । भित्रै माझेका भाँडा त्यही धारोमा पखालेँ मैले* (पृ. २८-२९) ।

माथिको साक्ष्यमा नारीजातिहरूलाई पुरुषप्रधान समाजले विभिन्न सामाजिक मूल्य र मान्यता बनाएर आफ्नो अधीनमा राख्ने गरेको छ । महिलाहरूका जीवनमा यो गर्नु हुन्छ, यो गर्नु हुँदैन भन्ने विविध नीति र नियमहरू रहेका छन् । धार्मिक रूपमा तयार गरिएका विभिन्न खाले प्रपञ्जहरू महिलाहरूलाई प्रभुत्वमा राख्न बनाइएका त्यस्ता प्रपञ्चहरू हुन् जुन प्रपञ्जहरूलाई नाघ्न उनीहरूलाई चुनौती नै चुनौतीहरू दिइएका हुन्छन् । धर्मको नाममा होस् वा छोरी भएर जन्मेको नाममा होस्, उनीहरूको जीवनमा विभिन्न खाले नीति र नियमहरू सिकाइएको हुन्छ । त्यही नीति र नियमबाट आमा अभ्यस्त भएको देखेर होला नारी र पुरुष छुट्याउन नसक्ने तुलसा आमालाई सहयोग गर्ने नाममा सामाजिक

व्यवहारसँग अभ्यस्त हुँदै गएकी छ । यस्ता क्रियाकलापहरू उसले आफ्नो जिन्दगीभरि नै गर्नुपर्ने हुन्छ । मानवीय चेतना र संवेदनालाई नै चुनौती दिने खालका यस्ता लिङ्गको आधारमा तयार पारिएका सामाजिक संस्कार, मूल्य र मान्यताले तुलसाजस्ता हजारौँ नारीको जीवनमा कहिले पनि वसन्तऋतुको बहार आउन दिँदैन । उनीहरूलाई जीवनको सुरुदेखि नै विभिन्न प्रकारका सामाजिक डर, त्रास, मनोवैज्ञानिक मार्गदर्शन सिकाइन्छ । यसले उनीहरूलाई पुरुषप्रधान समाजको टोकरीभित्र सीमित हुन प्रेरित गर्छ । उसलाई उपन्यासमा तलको साक्ष्यले प्रमाणित गर्दछ :

> *दैलोमा गजवार लाएर खोपीको पानस लिई बिस्तारी बिरालाको चालमा भऱ्याङ उक्लिए । अघिअघि तुलसा थी । ऊ हिँड्दा भऱ्याङबाट ठूलो आवाज आउँथ्यो ।*
>
> *सुस्तरी हिँड् । केटी मान्छेले पैताला बजाको निको होइन । तुलसाको जामा पछ्याडिबाट तान्दै साउतीमा भनेँ मैले* (पृ. २९) ।

नारीहरूको जीवनमा नियम नै नियम रहेका छन्, जुन उनीहरू आफ्नो जीवनमा अभ्यस्त हुनुपर्दछ । छोरी मान्छेले हिँड्दा पैताला बजार्नु हुँदैन, बिरालोको चालमा हिँड्नु पर्दछ अन्यथा घरमा अशुभ हुन्छ भन्नेजस्ता सामाजिक मूल्य र मान्यताहरू प्रचलनमा रहेका छन् । जसको जगमा अडिएर पुरुषप्रधान समाजले महिलाहरूमाथि आफ्नो प्रभुत्व कायम राखेको छ । त्यसैले तुलसाकी आमाले छोरीलाई भऱ्याङमाथि उक्लँदा ठूलो आवाज नगरी हिँड् भन्ने कुरा गरेकी छन् ।

नेपाली समाजमा अहिले पनि महिलाको जीवनको सुरुआति जीवनदेखि नै उनीहरूको जीवनमा नियम नै नियमहरूको लाम लागेको पाइन्छ । जसको आधारमा नारीमाथि उत्पीडन भएको देखिन्छ । पुरुषप्रधान समाजमा पुरुषहरूको स्थान सुरुदेखि नै उच्च राखिएको छ भने महिलाहरू उनीहरूको दासको रूपमा रहेको प्रष्टसँग देदिन्छ । तुलसाका बा र भाइ खाना खानेबित्तिकै सुत्न जानु तर तुलसा र उनकी आमाले उनीहरूले खाएको जुठो भाँडो नगरी सुत्न हुन्न भन्ने मनोदशाबाट ग्रसित भएर तद्अनुसार काम गर्नुपरेको छ । त्यति गरेर मात्र कहाँ हो र दिनभरिको कामको थकाई, त्यसपछि साँझको नित्यकर्म अनि श्रीमान् र छोराको खुट्टामा तेल मालिस गर्नु तुलसाकी आमाको दिनचर्या नै

बनेको देखिन्छ । जुन उनीहरूको पितृसत्ताको आधारमा पुरुषहरूले सदियौँदेखि गर्दै आएको उत्पीडन नै हो भन्न सकिन्छ । यसलाई तलको साक्ष्यले प्रमाणित गर्दछ :

> *मैले भनें तुलसाको बाको गोडातिर बसेर बिस्तारी बोलाएँ - तुलसाका बाँ ! ए तुलसाका बा !*
>
> *जवाफ आएन । गिरीतिर फर्किएका तुलसाका बा पहिलो गहिरो निद्रामा भाको ठम्याएँ । केही सरसल्लाह गर्न थियो तर निन्द्रा बिथोल्न मन लागेन । खोपीको माली निकालेर तुलसाको बाको गोडामा चिल्लो घस्न लागेँ ।*
>
> *तुलसाका बाले केहीबेरमा मतिरै कोल्टै फर्केर आखा नखोली भने - पुग्यो सुत अब ।*
>
> *आवाज टट्कारो थ्यो । अघिदेखि नै ननिदाएको जस्तो । निदाको होइन रछ त बोलाउँदा नबोलेको किन होला नि । मैले भनें ।*
>
> *भोलि त्यत्रा काम छन् सुत् अब । तलुसाका बाले एउटा गोडाले बिस्तारो घचेटेर तेल घरिराको मेरो हात हटाए ।*
>
> *दुवै गोडा एक ठाउँ जोडेर ढोग गरेँ* (पृ. ३०) ।

माथिका अंशहरूमा तुलसाकी आमाको दिनचर्या निकै नै दयनीय रहेको देखिन्छ । दिनभरिको कामको चटारो, साँझको नित्यकर्म, भाँडावर्तन सफाई र श्रीमान्को खुट्टामा तेल घस्नु उनको दैनिकी नै बनेको छ । श्रीमान्लाई भगवान्सरह मानेर पूजा गर्ने हाम्रो नेपाली पुरुषप्रधान समाजमा श्रीमान्ले भने श्रीमतीलाई गर्ने व्यवहार अति नै निन्दनीय रहेको छ । श्रीमतीले दिनभरिको थकाइलाई आफ्नो मुटुमा गाँठो पारेर श्रीमान्को गोडामा तेल लगाउँदा पनि अर्को खुट्टाले हातलाई घचेटेर हटाउनु नै नरमाइलो क्षणको रूपमा लिन सकिन्छ । जुन कुरा सदियौँदेखि पुरुषप्रधान समाजले दिएको दिशाबोध नै उनको व्यवहारमा छचल्किएको देखिन्छ । गिरी र गिरीका बाबा पुरुष भएर जन्मेकै आधारमा उपल्लो दर्जाको नागरिक हुने तर उही समाजमा, गिरीकी आमा र तुलसा नारी भएर जन्मेकै आधारमा अन्याय र उत्पीडन सहनु पर्ने परिस्थितिको चित्रण गरिएको छ । छोरी भएर जन्मेकै आधारमा तय भएका नियम र कानुनहरूको निरन्तरता मात्रै हो । पुरुषप्रधान समाजमा नारी तल्लो दर्जाको र पुरुष माथिल्लो दर्जाको भनेर पुरुषप्रधान समाजले बनाएको नियम, कानुन, सामाजिक

असमानता र तिनै सामाजिक असमानताका आधारमा गरिने कार्यहरू नै महिलामाथि गरिने असमान व्यवहारहरू हुन् । नारीलाई आफ्नो जीवन र अस्मिताको बारेमा सोच्न पनि नसक्ने गरी अमानवीय मूल्य, मान्यताहरूले घेरेका छन्, जसको कारण आफूहरूमाथि पितृसत्ताले गरेका अन्धतापूर्ण र कायरतापूर्ण उत्पीडनहरूलाई नियति र भाग्यको रूपमा चुपचाप स्वीकार गर्न उनीहरू बाध्य भएका छन् ।

नारी र पुरुष एक रथका दुई पाङ्ग्रा भनेर सिद्धान्ततः भनिए पनि तर त्यो कुरा व्यवहारमा पटक्कै लागू हुन नसकेको अवस्था रहेको छ । समाजमा नारीलाई गरिने व्यवहार र पुरुषलाई गरिने व्यवहार छुट्टाछुट्टै किसिमको रहेको छ । तुलसाको उत्पीडन उसको बाल्यकालदेखि नै सुरु भएको छ । समाजमा नारीको काम स्थान के हो र पुरुषको स्थान के हो भन्ने कुरा बुझ्न खोज्दै तुलसाले आमासँग गरेको प्रश्नबाट के थाहा हुन्छ भने उसको बाल मस्तिष्कमा सामाजिक रूपमा नै नारी र पुरुष फरक हुन् भन्ने छाप पर्न गएको कुरा तलको साक्ष्यले देखाउँछ :

> *तिहार आयो हो आमा ? तुलसाले फेरि सोधेकी थी ।*
>
> *हो तेरा बाको तिहार जस्तै हो ।*
>
> *बाको तिहार हाम्रा तिहार एकै होइनन् र आमा ? तुलसाले सोधी थी अचम्म मान्दै* (पृ. ३०) ।

माथिका साक्ष्यमा तुलसाले पहिलेदेखि नै नारी र पुरुषले गर्ने कामका बारेमा भिन्नता देख्दै आएकी थिई । आमाको हस्याङ्-फस्याङ् र व्यस्तताले उसको बालमानसपटलमा एक किसिमको उत्सुकता जगाउँछ । नेपालको पहाडी इलाकामा चाडपर्वहरूमा मात्र चामलको रोटी पकाउने परम्परा तिहारमा मात्र रहेकोले उसले आमालाई तिहार आएको हो भन्ने कुराको जिज्ञासा गरेकी छ । प्रत्युत्तरमा उसकी आमाले दिनभरिको खटन-पटनबाट वाक्क-दिक्क भएर ‘तेरा बाको तिहार’ भन्दा महिला र पुरुषका चाडवाड पनि फरक हुँदारहेछन कि भनेर उक्त प्रश्न गरेकी छे । समाजमा लिङ्गका आधारमा गरिने असमान व्यवहारका कारण नै नारी र पुरुषका सामाजिक संस्कार, मानमर्यादा, पारिवारिक जिम्मेवारीका कारण नै उनलाई लिङ्गको आधारमा चाडवाड पनि फरक रहेका छन् कि भन्ने भान परेको छ ।

महिलामाथि हुने असमान व्यवहार तत्कालीन सामाजिक रीतिथिति, चालचलन र व्यवहारमा टड्कारो रूपमा देखिने गरेको छ । महिलाहरूले खानेकुरा, लगाउने पहिरन र गर्ने व्यवहार नै तत्कालीन समाजमा भिन्न खालको देखिएको छ । यसको उदाहरणका लागि भोलि तुलसाका बा भारततिर हिँड्ने दिन । तुलसाकी आमालाई कामको चटारो परेको छ । घरको सबै काम पनि गर्नुपर्ने, उनलाई भारततिर जाँदा चाहिने सरसामल पनि उनीले नै तयार गरिदिनु परेको छ । जुन पुरुषप्रधान समाजले नारीलाई दिएको जिम्मेवारी नै हो । यसरी दिनरात काममा जोतिनु पर्ने तर खाना, लाउन, बोली, भाषामा भने सधैँ पुरुषहरू नै माथि पर्ने पितृसत्तात्मक सोचले नारीलाई उत्पीडनमा पारेको छ । तुलसाका बाले लगाउने कपडा रिट्ठाले धुनुपर्ने, धुने नारी तर उनले आफ्नो कपडा भने खरानी-पानीमा उमाल्नु पर्ने । तुलसाका बालाई के मन पर्छ भनेर उनको मनपर्ने गर्दिनु पर्ने तर तुलसाकी आमालाई उनले भने कपडा धुँदासमेत फरक व्यवहार गर्नुपर्ने स्थिति उनी नारी भएर जन्मेकै कारण भएको हो । यस कुरालाई निम्न तथ्यले प्रमाणित गरेको छ :

> *खरानीमा पकाएकी होस् कि रिट्ठोमा ? तुलसाका बाले गाग्री भुइँमा राख्दै सोधे रिट्ठैमा पकाएकी हुँ । मैले भनेँ ।*
>
> *तुलसाका बालाई बाहिरहुँदी जाँदा लाउने कमिज-सुरुवाल खरानी बसाको त्यति चित्त पर्थेन । त्यसैले उनका लुगा जति सकेसम्म रिट्ठैमा पकाइदिन्थेँ । धेरैजसो आफैँले खोजी ल्याउँथे रिट्ठो* (पृ. ३३) ।

माथिका कथनहरूमा नारीको अवस्था कमजोर देखिएको छ । तुलसाकी आमा महिला भएकै कारण उनका श्रीमान्को हर इच्छा पूरा गर्न बाध्य भएकी छिन् भने बेला-बेलामा हप्की र दप्की पनि खानु परेको छ । माथिको कुराकानीको आधारमा तुलसाका बाको कपडा धुनको लागि जसरी भए पनि रिट्ठाको सङ्कलन गर्नुपर्ने तर आमा र छोरीको कपडा भने खरानीपानीले धुनुपर्ने बाध्यता रहेको देखिन्छ । यस उपन्यासको अंशले नारी भएर जन्मिएकाले पुरुषबाट निकै अपहेलित हुनुपरेको देखिन्छ ।

समान प्राकृतिक क्षमता भएर पनि सामाजिक व्यवस्थाले लादेका असीमित शोषण र दासताले पराश्रित बन्न बाध्य उपन्यासकी मुख्य नारीपात्र मायादेवी पनि हुन् । तुलसाका बा छोरा भएर जन्मेका आधारमा बाबुको अंशको हकदार हुने तर मायादेवी भने छोरी भएर जन्मिएकै आधारमा हेला हुने हाम्रो सामाजिक परिपाटी पुरुष केन्द्रित रहेको स्पष्ट हुन्छ ।

पुरुषहरू महिलाहरूको खुसी, हाँसो, दुःख, सुख र भावना बुझ्ने कोशिस नै गर्दैनन् । यसको ज्वलन्त उदाहरण बाल्यकालमा नै विवाह गरेर माइतीभन्दा तीन दिनको बाटो लाग्ने ठाउँमा पठाएपछि बुहारी भएकै कारण अमानवीय व्यवहार सहनु परेको तीतो यथार्थ यस उपन्यासमा उजागर गरिएको छ । बिहान उठेदेखि काममा जोतिनु पर्ने, जति काम गरे पनि बोक्सी र अलच्छिनीको उपमा पाउँदै तिरस्कार सहँदै आधा पेट खाएर बस्नु पर्ने अवस्था देखिन्छ । उनका सहोदर दाजुभाइ त्यही जन्मघरमा अटाउने तर मायादेवी छोरी भएकै कारण नौडाँडा कटाउने जुन सामाजिक परिपाटी रहेको छ त्यसैको कारण मायादेवीको जीवनमा दुःख र दर्दले कहिल्यै पनि छाड्न सकेको छैन । मायादेवीले कर्मघर छाड्नु लैङ्गिक हिंसा सहन नसकेरै हो भन्ने कुराको चित्रण तलका साक्ष्यहरूमा देख्न सकिन्छ :

> *बा त्यहाँ हुन्जेल तैबिसेक । बा यता फर्केपछि मेरो के हाल गर्लान् ! बाध्नेछन्, खोरमा थुन्नेछन्, कुट्ने, पिट्नेछन् । फेरि खोर्सानीको खारिदेलान् । जान्न आमा, म जान्नँ । पहिला त कस्तो, अब भागेर हिँडी भनेर के हाल गर्लान् ?* (पृ. १०२) ।

माथिको उपन्यासको अंशबाट मायादेवीलाई पहिलेदेखि नै कर्मघरमा कुट्ने, पिट्ने गरेको देखिन्छ । पुरुषप्रधान समाजले छोरी-बुहारीमाथि मानसिक एवम् शारीरिक यातना दिन पनि पछि नपरेको कुरा यस उपन्यासको अंशबाट प्रष्ट देखिन्छ । कोइरालाका खानदान भने पनि अड्डा र अदालतमा पनि उनीहरूकै चल्ने भएकाले न मायादेवीले, न उनका माइतीले नै शारीरिक हिंसा भयो भनेर उजुर गर्ने हिम्मत गर्दैनन् । मायादेवीमा यस्तो साहस नआउनु पनि तत्कालीन पुरुषप्रधान समाजमा महिलाहरूको स्थिति एकदमै कमजोर हुनुले नै हो । अन्याय, अत्याचार, दमन र उत्पीडनले गर्दा बाबुआमाले आँगन पोली दिएको घर छाड्न मायादेवी बाध्य भएको कुरा उनी उनकै भाउजूको मुखबाट निस्कि जस्ताको जस्तै तलका हरफहरूमा

> *घरमा राम्रोसँग बस्न नपाएकी चेली माइती बस्नु परेपछि कति हो कति खेदानै गरे, बात लाए । बात लगाकै कारण बस्नखान नभएर भागेकी हुन् माया नानी भन्ने लाग्छ मलाई त । मैले मनपेट पाएसम्म पोइल जाने मन छँदै थेन उनको । वचनले घोचेरै उनलाई घर छाड्ने बनाए भन्छु म त । उनका पक्षमा बोल्यो भने उल्टै म नजाति हुन्थेँ । साख्खी दिदी-*

*बहिनीजस्ती भएर त्यस्तीको जुठो खाएर त्यसको धुरो लाएर बोल्न लाइछेस् भन्थे* (पृ. ४२) ।

माथिको उपन्यासको अंशबाट मायादेवी नारी भएकै कारण उनीमाथि अचाक्ली भएको देखिन्छ । घरको हेला भएर उनी माइतीको शरणमा आएको कुरा कसैसँग छिपेको छैन तर तत्कालीन पुरुषप्रधान समाजका कुरा सुनेर उनीमाथि अत्याचार भएको कुरा उनकी भाउजूको कथनबाट थाहा पाउन सकिन्छ । एक ठाउँमा हण्डर खाएपछि अर्को ठाउँमा विवाह गरेर नजाने निधो गरेकी मायादेवीलाई आफ्नै बाबा, आमा, दाजुभाइहरूले गाउँलेहरूको उक्साहटमा लागि गर्नु-नगर्नु गरेको कारण पुनः उनलाई त्यो गाउँबाट पनि भाग्नको लागि बाध्य पारियो । पुरुषप्रधान समाजको कारण जसले जन्मदियो उसैले मर्न बाध्य बताउँदो रहेछ । मायादेवी आफ्नै बाबाका वचनबाणहरू सहन नसकी घर छाडेर हिँड्नु परेको कुरा "मरे उतै डोली गकोतिर गएर मरोस् । घर खान नसकेर मर्नेलाई रोक्न सकिएला ?" (पृ. १०५) भन्ने कथनबाट प्रष्ट हुन्छ ।

पितृसत्तात्मक समाजमा नारीलाई विवाहको नाममा पोको पारेर अर्काको घरमा पठाइसकेपछि उसले जेजस्तो अवस्थामा पनि श्रीमान्कै घर गरेर खानुपर्दछ भन्ने गलत सोचाइका कारण मायादेवीले जीवनमा धेरै दुःख र कष्टहरू भोग्नु परेको कुरा माथिको कथनबाट प्रष्ट हुन्छ । श्रीमान्, सासुससुरा कसैको माया र दया नपाएर माइतीमा शरणको लागि आएकी छोरीलाई शरणको मरण गर्ने तत्कालीन पितृसत्तात्मक सङ्कीर्ण सोचका कारण आफ्नै जन्मदिने बाबुको मुखबाट यस्ता वचनबाणहरू सुन्दा मायादेवी विक्षीप्त अवस्थामा पुगी माइतीबाट पनि पलायन हुनपरेको छ ।

मायादेवी आफ्नो श्रीमान्को घरमा दासीहरूको रूपमा काम गर्ने, श्रीमान्ले उनलाई यौनतृप्तिको लागि मात्र उपयोग गर्ने तर माया भने नदिएका कारण सात जुनी सँगसँगै काट्ने कसम खाएर बाबाको आँगन पोलेर माइतीबाट आएकी उनलाई छिछि र दूरदूर गरेपछि सहाराविहिन र आश्रयविहिन भएकै कारण त्यो घर छोड्नु परेको छ । मानवलाई मानवताको व्यवहार नगर्ने तत्कालीन पुरुषप्रधान समाजको सोचले सारा नारीहरू थिचोमिचोमा पर्ने गरेका छन् । उनीहरूका हक र अधिकारका बारेमा बोलिदिने मान्छे नभएकै कारण उनीहरूको यस्तो दुर्दशा भएको हो भन्न सकिन्छ ।

आज पनि महिलाहरूलाई हाम्रो समाजमा यौनतृप्तिकै साधनका रूपमा हेर्ने पुरुष मानसिकताका कारण महिलाहरू यौन उत्पीडनको सिकार हुन पुगेका छन । घर, परिवार, समाजमा समेत महिलाहरू सुरक्षित रहन नसकेको कुरा मायादेवीको पारिवारिक खटनद्वारा स्पष्ट हुन आउँछ । यदि नारीले पुरुषले भनेका कुराहरू मानिन् भने उनीहरूको लागि प्रिय हुने तर यसको विपरीत भएमा विभिन्न किसिमका डर, त्रास, धम्की दिएर भए पनि आफ्नो अभीष्ट पुरा गराउन तत्पर रहन्छन् । हाम्रो देशमा नारीहरूको हक, अधिकारका बारेमा हेर्ने कानुनी निकायहरू भए तापनि त्यसलाई पूर्ण रूपले पालन गर्न सकिएको छैन । यस उपन्यासमा रहेका नारीपात्रहरू पुरुषको बर्बर दमनको दुश्चक्रममा परेका छन् । नारी भएर जन्मेकै कारण उनीहरूले सामाजिक उत्पीडन भोग्नु परेको छ ।

*योगमाया* उपन्यासमा चित्रित महिलापात्रहरू पुरुषप्रधान समाजको चङ्गुलमा फसेका देखिन्छन् । उनीहरूलाई सामाजिक नियम र परिधिको दुश्चक्रमा फसाउने काम यहाँको तत्कालीन पुरुषप्रधान समाजमा लागू गरिएका नीति र नियमहरूले गरेका छन् । यहाँ कुनै पनि महिलापात्र पुरुषको शोषणबाट उम्किएका छैनन् । चाहे घरभित्र होस् वा घरबाहिर उनीहरू पुरुषहरूको फन्दामा परिसकेपछि कहीँकतैबाट उम्कन सकेका छैनन् । त्यसैले उपन्यासकार नीलम कार्की निहारिकाले हाम्रो समाजमा देखापरेका नारीप्रति हुने जघन्य अपराधहरूको फेहरिस्त यस उपन्यासमार्फत देखाएकी छन् ।

यस उपन्यासमा मायादेवीमार्फत नारीहरूले आफ्नो अस्तित्वको खोजी आफै गर्नु पर्दछ अन्यथा सदियौँदेखि जरा गाडेर बसेको पुरुषप्रधान सोचले महिला वर्गमाथि आफ्नो बर्बर दुश्चक्रमलाई यसरी नै लादिरहने र नारीमाथि हुने अन्याय र अत्याचारको विरुद्धमा बोल्दा जिउज्यान पनि धरापमा पर्न सक्छ भन्ने कटुसत्य पनि उजागर गरिएको छ । उपन्यासकारले नारी अस्तित्वको खोजी गर्दै सामाजिक, सांस्कृतिक र कानुनी समानताको लागि यही उपन्यासमार्फत उनले आवाज बुलन्द पारेकी छन् । उनका अनुसार घरायसी कामको पुनर्वितरण र घरायसी उत्तरदायित्वबाट मुक्त हुँदैमा मात्र नारीहरू स्वतन्त्र नहुने र सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक तथा कानुनी समानताको आधारमा मात्र नारी मुक्ति सम्भव छ भन्ने उनको तर्क रहेको छ । त्यसैले मायादेवी भारतबाट फर्किएपछि गाउँका सोझासाझा मानिसहरूलाई ठग्ने, आफ्नो अनुकूल शास्त्र र शास्त्रास्तको बखान गर्ने तत्कालीन ब्राह्मणवादी सोच राख्ने गाउँका जान्ने-बुझ्ने भनाउँदा ठूला पुरेतसँग । जसको कारण मायादेवीको आफ्नै भाइसँग मनमुटाव भएको कुरा तलको तथ्यले प्रष्ट पार्दछ :

*सारा ब्राह्मण चिडिएका छन् । 'कति नै पुरान लाउने ब्राह्मणलाई समेत ज्ञान दिने भएकी । दुईचार ठाम के देखेकी फूर्ति लाउँदै हिँड्ने ? तेरी दिदीलाई सम्झएर राख्' भने ठूला पुरेतले मलाई । सबैका अघिल्तिर पुरेत कस्तरी जङ्गे मसँग तँलाई के था ?* (पृ. ११७) ।

माथिको उपन्यासको अंशमा मायादेवीले सदियौँदेखि दमन र शोषण गर्दै आएका ब्राह्मणहरूको विरोध गरेको प्रष्ट देखिन्छ । शास्त्र र पुराणहरूलाई पितृसत्ताको अनुकूल हुने गरी बयान र प्रवचन गर्दै सारा नारीजातिमाथि आधिपत्य जमाउँदै आएका तत्कालीन पुरोहितको गलत कुराको बर्खिलाप गर्दा ती पुरेतहरूले मायादेवीको प्रतिकार भने गर्न सकेका छैनन् तर उनका भाइलाई उचालेर उनकै विरुद्धमा प्रयोग गर्ने रणनीति भने भएको देखिन्छ । सोझा-साझा गाउँलेहरूको आँखामा धुलो हालेर सदियौँदेखि समाजमा आधिपत्य जमाउँदै आएका ब्राह्मणहरूको राज्यसत्ता फुत्किने डरले पुरेत भनाउँदाहरूको होसहवास उडेको देखिन्छ । नारीचेतनाले भरिपूर्ण र विरोधका आवाजहरू घन्काउने मयादेवी नारीवादी चिन्तनबाट परिचालित भएकी छन् भन्ने कुरा तलको कथनले प्रष्ट पार्दछ :

*ब्राह्मणको कुलमा जन्मदैमा ब्राह्मण भैदैन भनिन् रे । जसले ब्राह्मणबारे जान्दछ उही ब्राह्मण रे । तुलसाका बा निकै क्रोधमा थिए । म नबोली कप्टेरो चिरिरहेँ । तुलसाका बा मेरै सामुन्ने टुक्रुक्क बसेर भने, 'ब्राह्मणको घरमा वा कुलमा जन्मिएपछि ब्रह्मत्वबारे ज्ञान नभएको शूद्र हो भनिन् रे'* (पृ. ११७) ।

माथि उल्लिखित उपन्यासको अंशमा नारीवादी चिन्तन प्रस्टै देखिन्छ । जुन पुरुषप्रधान समाजले मायादेवीलाई घरको न घाटको बनायो आज त्यही समाज र सामाजिक मूल्य, मान्यता, गाउँमा भए-गरेका अन्धविश्वास र पितृसत्तात्मक ब्राह्मणवादी सोचको विरुद्धमा चेतनशील भएर आफ्ना आवाजहरू घन्काएको देखिन्छ । ब्राह्मणको कुलमा जन्मदैमा ब्राह्मण नहुने कुराले गाउँमा सदियौँदेखि आफ्नो पुरुषसत्ता चलाउँदै आएका सीमित ब्राह्मण भनौदाहरूको धोती खुस्किन लागेको देखिन्छ । जसलाई बचाउने प्रपञ्चमा सारा पितृसत्ता लागेको छ । मायादेवीकै आफ्नो भाइ पनि उनको विरुद्धमा लागेको देखिन्छ । मायादेवीका भाइ पनि पुरुष भएको र पितृसत्ताको अनुयायी नै रहेको कुरा उनको विचारबाट छर्लङ्गै देखिन्छ ।

मायादेवी सारा नारीहरूको लैङ्गिक मुक्तिको आकाङ्क्षामा अगाडि बढेकी नारीपात्रको रूपमा यस उपन्यासमा स्थापित भएकी नारीपात्र हुन् । उनलाई अब भाइको विरोध, समाजको विरोध, ब्राह्मणको आपत्तिले केही फरक नपर्ने भएको छ । उनी यो समाजभन्दा धेरैमाथि उठिसकेकी, ब्रह्मलाई बुझेकी नारीपात्रको रूपमा रहेकी छिन् । उनका प्रवचन सुन्न टाढाटाढाबाट मानिसहरू आउने, साधु र सन्तहरूले पनि उनको कुराको खण्डन गर्न नसक्ने अब्बल नारीपात्रको रूपमा स्थापित भएकी छिन् । उनको विरोध तत्कालीन सामाजिक राज्यसत्ता विरुद्धमा रहेको छ । कवितामार्फत उनी भन्छिन् :

*यौटा घर श्राद्ध खाई अर्का घर आँटे*

*ग्रहहरू बिन्ति गर्दछन् पुरोहितले ढाँटे* (पृ. ११९) ।

धर्मअनुसार पुरोहित नचल्दा आज सारा जगले नै दुःख पाएको कुरा कसैसँग छिपेको छैन । पुरोहितले जे भन्यो त्यही मान्नुपर्ने अवस्था गाउँका सोझा-साझा मानिसहरूको बाध्यता रहेको छ । आजका पुरेतले एकै दिन धेरै जनाको श्राद्ध गर्दै, खाँदै, फेरि श्राद्ध गर्ने गरेको कुरा कसैबाट छिपेको छैन । तुलसाका बा श्राद्धको निम्तो मान्न गएका थिए तर पुरोहितले अरू दुई-चार ठाउँमा श्राद्ध गरेर आउनु पर्ने भएकोले ढिला भएको कुरा घरमा सुनाउना साथ मायादेवीले भनेको जवाफ हो यो माथिको पङ्क्ति । उनका अनुसार श्राद्ध गर्नु राम्रो कुरा हो तर श्राद्धको नाउँमा सोझासाझा जनतालाई ढाँट्नु भनेको पापको कुरा हो ।

मायादेवीका अनुसार समाजमा ब्राह्मणहरूले धर्मको नाममा अन्धविश्वास फैलाएका छन् । यही अन्धविश्वासले सारा नारीजातिहरूले शान्तिको स्वाससम्म लिन पाएका छैनन् । पुरुषले जतिवटा विवाह गर्दा पनि उनीहरूको जाति नजाने तर महिलाले आफ्नो स्वतन्त्र तरिकाले बाँच्न खोज्दा पनि उनीहरूमाथि चारित्रिक प्रश्न उठाएर त्यो समाजबाटै बहिष्कार गर्नु ब्राह्मणहरूले समाजमा फैलाएको अन्धविश्वासकै कारण हो भन्ने ठम्याइ रहेको छ मायादेवीको । यस तथ्यलाई तलको साक्ष्यले पुष्टि गर्दछ :

> *'ब्राह्मणहरूले धर्मको नाममा निकै अन्धविश्वास फैलाएका छन् । खोक्रो बनाएका छन् समाजलाइ नै' दिदीले भन्नु भयो ।*
>
> *'ए त्यसो भा पुर्खाको श्राद्ध गर्न अन्धविश्वास हो ?' नबोली बसेका तुलसाका बाले निहुँ खोजझैँ गरी भनिहाले ।*

*कसले भन्यो श्राद्ध अन्धविश्वास हो ? तर पितापुर्खा तार्ने नाममा, उनले पाउँछन् भन्ने अन्धविश्वासमा सकी नसकी दान गराउनु के हो ? गैरीखेत ब्राह्मणलाई दिए दिनेका पुर्खाले मसिनो भात खान पाउँछन् रे, घोडा ब्राह्मणलाई दिए मरेका पितापुर्खा घोडा चडेर हिँड्न पाउँछन रे !, दिदी बोल्दै हुनुहुन्थ्यो, तुलसाका बा भने दिदीका कुरा नसुनी भित्र पसे* (पृ. ११९) ।

मायादेवी नारीवादी चिन्तनले अगाडि बढेकी छिन् । उनलाई विगतको पुरुषप्रधान समाजले दिएको पीडाले सत्य कुरा बुझ्न बाध्य बनाएको छ, त्यसैले त उनले गाउँमा नाम चलेका पुरोहितहरूलाई धर्मको नाममा समाजमा अन्धविश्वास फैलाउन बन्द गर्नुपर्ने टड्कारो जवाफ दिएकी छिन् । धर्मको नाममा समाजमा लुट मच्चाउने मानिस नै लोकमा पुजनीय हुने अवस्थालाई मायादेवीले चुनौती दिएकी छिन् । उनको यो यात्रा अहोरात्र चलिरहेको छ ।

महिलाहरू किन पुरुषको दवावमा बस्नु पर्‍यो भन्ने चुरो कुरो समातेर अगाडि बढेकी मायादेवीका अनुयायीहरू घरमा दुःख परेका, श्रीमान्ले दुःख दिएका, पितृसत्तात्मक समाजले अहोरात्र दोस्रो दर्जाको नागरिकको रूपमा जीवनयापन गर्न बाध्य भएका नारीहरू दिनप्रतिदिन बढ्दै गएका थिए । छोरी भएर जन्मिएपछि दुःख पाउनु पर्छ, अर्काको घरमा जानु पर्छ, नारीको अर्को नाम नै पीडा, दुःख र दर्द हो भन्ने सामाजिक मूल्य र मान्यतामा क्रमशः बदलावको सङ्केत देखिन थालेको छ ।

"कोही भजन, प्रवचन सुन्न, कोही तपस्वीलाई एकपटक हेर्न, दर्शन गर्न भन्दै आउँथे । एकपटक आएर फर्केकाहरू दोहोर्‍याएर आएकै हुन्थे..." (पृ. १७०) भन्ने यो हरफमा नारीवादी चिन्तन मायादेवीमा मात्रै नभएर त्यो समजाका अन्याय र अत्याचारमा परेमा नारीहरूमा पनि बढ्दै गएको देखिन्छ । उनीहरू दिनदिनै मायादेवीका कुरा सुन्ने, उनले भनेका कुराहरूमा हो भनेर सही थाप्ने गर्न थालेको देखिन्छ । जुन कुरा उनीहरूमा पलाएको नारीवादी चिन्तन नै रहेको हो भन्न सकिन्छ । पुरुषप्रधान समाजको विरुद्धमा बोल्न पनि नसक्ने रुढिवादी परम्पराले ग्रसित समाज क्रमशः परिवर्तनको ढोकातर्फ लम्केको कुराको भान यस कथनबाट हुन्छ ।

त्यही कुरा पुरुषले गर्दा राम्रो हुने तर त्यही कुरा महिलाले गर्दा किन ननिको मानिने भन्ने सन्दर्भमा मायादेवीको तत्कालीन सामाजिक व्यक्तिहरूसँग टकराव हुने गरेको देखिन्छ, जुन उनमा पलाएको नारीवादी चिन्तनले नै सम्भव भएको हो । यसलाई तलको कथनले प्रष्ट पारेको छ :

> *दिदी डग्ने डराउनेमा हुनुहुन्नथ्यो, हाकाहाकी भनिदिनुहुन्थ्यो, हो म पोइल गएकी हुँ, म बिग्रिएकी हुँ ! लोग्नेमान्छेले स्वास्नी हुँदाहुँदै दोस्रो, तेस्रो नजाने कति स्वास्नीको माला लाउन हुने ? स्वास्नीमान्छेले बाध्यतामा सँघार नाघ्न नहुने ?* (पृ. ११९-१२०) ।

माथिको उपन्यासको अंशमा नारीवादी आवाज बुलन्द भएको देख्न सकिन्छ । तत्कालीन पुरुषप्रधान समाजले घरमा श्रीमती हुँदाहुँदै अर्की श्रीमती ल्याउने तर कुनै नारीले आफ्नो बाध्यतावश सङ्घार बाहिर खुट्टा हाल्दा पनि उसको चरित्रमाथि नै प्रश्नचिन्ह खडा गर्नुपर्ने सामाजिक अन्याययुक्त चलनको प्रतिकार गरेको देखिन्छ । मायादेवीको यात्रा सम्पूर्ण नारीजगत्को लैङ्गिक मुक्तिको आकाङ्क्षामा अगाडि बढेको देखिन्छ । नारीवाद मूलतः राजनीतिक आन्दोलन भए तापनि तत्कालीन समयमा मायादेवीले उठाएको यो कदमले तत्कालीन राज्यसत्ताको मुटुमा ढ्याङ्ग्रो ठोकेको देखिन्छ ।

तत्कालीन राज्यसत्ताको विरुद्धमा मायादेवीको यात्रा स्वर्गद्वारीतिर मोडिन्छ । उनको यात्रा जहाँ र जसका लागि भए पनि मुख्य अभिष्ट भने सारा नारीजगत्को मुक्तिको लागि भएको कुरा “अन्याय सहेर बाँच्नुभन्दा न्यायको निम्ति रेटिनु वेस । दिदीले दाह्रा किट्नुभो । अनि भन्नुभो, घरै जाम भो दुलही” (पृ. १२८) बाट स्पष्ट हुन्छ । अन्याय र अत्याचारको जाँतोमा पिसिँदा-पिसिँदा मायादेवीको तन-मन दुवै पहराजस्तो भएको छ । अन्याय र अत्याचार सहेर बस्नुभन्दा बरू मर्नु निको हुन्छ भन्ने उनको तर्क रहेको छ र सदियौँदेखि जरा गाडेर बसेको पितृसत्तात्मक समाजको अन्त्यको लागि कम्मर कसिसकेको कुरा यी लाइनहरूबाट प्रष्ट थाहा पाउन सकिन्छ । उनले आफूलाई सम्पूर्ण रूपमा नारीजगत्को भलाईको लागि अर्पेको कुरासमेत यस भनाइबाट प्रस्ट हुन्छ ।

मायादेवीले आफू अहोरात्र खटेर समाजमा अन्याय र अत्याचारको विगुल फुक्नाले नेपाली पितृसत्तात्मक समाजको मुटुमा खैलाबैला मच्चिएका छ भने महिलाहरूले लैङ्गिक विशिष्टता र विस्तृतताले सामाजिक, सांस्कृतिक क्षेत्रका विविध पक्षहरूमा एक नवीन

चिन्तनको विकास भएको देखिन्छ । आजका नारीहरूमा पुरुषप्रधान समाजले गरेका अन्याय र अत्याचारका कदमहरूलाई विरोध गर्ने आँट पलाएको छ । यसो हुनुमा मायादेवीले तत्कालीन समयमा पुरुषप्रधान समाजप्रतिको विद्रोह नै मुख्य कारण हो ।

## ४.४ निष्कर्ष

यस परिच्छेद *योगमाया* उपन्यासका पात्रहरूको जीवनमा लैङ्गिक उत्पीडनको स्वरूप र विश्लेषणमा केन्द्रित रही लिङ्गगत र वर्गीय उत्पीडनको सैद्धान्तिक विषयपरिचय दिएपछि कार्कीको उपन्यास *योगमाया*मा प्रयुक्त पात्रहरूको लैङ्गिक र वर्गीय उत्पीडनको विश्लेषण गरिएको छ । कुनै पनि व्यक्तिको इच्छा र चाहनाविपरीत उसलाई शारीरिक, मानसिक, भाषिक, जातीय र वर्गीय रूपमा आघात पुग्ने गरी गरिएका जस्तासुकै हिंसालाई उत्पीडन भनिन्छ । नेपाल पुरुषप्रधान देश भएकै कारणले गर्दा नारीहरू अत्यधिक मात्रामा लिङ्गकै आधारमा उत्पीडनको सिकार भएका छन् । हाम्रो समाजमा जतिसुकै महिलालाई अधिकार दिने कुरा गरिए पनि त्यो केवल नारामै मात्र सीमित रहेको छ । पुरुषहरूको वर्चस्व रहेको हाम्रो समाजमा महिलाहरूले चुलोचौको स्याहार्ने, बुढाबुढी स्याहार्ने काम दिनु र बाहिरी संसार चिनाउने प्रयास नगर्नु पनि उनीहरूलाई लैङ्गिक उत्पीडनमा पार्नु नै हो । महिला भएर जन्मेकै आधारमा उनीहरू लैङ्गिक उत्पीडनमा परेका छन् भन्ने कुरामा केन्द्रित रहेर यो उपन्यास लेखिएको छ । उपन्यासमा चित्रित नारीहरू मायादेवी, उनकी आमा, दुलही, नैनकला, बडीआमा, फुपू सबै पुरुषप्रधान समाजको अधीनस्थ आफ्नो परिचय गुमाउनु परेको तीतो यथार्थ र उनीहरूको उत्पीडन पुरुषप्रधान समाज र यसलाई निरन्तरता दिने तथाकथित ब्राह्मण, पुजारी र पुरोहितहरू रहेका छन् ।

नारी शोषणको प्रमुख कारण पितृसत्तात्मक समाज र पुरुषहरू नै नारी शोषणका प्रमुख कारक हुन् भन्ने दृष्टिकोण राख्ने चिन्तन नारीवाद हो । यसले नारीहरूको, नारीहरूद्वारा र नारीहरूको लागि स्थापित आन्दोलन हो । नारी वर्गमाथि पुरुष वर्गले चरम शोषण गर्ने आधार वैवाहिक सम्बन्ध नै हो जसका आधारमा जीवनभर नारी अस्तित्व र अस्मितामाथि प्रहार गरिरहन उनीहरू सामर्थ्यवान् हुन्छन्, त्यसैले नारी शोषणबाट मुक्त हुन पुरुष वर्गसँगको वैवाहिक सम्बन्धलाई अस्वीकार गर्नुपर्छ भन्दै आवश्यक परे समलैङ्गिक सम्बन्धको लागि पनि तयार रहनु पर्दछ भन्ने कुरामा नारीवादीहरूले जोड दिन्छन् । समय र सामाजिक परिवर्तनको आलेखमा नेपाली समाजमा सदियौँदेखि नारीमाथि हुने उत्पीडनका

कारक तत्त्वहरू के-के हुन् भन्ने कुरा नारीवादको विषय रहेको छ । नेपालको पूर्वी भेगमा तत्कालीन समयमा नारीमाथि भएका उत्पीडनहरूलाई उपन्यासमा कलात्मक तरिकाले प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा चित्रित महिलाहरूमाथि हुने दमन र हिंसा नारी भएर जन्मेकै आधारमा भएको देखिन्छ । उपन्यासकी प्रमुख नारीपात्र मायादेवी एक उच्च पुरुषप्रधान ब्राह्मण परिवारमा जन्मेकी चेली हुन्, उनको विवाह उनले विवाह के हो भनेर ठम्याउन नसक्ने अवस्थामा नै भएको छ । कट्टर पुरुषप्रधान परिवारबाट अर्को अत्यन्तै साम्प्रदायिक ब्राह्मण कुलमा स्थानान्तरण हुँदादेखि नै उनीमाथि उत्पीडन सुरु भएको छ ।

योगमाया नेपाली नारी मुक्ति आन्दोलनको अभियन्ता हुन् । उनले तत्कालीन राणा शासनको अवस्थामा नारी शोषण, बालविवाह, सती प्रथा, कमाराकमारी प्रथा, छोइछिटो, दमन र उत्पीडन विरुद्ध आवाज उठाएकी थिइन् । उनले तत्कालीन समयमा मान्छे मरेको घरमा *गरुडपुराण* भन्न बन्द गरिनुपर्ने धारणा व्यक्त गरिन् । पण्डितहरूले स्वर्ग र नर्कको कल्पना गर्दै सर्वसाधारणलाई शोषण गरेको, घरका मान्छे मरेर दुखित भइरहेको अवस्थामा सेमत दान माग्नेहरू विरुद्ध चर्को आवाज उठाइन् ।

सानै उमेरमा योगमायाको बिहे जन्मघरदेखि धेरै टाढा भएको थियो । घरमा परिवारको दमन र शोषणका कारण निकै कष्ट भेल्नु परेपछि बाह्र वर्षकै उमेरमा भागेर माइती आइन् । माइतीमा पनि उनलाई सबैले हेला गरेकाले उनी आसामतिर लाग्छिन् । आसाममा कँडेल थरका केटासँग बिहे गरी छोरी नैनकलाको जन्म हुन्छ । केही वर्षपछि योगमायाले आफ्ना माइती गाउँमा फर्किन्छिन् र अन्याय, अत्याचार र शोषण विरुद्ध बोल्न थालिन् र ठूली हजुरको नामले प्रख्यात हुँदै गइन् । उनले काठमाडौं पुगेर श्री ३ जुद्धशमशेरसँग भेट गरी धर्मभिक्षा मागिन् । वचनअनुसार राणाहरूले कुनै काम नगरेकाले आफ्ना दुई सय चालिस भक्तहरूका साथ अरूण नदीछेउ अग्निदाह गर्ने घोषणा गरिन् । अग्निदाह गर्ने भनी तोकिएको ठीक अघिल्लो दिन धनकुटा र भोजपुरका बडाहाकिमहरू पाँच सय जति सैनिक लिएर मझुवावेसी पुगी योगमाया र उनका अनुयायीलाई बन्दी बनाए । अन्त्यमा पक्राउ परेको तीन वर्षभित्र योगमायासहित अठसट्ठी जनाले अरूण नदीमा जल समाधि लिए । उनको जीवनी पढेपछि नेपाली समाजमा पुरुषप्रधान समाजको विरुद्धमा क्रान्ति गर्ने पहिलो महिलावादी क्रान्तिकारी योद्धा हुन् भन्न सकिन्छ ।

# पाँचौं परिच्छेद
# सारांश र निष्कर्ष

## ५.१ विषयप्रवेश

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । दोस्रो परिच्छेदमा उपन्यासमा नारीपात्रहरूको सामाजिक शक्तिसम्बन्ध रहेको छ। तेस्रो परिच्छेदमा उपन्यासमा देखा परेका नारीको पात्रहरूको पहिचान रहेको छ साथै यस शोधपत्रको चौथोँ परिच्छेदमा उपन्यासमा रहेका नारीहरूको सामाजिक उत्पीडनका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ यही विश्लेषण र छनोटमा केन्द्रित रही *महामाया* उपन्यासलाई लैङ्गिक उत्पीडनका आधारमा गहन विश्लेषण गरिएको छ । यस शोधपत्रको पाँचौं परिच्छेदमा सबै परिच्छेदको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सारांश

नीलम कार्की निहारिकाको 'योगमाया उपन्यासमा नारीवाद' शीर्षकको प्रस्तुत शोधकार्य *योगमाया* उपन्यासमा केन्द्रित भई गरिएको हो । यो शोधपत्र पाँचओटा परिच्छेदमा सङ्गठित छ । पहिलो परिच्छेदमा शोधशीर्षकलाई विषयपरिचय, नीलम कार्की निहारिका र लैङ्गिकतालाई परिभाषित गरी शीर्षक र पूर्वकार्यको अध्ययनको आधारमा शोधसमस्याको निरूपण गरिएको छ र त्यही समस्याका आधारमा उद्देश्यको निर्माण र सीमाङ्कन गरिएको छ । पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोधसमस्याको महत्त्व प्रस्तुत गरी यस शोधकार्यको औचित्य स्थापित गरिएको छ । सोद्देश्यमूलक नमुना छनोट विधिका आधारमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । यसै शोधविधिलाई सामग्री सङ्कलन र विश्लेषण विधि गरी दुई उपशीर्षकमा विभाजन गरेर नीलम कार्की निहारिकाको उपन्यास *योगमाया*को नारीवादी दृष्टिकोणबाट विश्लेषण गरिएको छ । यस शोधपत्रको मूल प्राज्ञिक समस्याअन्तर्गत तीनओटा प्रश्नहरू निर्माण गरिएका छन् । ती प्रश्नसँग सम्बन्धित पहिलो परिच्छेद शोधपरिचय रहेको छ । जसमा विषयपरिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सीमाङ्कन, शोधविधि र शोधप्रबन्धको रूपरेखा रहेको छ ।

यस शोधको दोस्रो परिच्छेदमा समाजमा नारीको शक्तिसम्बन्धको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । यस क्रममा नारीशक्तिसम्बन्धको परिचय दिई उपन्यासमा प्रयोग

भएका नारी र उनीहरूको सामाजिक नारीशक्तिसम्बन्धी विश्लेषणको प्रारूपलाई नारीवादी सिद्धान्तका आधारमा देखिएको शक्तिसम्बन्धलाई समग्र रूपमा विश्लेषण गरिएको छ ।

यस शोधको तेस्रो परिच्छेदमा नीलम कार्की निहारिकाद्वारा लिखित उपन्यास *योगमाया*मा देखापरेका नारीपात्रहरूको पहिचानको सैद्धान्तिक स्वरूपको बारेमा उल्लेख गरी प्रस्तुत उपन्यासलाई नारीपहिचानका कोणबाट विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधको चौथौँ परिच्छेदमा उपन्यासमा लैङ्गिक उत्पीडनमा परेका महिलाहरूको सामाजिक उत्पीडनका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यही विश्लेषण र छनोटमा केन्द्रित रही उल्लिखित उपन्यासलाई नारीवादी सिद्धान्तका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधको पाँचौँ परिच्छेदमा शोधपत्रका सबै परिच्छेदको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.३ निष्कर्ष

नीलम कार्की निहारिका (२०३१) नेपाली साहित्यका कविता, कथा र उपन्यासजस्ता विभिन्न विधामा कलम चलाउने नारी स्रष्टा हुन् । २०५० सालमा *मौन जीवन* उपन्यास लेखेर नेपाली साहित्य क्षेत्रमा देखापरेकी उनी नेपाली साहित्यको इतिहासमा प्रारम्भमा त्यो उमेरमा पर्ने प्रेम र प्रणय एवम् भावुक विद्रोहजस्ता कुराहरू उजागर गरे पनि पछि महिलाहरूले जीवनको कालखण्डमा, सामाजिक, आर्थिक र राजनीतिक चौघेरोभित्र कसरी आफूहरू पिल्सिनु परेको छ भन्ने कुरा *योगमाया* उपन्यासमार्फत सतहमा ल्याउने काम गरेकी छन् । २०७४ सालको मदनपुरस्कार विजेता यो उपन्यासले खास गरेर महिला मुक्तिको आवाज उठाएको छ । निहारिकाका अन्य उपन्यासहरू पनि लैङ्गिक चेतनाका दृष्टिलेसमेत महत्त्वपूर्ण रहेका छन् । उनको *योगमाया* उपन्यासमा नारी स्वतन्त्रता र नारी अधिकारका बारेमा प्रखर रूपमा आवाज उठाएको पाइन्छ ।

मानवीय चेतना र संवेदनालाई नै चुनौती दिने खालका यस्ता क्रूर, पाशविक र नृशंस कुसंस्कारको सिकार बन्दै कहाली लाग्ने यथार्थता भोग्न बाध्य पारिएका नेपाली नारी वर्गहरूलाई आफ्नो जीवन र अस्मिताको बारेमा सोच्न पनि नसक्ने गरी थोपरिएका अमानवीय मूल्य र मान्यताहरूले हजारौँ वर्षसम्म घेरिरहे, जसको कारण आफूहरूमाथि पितृसत्ताले गरेका अन्धतापूर्ण र कायरतापूर्ण उत्पीडनहरूलाई नियति र भाग्यको रूपमा

चुपचाप स्वीकार गर्न बाध्य भए । स्वर्ग र नर्कको भ्रम सिर्जना गरी पुरुषलाई जिउँदो ईश्वरीय स्वरूपमा प्रतिस्थापित गरियो भने नारी वर्गलाई उनीहरूलाई जीवनभर पुज्न, श्रद्धा गर्न, पुरुषहरूको आज्ञापालन गर्न, उनीहरूको प्रताडना जीवनभर चुपचाप सहन बाध्य पारियो । जीविकोपार्जनका साधनहरूमा आफ्नो पहुँच नहुनाले र समाज व्यवस्थामा पुरुष निर्मित नियम, कानुन, मूल्य, मान्यता, आदर्शहरूको केन्द्रीय भूमिकामा हुनाले नारी वर्ग पुरुष आश्रित दास वर्गको रूपमा रहन बाध्य भयो । पुरुषवर्गीय स्वार्थ अनुकूलका अति क्रूर र अमानवीय आदर्शका पर्खालहरूले *योगमाया* उपन्यासको प्रमुख नारी पात्र योगमायाको जीवनको अवमूल्यन मात्र गरेन उनको अस्तित्वको वहिस्कारसमेत गरिदियो । यसको कारण विवाहित नारी बाध्य भएर श्रीमान्का घरबाट भागेर माइती जाँदासमेत तत्कालीन पुरुषप्रधान समाजले उनको चरित्रमाथि औँला उठायो । आफ्नै जन्मघरमा समेत टाउको लुकाउने ओत नदिने पितृसत्तात्मक समाजको कारणले उनी तल्लाघरे आसामे कँडेलसँग विदेसिन बाध्य भइन् । आसाममा गएर खेतीपातीको काम गर्दा त्यहाँको पुरुषप्रधान समाजबाट प्रातडित हुनुको पीडाले उनलाई निकै सतायो ।

यस उपन्यासमा नारीवर्गहरूलाई पितृसत्तात्मक समाजले अमानवीय शोषण र दमन गर्दा पनि उनीहरू आफूमाथि गरिएको दमन र शोषणलाई सहेर बस्न विवश भएका छन् भन्ने कुरालाई प्रष्ट्याएको छ । नीलम कार्की निहारिकाले नारीलाई उत्पीडित चरित्र र पुरुषलाई उत्पीडक चरित्रका रूपमा प्रस्तुत गरेकी छन् । प्रस्तुत उपत्यासमा पित्तृसत्ताले मात्तृसत्तालाई दमित गरेको देखिन्छ । पित्तृसत्ताको आडमा लैङ्गिक एवम् राजनैतिक क्षेत्रका हरेक तहमा महिलाहरू चरम शोषणमा परेका छन् । नारीलाई भोग्य वस्तु ठान्ने परपीडक व्यक्तिहरूबाट महिलाहरू सबैभन्दा बढी मानसिक एवम् शारीरिक रूपमा सिकार भएको देखिन्छ । यो उपन्यासमा एकातिर महिलाहरूले अत्यन्तै तल्लो तहको लैङ्गिक उत्पीडन भोगिरहेका देखिन्छन् भने अर्कोतिर नारीहरू लैङ्गिक विभेदकै कारणले गर्दा शारीरिक र मानसिक यातना भोग्न, विदेसिन एवम् आफूलाई जीवन र मरणको दोसाँधमा राखेर जिउन विवश रहेको कुरा स्पष्ट रूपमा देखाइएको छ । उपन्यासमा देखापरेका पात्रहरूलाई उनीहरूको सामाजिक अवस्था हेर्ने हो भने नारी र पुरुष पात्रको पहिचान फरक-फरक रहेको पाइन्छ । पित्तृसत्तात्मक संरचनाका कारण सृजित पुरुषको एकछत्र शासन, शोषण, उत्पीडन र नियन्त्रणका कारण नारीपात्रको सामाजिक पहिचान विद्रूप र कहालीलाग्दो देखिन्छ । यिनका कथामा अधिकांश पुरुष पात्रहरू शैक्षिक चेतनाका दृष्टिले रूढीवादी,

लैङ्गिक दृष्टिले अत्याचारी पात्रका रूपमा देख्न सकिन्छ । उपन्यासमा देखिएका ब्राह्मणहरू, जसले सोझासाझा मानिसलाई शास्त्रको गलत प्रयोग गर्दै समाजमा अन्याय र अत्याचारको जालो फिँजाइराखेका छन् भने अर्कोतर्फ महिलाहरू कर्तव्यनिष्ठ, पराश्रित नभई आर्जनशील र सहनशील चरित्रको रूपमा देखाइएको छ । राजनैतिक कोणबाट हेर्दा समाजप्रति विद्रोह गर्न सक्ने, महिलाको निम्ति आवाज उठाउन सक्ने साहसी नारीका रूपमा मायादेवीलाई प्रस्तुत गरिएको छ ।

उपन्यासमा देखापरेका नारीपात्रहरू नारीवादी कोणबाट हेर्दा पित्तृसत्तात्मक सोचका कारणले गर्दा लैङ्गिक उत्पीडनमा परेका पाइन्छन् । पुरुषप्रधान समाजमा एकातर्फ महिलाहरूलाई भोग्य वस्तुका रूपमा चरम यौनशोषणमा पारेको पाइन्छ भने अर्कोतर्फ महिलाहरूलाई पुरुषको दासी बनाएर घरभित्रको मात्रै काममा लगाएर अर्थात् अल्झाएर राखी उनीहरूलाई उत्पीडनमा पार्ने काम गरेको पाइन्छ । हाम्रो समाजका पुरुषहरूलाई जेजस्तो काम गर्न पनि छुट रहेको तर उनीहरूकै कारणले गर्दा महिलाहरूको अवस्था विद्रूप रहेको देखिन्छ ।

*योगमाया* उपन्यासमा पुरुषप्रधान समाजले गर्ने लैङ्गिक विभेदका कारण नारीहरू पुरुषको शक्तिसत्ताको अधीनमा रहनु परेको अवस्थाको चित्रण पाइन्छ । उनीहरूले उपन्यासको कथानकमा आफ्नो लैङ्गिक पहिचान र अस्तित्वको खोजीको लागि सङ्घर्ष गरेका छन् । यस उपन्यासमा नारीहरू लैङ्गिक उत्पीडनमा परेको यथार्थ चित्रण गरिएको छ । नारीवादी दृष्टिकोणले हेर्दा उपन्यासमा देखापरेका पात्रहरूमा पुरुषप्रधान समाज र यसको सामन्ती सोचका कारण सारा नारीजातिले दुःख पाउनु परेको छ । यसरी सधैँ सहिरह्यो भने पुरुषप्रधान समाजले नारीलाई स्वतन्त्र रूपमा बाँच्न नदिने रहेछ, त्यसको लागि कोही न कोही नारी अगाडि बढ्नु पर्दछ, यसरी अगाडि बढ्दा जीवनमा दुःखहरू त थुप्रै आउलान् तर आगामी दिनहरू भने सुनौला रहने छन् भन्दै मायादेवीले पुरुषप्रधान समाजको विरुद्धमा आफ्नो विद्रोहको शङ्खघोष गरेकी छन् ।

अन्त्यमा, समाज व्यवस्थाका समग्र पक्षहरूमा सभ्यताको आरम्भदेखि नै नारी वर्गमाथि शोषण गर्दै आइरहेको पितृसत्तात्मक समाज व्यवस्थाको विरोध गर्दै नारी अधिकार र अस्मिताको खोजी गरिएको चिन्तन नै नारीवादी चिन्तन हो । समान प्राकृतिक क्षमता भएर पनि सामाजिक व्यवस्थाले लादेका असीमित शोषण र दासताले पराश्रित वर्गको रूपमा रहन बाध्य नारीहरूको लैङ्गिक मुक्तिको आकाङ्क्षामा नारीवादी चिन्तन केन्द्रित

रहेको देखिन्छ । नारीवाद मूलतः राजनीतिक आन्दोलन भए पनि यसले प्राप्त गरेको विशिष्टता र विस्तृतताले सामाजिक, सांस्कृतिक क्षेत्रका विविध पक्षहरूमा एक नवीन चिन्तनको रूपमा यो विकसित भएको छ, जुन कुरा नीलक कार्की निहारिकाको उपन्यास *योगमाया*की सङ्घर्षशील पात्र मायादेवीको चरित्रबाट बुझ्न सकिन्छ । उपन्यासकारले उपन्यासमार्फत एक्काइसौँ शताब्दीको उच्च वैज्ञानिक युगमा पनि शोषित मानवीय प्राणीको रूपमा रहन बाध्य नारीहरूको लैङ्गिक मुक्तिको खोजीमा यो उपन्यास लेखेजस्तो लाग्छ । उनले यो उपन्यास लेखनको सुरुवाती दिनदेखि अन्त्यसम्म आफ्नो चिन्तन समग्र नारीवादी चिन्तन केन्द्रित गरेको हो कि भन्ने कुरा यो उपन्यास पढिसकेपछि देख्न सकिन्छ । तसर्थ यो उपन्यासको मुख्य ध्येय नै पितृसत्तात्मक सामाजिक, आर्थिक, सांस्कृतिक संरचनाको रूपान्तरण र लैङ्गिक समतामूलक समाज निर्माण गर्नु नै रहेको प्रष्ट रूपमा देख्न सकिन्छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, लक्ष्मीशरण (सन् २०१४). 'नारीवाद र तिन घुम्ती उपन्यासमा नारीवादी चिन्तन'. *जनप्रिय जर्नल अफ इन्टरडिस्किप्लिनरी स्टडिज.* वर्ष/अङ्क ३. काठमाडौँ : जनप्रिय कलेज ।

अधिकारी, शैलेन्द्र (२०७१). "अमर न्यौपानेको आख्यानमा सबाल्टर्न". अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. कीर्तिपुर : त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

आचार्य, बलराम (२०६७). *लैङ्गिक र महिलावादी अध्ययन.* काठमाडौँ : नेशनल बुक सेन्टर ।

एङ्गेल्स, फ्रेडरिक (२०४४). *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति* (दो.सं.). काठमाडौँ : प्रगति प्रकाशन ।

कक्षपति, सावित्री (२०७६). "कथ्य, सत्य र योगमाया". *नयाँ पत्रिका.* (६ असार) www. nayapatrikadaily.com.

काजी, खिम लामिछाने (२०७६), "को हुन् योगमाया ?", *समाधान न्यूज,* https:// samadhannews.com/news/2020/02/20/13863/ ।

काफ्ले, राकेश (२०५९). "नेपाली महिलामाथि घरेलु हिंसा". *विकास मञ्च.* काठमाडौँ : नेपाल सरकार ।

क्षितिज, महेश (२०७१). *व्यावहारिक समालोचनाका केही आयाम.* काठमाडौँ : दीक्षान्त प्रकाशन ।

गड्तौला, नारायणप्रसाद (सन् २०१९). 'नेपाली कवितामा नारी चेतना'. *त्रिभुवन युनिभर्सिटी जर्नल.* वर्ष ३३. अङ्क २. डिसेम्बर. कीर्तिपुर : केन्द्रीय क्याम्पस ।

गौतम, विश्वनाथ (२०७२), 'पारिजातका उत्तरार्द्ध भागका कथामा पात्रविधान'. अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध. कीर्तिपुर : त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

ढकाल, रजनी (२०७०). *भृकुटी* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९). काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन ।

त्रिपाठी, सुधा (२०६९). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन ।

निहारिका, नीलम कार्की (२०७४). *योगमाया.* काठमाडौँ : नेपालय प्रकाशन ।

.............................. (२०७३). "सुमनसँग कुराकानी (अन्तर्वार्ता)" *कान्तिपुर.* https://www.enepalese.com ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, दीपककुमार (२०७१). 'रूपमती उपन्यासको लैङ्गिकता'. अप्रकाशित दर्शनाचार्य तह शोधप्रबन्ध. कीर्तिपुर : त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स (२०६४). *मार्क्स एङ्गेल्स रचनासङ्ग्रह भाग तीन* (दो.सं.). काठमाडौँ : ऐरावती प्रकाशन ।

मिलेट, केट (सन् १९७०). *सेक्सुअल पोलिटिक्स.* न्युयोर्क : डबल डे ।

मिश्र, मिरा र विन्दु पोखेल (२०६७). *लैङ्गिक अध्ययन.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

लुइटेल, खगेन्द्रप्रसाद र मोहनराज शर्मा (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौ.सं.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, तिलकप्रसाद (अनु. २०६९). *मनुस्मृति.* काठमाडौँ : पैरवी प्रकाशन ।

शाह, जितबहादुर (२०७७). "योगमाया र मेरो नियति". *नयाँ युगबोध.* पृ. २ (वैशाख २६) ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति स्रष्टा र सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन,।

........................ (सन् २०१८). "उपन्यासले भारी जिम्मेवारी बहन गर्दछ". *काठमाडौँ पोष्ट.* (सेप्टेम्बर १) ।

*काठमाडौँ पोष्ट* (सन् २०१८). "कार्की एवार्डेड मदन पुरस्कार फर *योगमाया*". (अगस्त २८), https://kathmandupost.com › miscellaneous › ।